कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.com.np
• वर्ष २५ • अं
• FRIDAY, 20 DECEMBER 2019 • शुक्रबार, पुस ०४, २०७६ • पृष्ठ ३२ • मूल्य रु. १५/-

२१ पृष्ठको विशेष सामग्री



ग्राफिक्स : रामेश्वर श्रेष्ठ

# मुठ्ठीमा मेडल

## १० खेलाडीका सफलताका कथा



## जुम इन

# म:म बेच्ने गायक


कृष्ण भट्टराई

हरेक साँझ पाँच-छ बजेपछि नयाँ बानेश्वरको पानी ट्यांकीबाट अनामनगरतर्फ मोडिने मोडमा पुगियो भने एक हेन्डसम युवक ठेलागाडाको पछिल्तिर उभिएर ग्राहकहरूलाई म:म बनाउँदै बेच्दै गरेको देख्न पाइन्छ। अग्लो कद, कर्ली कपाल पालेका सुकिला-मुकिला उनी ठेलागाडामा ग्राहकलाई बेच्ने म:म आफैं बनाइरहेका हुन्छन्। ग्राहककै रोजाइमा आलुचप, ड्रमस्टिक, ससेज पनि पस्किरहेका हुन्छन्। ठेलागाडाको वरपर युवा-युवतीहरूको भीडभाड देखिन्छ। त्यो दृश्य राति करिब १० बजेसम्म निरन्तर देख्न पाइन्छ।

त्यसरी ठेलागाडामा म:मसहितका स्ट्रिट फुडहरू बेच्ने यी युवक हुन्– कपिल पौडेल। मेघौली, चितवनका २५ वर्षीया कपिल कुशल गायक पनि हुन् भन्ने कुरा थाहा पाउनेहरू त उनको स्ट्रिट फुडका नियमित पारखी समेत छन्। युवा-युवतीमाझ 'म:म बेच्ने गायक' को उपनामले समेत चिनिएका कपिलले नयाँ बानेश्वरमा त्यसरी म:म बेच्न थालेको दुई पुगेर तीन वर्ष लागेको छ। त्यहाँ म:म बेच्दाबेच्दै कपिलले झन्डै एक दर्जनजति गीत रेकर्डसमेत गरिसकेका छन्। तीमध्ये एउटा गीत त चलचित्र 'हिरो नम्बर वान' का लागि पनि गाएका छन्। उनलाई त्यसरी गायनको बाटो देखाउने व्यक्ति भने गायक तथा संगीतकार मनोजराज शिवाकोटी हुन्।

कपिलको पारिवारिक पृष्ठभूमि भने त्यति सम्पन्न छैन। आर्थिक अभावकै कारण उनले चितवनमा प्लस टु अध्ययन गर्दा नै नारायण र राप्तीमा बेल्चा चलाएर ट्याक्टरमा बालुवा र गिट्टी उचाले। उनले चितवनमा केही महिना संगीतको प्रशिक्षणसमेत लिए। त्यही बेला संगीतमै संघर्ष गरिरहेका गंगाराम आचार्यसँग उनको चिनजान भएको थियो। पाँच वर्षअघि प्लस टु उत्तीर्ण गरेपछि दुबई जानका लागि काठमाडौं आएका उनी समयमा भिसा नआएपछि बागबजारको एउटा होटलमा वेटरका रूपमा काम गर्न थाले।

काठमाडौं आएपछि संगीतको प्रशिक्षण लिनका लागि गायक तथा संगीतकार शिवाकोटीको मुर्छना संगीतालयलाई छाने। लामो समयसम्म भिसा नआएपछि उनले पासपोर्ट फिर्ता मागे। विडम्बना, बागबजारको आफैंले काम गर्ने होटलबाट उनको पासपोर्ट हरायो। त्यसपछि उनले विदेश जाने सपनालाई सधैंका लागि पूर्णविराम लगाए। संगीतकार शिवाकोटीले उनको गला (स्वर) को लेभल पत्ता लगाइसकेका थिए, आफ्नै शब्द र संगीतमा पहिलो गीत रेकर्डिङ गर्ने मौका दिए, जसको बोल थियो– 'पुरानो प्रेमपत्र' (युट्युबमा उपलब्ध छ)।


तस्बिर : नवराज बाग्ले

कपिल हाई स्केलका गीतहरू सहजै गाउन सक्छन्। उनी गायक शिव परियारका फ्यान हुन्।

संगीतकार शिवाकोटीकै सल्लाहमा उनले वेटरको काम छाडेर नयाँ बानेश्वरमा ठेलागाडामा म:म बेच्ने निर्णय गरे। उनले बिहान-बिहान संगीतको प्रशिक्षणलाई पनि निरन्तरता दिए भने जीविकोपार्जनका लागि हरेक साँझ ठेलागाडामा म:म बेच्ने कार्यलाई पनि निरन्तरता दिइरहे।

यो अवधिमा उनको सांगीतिक यात्राले पनि गति लिने मौका पाएको छ। उनले विभिन्न संगीतकारको संगीतमा करिब एक दर्जन गीत रेकर्ड गराइसकेका छन्। तीमध्ये एउटा गीत चलचित्रका लागिसमेत गाएका छन्। अघिल्लो वर्ष उनले गाएको एउटा गीत युट्युबमा भाइरल नै भयो। आफ्नै संगीतको 'साला काठमाडौं...' शीर्षकको उक्त गीत झन्डै चार लाख पटक हेरिएको छ। 'मैले रेकर्ड गरेका केही गीत सार्वजनिक हुनै बाँकी छन्,' कपिल भन्छन्– 'गीत, म्युजिक भिडियोका लागि प्रशस्त पैसा लाग्छ, आर्थिक अभावकै कारण मेरा कतिपय सिर्जना त्यसै थन्किएका छन्।' पहिलो संस्करणको नेपाल आइडलमा अडिसन दिए पनि पहिलो चरणबाटै बाहिरिएका कपिलले म:म बेचेरै भए पनि भविष्यसम्म नै संगीतको प्रशिक्षण तथा संगीत सिर्जनालाई निरन्तरता दिने अठोट गरेका छन्। कपिल भन्छन्– 'जीविकोपार्जनकै लागि विदेश जाने निर्णय सधैंका लागि रोकिसकेको छु, नेपालमै रहेर नेपाली गीत-संगीतको सिर्जनामै तल्लीन भइरहनेछु।' निकट भविष्यमै उनले 'कपल अफ द इयर...' मार्फत श्रोता तथा दर्शकमाझ आउने सुखद समाचार पनि सुनाएका छन्। त्यसका लागि उनी मंसिर-पुसको चिसा रातमा १० बजेसम्मै सडक किनारमा उभिएर म:म बेच्न मानसिक तथा शारीरिक रूपमा तयार भइसकेका छन्।

# यो साताको राशिफल


रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

पुस ५ गते
दिशीपूजात

पुस ६ गते
सफला एकादशी

पुस ९ गते
क्रिसमस

पुस १० गते
खण्डग्रास सूर्यग्रहण

### मेष

दैनिक कार्य ओझेलमा पर्न सक्छन्। त्यसमा तदारुकताको जरुरत पर्नेछ। तपाईंबाट साथीहरूले आर्थिक सहयोग तथा सापटीको अपेक्षा राखेका छन्। साताको अन्त्यमा विशिष्ट व्यक्तिसँगको भेटघाटले नौला कुरा सिक्ने अवसर जुटाउनेछ। पहेंलो वस्त्रको पहिरनबाट उन्नतिको मार्ग पहिल्याउन सहज हुनेछ।

### वृष

इच्छाएको जिम्मेवारी प्राप्त हुँदा थप मेहनतको खाँचो पर्नेछ। विपक्षीले आफ्ना त्रुटि औंल्याउन सक्छन्। सकारात्मक रूपमा कमजोरीलाई आत्मासात् गर्न सके उचाइमा पुगिनेछ। विदेश भ्रमणमा सहभागी हुँदा अवसर र चुनौती दुवै आइलाग्न सक्छ। खराब नियत भएकाहरूबाट टाढै रही प्रतिष्ठा जोगाउने प्रयास गर्नुहोला।

### मिथुन

होस नपुऱ्याई निर्णय गर्दा ससाना कुरामा आलोचित हुनुपर्नेछ। त्यसले आफ्नो मर्यादामा चोट पुग्न सक्छ। नयाँ अवसरमा प्रतिस्पर्धा गर्दा सफलता हात पर्न सक्छ। कर्मचारी वर्गले यो साता विशेष ध्यान पुऱ्याउनुपर्नेछ। नयाँ मित्रहरू आफूप्रति आकर्षित हुँदा संयमता तथा बोलीको मधुरताले नै उचाइमा पुऱ्याउनेछ।

### कर्कट

साताको सुरुका दिनहरू मनोरञ्जक हुनेछन्। मध्यतिर घरायसी तथा अफिसयल दुवैतर्फको बोझिलो कार्यभार आइलाग्न सक्छ। पारिवारिक सदस्यहरूले मन दुखाइमा हेक्का राखी साथ दिएमा उचित हुनेछ। सवारी साधन खरिद गर्ने अवसर जुट्ने सम्भावना छ। साताको अन्त्यमा चिसोबाट टाढै रहँदा बेस हुनेछ।

### सिंह

साथीहरूसँग भ्रमणमा रमाउँदा खर्चको भार थपिनेछ। अभिभावकको वचन परिवर्तनले मनमा चोट पुग्न सक्छ। नम्र भई जिम्मेवारीबोध गर्दा अवसरले उचाइमा पुऱ्याउनेछ। शारीरिक आलस्यताले महत्त्वपूर्ण काम छुट्न सक्छ। खानपान तथा भोजभतेरमा सामेल हुँदा स्वास्थ्यप्रति ख्याल गर्नुपर्नेछ।

### कन्या

अधुरा चाहना पूरा गर्ने समय आएको छ। आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। रोकिएका कार्यहरूको गाँठो फुक्ने सम्भावना छ। कुनै कार्य सम्पन्न गर्दा ढिलाइ नगर्नुहोला, पछि परिनेछ। साताको अन्त्यमा प्रेमिकाले नयाँ प्रस्ताव राख्ने सम्भावना छ। सवारी साधन चलाउँदा संयमता अपनाउनुपर्नेछ।

### तुला

प्रलोभन देखाउनेहरूसँग सचेत रहनुहोला। प्रतिफल हात पार्न ठूलै प्रयत्न गनुपर्नेछ। सोचेजस्तै नतिजा प्राप्त गर्न इँटा रंगको पहिरन रोज्नुहोला। वृद्धवृद्धा तथा अपांगहरूको सेवाले प्रतिष्ठा प्रदान गर्नेछ। मेहनत गरी रचनात्मक कार्य गर्दा अरूको मन जित्न सकिनेछ। जोडी नम्बरको सवारी साधन चलाउँदा सहज महसुस हुनेछ।

### वृश्चिक

आफ्नो नामबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। सोमबारदेखि शुभचिन्तकहरूको साथ र सहयोग जुट्नेछ। जीवनशैलीमा परिवर्तन ल्याउन लगनशीलताको जरुरत पर्नेछ। अभिव्यक्ति कलामा निखार आउनुका साथै सिर्जनशील रचनाले धेरैको मन लोभ्याउन सकिनेछ।

### धनु

कार्यमा ढिलाइ भए पनि सही मार्ग पहिल्याउन सकिनेछ। मेहनत गर्दा धन आर्जन गर्न सकिनेछ। कला तथा साहित्यमा मन रमाउनेछ। बोलीको प्रभावले अरूलाई मन्त्रमुग्ध बनाउन सकिनेछ। हठ गर्ने बानीले परिवारमा मनमुटाव ल्याउन सक्छ। परिस्थितिलाई बेवास्ता गर्दा व्यावहारिक झमेला आइलाग्न सक्छ।

### मकर

रचनात्मक काम गरेर पुरानो पद्धतिमा सुधार ल्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। पैतृक सम्पत्तिको उपयोग गरी थप फाइदा उठाउन सकिनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धनसमेत कसिन सक्छ। सेतो पहिरन अवलम्बन गर्दा सानो मेहनतले सही मार्ग पहिल्याउन सहज हुनेछ।


### कुम्भ

सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका आइलाग्न सक्छ। साथीसंगीमाझ चर्चित भइनेछ। स्वदेशमै नयाँ अवसर हात लाग्ने सम्भावना छ। बोलीमा थप प्रभाव पार्न सुनौलो रंग हितकर हुनेछ। मनोरञ्जनमा सहभागी हुँदा चिसोको ख्याल राख्नुपर्नेछ। घरायसी व्यवहारबाट टाढै रहनु उचित हुनेछ।

### मीन

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। प्रेमको गाँठो कसिन सक्छ। अध्ययनका लागि विदेश जाने प्रक्रिया अघि बढ्न सक्छ। आर्थिक पक्ष सबल रहनुका साथै भौतिक सुखका साधन जुट्नेछन्। आफ्नाका लागि गरिएको प्रयत्नले दिगो फाइदा दिलाउनेछ। स्वादिष्ट भोजनको आनन्द पाइनेछ।

कान्तिपुर गाथा



किशोर नेपाल

# घुम्न त जाऔं, तर कता जाने ?



तस्बिर : नवराज बाग्चे

> अहिलेको भौतिक पूर्वाधार, खासगरेर हवाइ र सडक यातायात, को अपर्याप्त स्थितिले यो लक्ष्य पूरा हुन दिँदैन कि भन्ने आशंका छँदैछ । तोकिएको राष्ट्रिय लक्ष्य पूरा हुन सक्यो भने त्यो सबै नेपालीका लागि सुखद हुने निश्चित छ ।

२० लाख पर्यटक भित्र्याउने सपना बोकेर सन् २०२० नेपाली पर्यटन व्यवसायको संघारमा आइसकेको छ । देशमा २० लाख पर्यटक भित्रिएलान् कि नभित्रिएलान् ? यो बेग्लै प्रश्न हो । २० लाख पर्यटक भित्र्याउनका लागि सरकारले के गरेको छ ? व्यवसायीहरूले के गरेका छन् ? यो व्यावसायिक लक्ष्य हासिल गर्न जनतासँग कस्तो सहयोगको अपेक्षा गरिएको छ ? यी प्रश्न २० लाख पर्यटक ल्याउने सपनासँग मात्रै गाँसिएका छैनन् । थोरैमा पनि आगामी २० वर्षसम्म सरकारले यिनै प्रश्नको सेरोफेरोमा रहेर आफ्नो कार्यनीति बनाउनुपर्छ । पर्यटनमन्त्री योगेश भट्टराईलाई थाहै होला, देशलाई एउटा ब्रान्डका रूपमा प्याकेजिङ गरेर विश्व रंगमञ्चमा प्रस्तुत नगरेसम्म पर्यटन व्यवसाय मौलाउन सक्दैन । फोर्ब्स म्यागाजिनको कुनै एउटा अंकमा अथवा बीबीसी प्रसारणको कुनै एक टुक्रामा नेपालको पर्यटनका बारे केही राम्रा कुरा छापिँदा त्यसले राम्रो सन्देश प्रवाहित गर्छ । तर, त्यति नै पर्याप्त हुँदैन हाम्रा लागि ।

यो साता 'दि न्युयोर्क टाइम्स' ले आफ्नो अन्तर्राष्ट्रिय संस्करणमा प्रकाशित गरेको एउटा लेखमा स्पष्ट गरिएको छ : हिंसात्मक द्वन्द्वमा गाँजिएर तहस-नहस भएका तीन राष्ट्र कोलम्बिया, रुवान्डा र क्रोएसियालाई कसरी पर्यटन ब्रान्डका रूपमा प्रस्तुत गरियो र ती राष्ट्र कसरी पर्यटक आकर्षणको केन्द्र बने ? २० वर्षअघिसम्म कोलम्बिया लागू पदार्थका व्यापारीहरूको प्रभावमा थियो । अर्द्ध-सैनिक दस्ताले गर्ने नरसंहार, छापामारद्वारा नियमित हुने अपहरण, 'डेथ स्क्वाडले गर्ने हत्या र सडक अपराधबाट आक्रान्त थियो त्यो देश । युद्धले आक्रान्त क्रोसिएयाको अवस्था पनि त्यस्तै थियो । मानिस साह्रै साहसिक नभएसम्म क्रोएसिया पस्ने हिम्मत गर्दैनथ्यो । रुवान्डामा चलेको गृहयुद्ध उत्तिकै हृदयविदारक थियो । पीडितका लागि सहायता लिएर पुगेका विदेशीहरू एयरपोर्टको सीमाबाहिर जान डराउँथे ।

यी देशहरूमा बिस्तारै हिंसात्मक द्वन्द्वको अवस्था अन्त्य हुँदै गयो । पूर्वाधारहरूको पुनर्निर्माण हुन थाल्यो । जनता जुर्मुराए । त्यसपछि मार्केटिङ र सोसल मिडियाको प्रयोगले विकासका काममा भएका प्रगति देखाइयो । यो प्रयत्न सफल भयो । अहिले यी तीनवटै देशमा पर्यटकको ओइरो लाग्ने गरेको छ । कोलम्बियामा ३० लाखभन्दा बढी पर्यटक पुगेका थिए २०१७ मा । क्रोएसियामा २०१८ मा १ करोड ९७ लाख पर्यटक पुगेका थिए भने २०१७ मा १५ लाख पर्यटकले रुवान्डा भ्रमण गरेका थिए ।

हाम्रो विगत पनि डरलाग्दो छ । हामीले दस वर्ष लामो जनयुद्ध भोगेका छौं । हामी विगतबाट भागेर कहीं पुग्न सक्दैनौं । मानिसमा वर्तमान र भविष्यका लागि केही न केही उद्यम गर्नैपर्छ भन्ने चेतना नआएसम्म सरकारले मात्रै गर्न सक्ने केही छैन । तर, हामीकहाँ सरकारले निकै बठ्याइँ देखाउँछ । पर्यटनमन्त्री भट्टराईले पद बहाली गर्नुभएको धेरै भएको छैन । उनलाई थाहा भइसक्यो होला, नेपालको कर्मचारी तन्त्रमा लटपट्याउने प्रवृत्ति एकदमै बढी छ । हामीले जति कुरा गरे पनि, हामीसँग पर्यटन विकासका लागि पर्याप्त पूर्वाधार छैन । हामी होटल र होम स्टेको छाना गनेर यति भए भइहाल्यो नि भन्ने मानसिकता राख्छौं । सरकार पर्यटन व्यवसायीका समस्यामा पनि संवेदनशील छैन । कति पर्यटन व्यवसायी ऋणमा फसेका छन् । कति व्यवसायी सामाजिक समस्यामा जेलिएका छन् । यतातिर सरकारको ध्यान जान सकेको छैन ।

यो कुरा धेरैले धेरै पटक धेरै भाषामा लेखिसकेका छन्, सहर कान्तिपुर झमक्क साँझ नपर्दै सुनसान भइसकेको हुन्छ । यस्तो वातावरण भएको देशमा कुस्त पैसा तिरेर म्यारिअट होटलमा बस्ने पर्यटकले के गरोस् ? कमलपोखरीको पानीमा टल्किएको जून हेरेर चित्त बुझाओस् ? उपत्यका संस्कृतिको विशाल भण्डार हो । यहाँका मन्दिर, चोक र डबलीहरूमा सांस्कृतिक गतिविधि गर्न नसकिने होइन । तर, मानिसलाई उत्प्रेरित गर्ने कसले ? यहींनिर चाहिन्छ राजनीति गर्ने नेतृत्वको कल्पनाशीलता । पर्यटन मन्त्रीले आफैं चाख र चासो लिएर, अहिलेकै पर्यटन वर्षका अवसरमा, उपत्यकालाई सांस्कृतिक गतिविधिको केन्द्र बनाउन सके पर्यटकहरूको आकर्षणको केन्द्र बन्ने छ, यो ठाउँ । पर्यटन वर्षलाई हामीले वार्षिक महोत्सवका रूपमा लिन सक्नुपर्छ । त्यसो भएमात्र यसको सन्देश देशभरि पुर्‍याउन सकिनेछ । पर्यटन वर्षको सन्देश प्रदेश र स्थानीय सरकारको तहसम्म पुर्‍याए मात्र पर्यटन वर्ष सफल हुनेछ । अहिलेको भौतिक पूर्वाधार, खासगरेर हवाइ र सडक यातायात, को अपर्याप्त स्थितिले यो लक्ष्य पूरा हुन दिँदैन कि भन्ने आशंका छँदैछ । तोकिएको राष्ट्रिय लक्ष्य पूरा हुन सक्यो भने त्यो सबै नेपालीका लागि सुखद हुने निश्चित छ ।

समाचार

# च्यारिटीका लागि रिसाइकल फेसन शो

पुसको पहिलो साँझ काठमाडौंमा एउटा पृथक शैलीको फेसन शो आयोजना गरियो । नक्सालस्थित होटल म्यारिएटमा दि क्लोथ बैंकले आयोजना गरेको 'अ वाक फर वार्मथ् फेसन शो' को मुख्य उद्देश्य रिसाइकल पहिरनहरूको प्रदर्शनीका साथै पर्सा जिल्लाका दलित समुदायका लागि न्याना कपडाहरू च्यारिटी गर्नु थियो ।

फेसन शोमा विभिन्न फेसन डिजाइनिङ कलेजका विद्यार्थीहरूले तयार पारेका रिसाइकल ड्रेसहरूलाई विभिन्न मोडलहरूले र्‍याम्पमा प्रस्तुत गरेका थिए । आस्था पोखरेल, भावना कलवानी, करिष्मा श्रेष्ठ, निलम चन्द, परमिता राणा, प्रेक्षा बज्राचार्य, रोशनी कार्की, सविता कार्की तथा शुभेच्छा खड्काले तीन भिन्न सिक्वेन्समार्फत रिसाइकल पहिरनहरू प्रस्तुत गरेका थिए । पार्टी नेपालका प्रवन्ध निर्देशक श्री गुरुङले फेसन शोको मुख्य उद्देश्य प्रयोग भइसकेका लुगाहरूलाई पुनः अर्को डिजाइनमा तयार पारी नयाँ लुक्सका साथ लगाउन सकिन्छ भन्ने प्रमाणित गर्नु रहेको बनाए । कोरियोग्राफर प्रशान्त ताम्राकारले अरू फेसन शोभन्दा पृथक हुनुका साथै यसले प्रयोग लुगालाई पुनः रिसाइकल गरी लगाउँदा पैसादेखि वातावरण प्रदूषणमा समेत सहयोग पुग्ने बताए ।


अहिले काठमाडौंका विभिन्न स्थानहरूमा क्लाथिङ बैंकहरू राखिएका छन् । जहाँ जसले पनि आफ्ना लुगाहरू च्यारिटीमा राख्न सक्छ र आवश्यक व्यक्तिहरूले छानीछानी लुगा लगाएर जान सक्छन् । हामीले गरेनौं भने कसले गर्छ भन्ने भावनाबाट प्रेरित भई आफू पनि यस च्यारिटी कार्यक्रममा सहभागी भएको बताउँदै मोडल तथा भिज शुभेच्छा खड्का भन्छिन्- 'हामी एउटै लुगा धेरै पटक लगाउन खोज्दैनौं र फ्याल्छौं, तर यसरी रिसाइकल गरी रिफेसनका रूपमा पहिरन तयार पारेर लगाउन जानियो भने एउटा लुगा पनि धेरै किसिमबाट नयाँ तरिकाल लगाउन सकिने रहेछ । अपट्रेण्डलीका अप्रेसन म्यानेजर निरनित तण्डुकारका अनुसार फेसन शोबाट संकलित रकम र च्यारिटी गरेका कपडहरूले गरिब बस्तीमा न्याना कपडा, सिरक-डसनाहरू हप्ता दिनभित्रै बस्तीमा पुर्‍याउने सोच छ ।



तस्बिर : महेश प्रधान

समाचार

# यस्तो रह्यो नेसनल म्युजिक एवार्ड–२०१९


तस्बिर : महेश प्रधान

गत शुक्रबार साँझ काठमाडौंमा सम्पन्न एउटा भव्य सांगीतिक समारोहमा नेपाली संगीतकर्मीहरूलाई यो वर्षको नेसनल म्युजिक एवार्ड प्रदान गरिएको छ । रेडियो कान्तिपुरको यो वार्षिक कार्यक्रममा पछिल्लो एक वर्षभरि रेडियोबाट प्रसारण भएका गीतहरूका आधारमा उत्कृष्ट गीत तथा ती गीतका सर्जकहरूलाई पुरस्कृत गरिएको हो ।

समारोहमा गायक प्रेमध्वज प्रधानलाई लाइफ टाइम एचिभमेन्ट एवार्डद्वारा सम्मान गरियो । रेडियो कान्तिपुरको २१ औं वार्षिकोत्सवको अवसर पारेर होटल सोल्टी काउन प्लाजामा आयोजित उक्त समारोहमा गायक प्रधानलाई १ लाख रुपैयाँ नगद तथा ताम्रपत्रसहित सम्मान गरिएको हो । विगत सात दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा निरन्तर सक्रिय रहँदै आएका गायक प्रधानले आधुनिक, लोक, भजन, फिल्म र नेपाल भाषाका गरी ७ सयभन्दा बढी गीतमा स्वर तथा संगीत दिइसकेका छन् । समारोहमा गायक प्रधानको सम्मानमा कर्मा ग्याल्जेन बम्जन, सन्तोष लामा तथा अजर जंगमले उनका लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए ।

नेसनल म्युजिक एवार्डमा अघिल्लो वर्ष प्रकाशित भएका गीतहरूमध्येबाट विधागत उत्कृष्टलाई पुरस्कृत गरिएको हो । समारोहमा सांगीतिक क्षेत्रका उत्कृष्ट गायक, गायिका तथा सर्जकहरूसँगै रेडियो कान्तिपुरलाई वर्षभरि सबैभन्दा धेरै विज्ञापन दिने उत्कृष्ट तीन विज्ञापन एजेन्सीमा मिडिया सेन्स पहिलो, एड रिलिज दोस्रो र थम्सन नेपाल तेस्रो भएर सम्मानित भएका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहियाले रेडियो कान्तिपुर निजी क्षेत्रबाट स्रष्टालाई रोयल्टी दिने पहिलो संस्था हुन पाएकोमा खुसी व्यक्त गर्दै यसपटकदेखि साबिकको १० रुपैयाँ रोयल्टी बढाएर १५ रुपैयाँ पुऱ्याइएको घोषणा गरे । देशभर ८० प्रतिशत भूभागमा सेवा विस्तार गरेको रेडियो कान्तिपुर झन्डै २५ लाख श्रोताको पहुँचमा रहेको जानकारी दिँदै अध्यक्ष सिरोहियाले रेडियो कान्तिपुरको वेब साइटलाई परिष्कृत र परिमार्जन गर्दै सामाजिक सञ्जालमा समेत बलियो उपस्थिति जनाउने बताए ।

रेडियो कान्तिपुरकै आरजेहरूद्वारा सञ्चालित कार्यक्रममा विभिन्न गायक–गायिकाले सांगीतिक प्रस्तुतिसमेत दिएका थिए । सारेगमप लिटिल च्याम्सको उत्कृष्ट ५ मा पुग्न सफल दुई बालगायक प्रितम आचार्य तथा आयुष केसीको युगल गायनबाट प्रारम्भ भएको समारोहमा प्रकाश सपुत र शान्तिश्री परियारले गलबन्दी गीत प्रस्तुत गरेर उपस्थित दर्शकहरूको मन जितेका थिए भने बबिन प्रधान, भीम तुलाधर, दिपेशकिशोर भट्टराई, त्रिशाला गुरुङ तथा महेश काफ्लेले पनि आफ्नो प्रस्तुति दिएका थिए । कार्यक्रममा हास्य अभिनेता राजा राजेन्द्रले सांगीतिक क्षेत्रकै विषयमा आधारित व्यंग्य कस्दै उपस्थित दर्शकहरूलाई हँसाएका थिए ।

### यी हुन् विजेता

| | |
|---|---|
| **उत्कृष्ट पार्श्व गायन (पुरुष)–** | रुपक डोटेल (वनकी चरी) |
| **उत्कृष्ट पार्श्व गायन (महिला)–** | प्रविशा अधिकारी (जिन्दगी नै) |
| **उत्कृष्ट पप गायन (पुरुष)–** | प्रताप दास (अलि अलि) |
| **उत्कृष्ट पप गायन (महिला)–** | समृद्धि राई (म दामी छु) |
| **उत्कृष्ट आधुनिक गायन (पुरुष)–** | सुमनकुमार श्रेष्ठ (जिस्क्याउँथें म) |
| **उत्कृष्ट आधुनिक गायन (महिला)–** | संगीता राना प्रधान (सम्भनामा नआऊ) |
| **उत्कृष्ट लोकगीत (पुरुष)–** | सालको पात (कुलेन्द्र विक) |
| **उत्कृष्ट लोकगीत (महिला)–** | मुखैमा चिनी (सुनिता दुलाल) |
| **पिपुल्स च्वाइस एवार्ड–** | गलबन्दी (प्रकाश सपुत र शान्तिश्री परियार) |
| **उत्कृष्ट युगल गायन–** | कर्के नजर (सञ्जीव पराजुली र टीका प्रसाईं) |
| **उत्कृष्ट ब्यान्ड–** | मन्त्र ब्यान्ड (लाहुरे) |
| **उत्कृष्ट संगीत निर्देशक–** | कर्मा ग्याल्जेन बम्जन (बाबाको टोपी) |
| **उत्कृष्ट राष्ट्रिय गीत–** | चितमान गुरुङ (नबिर्स है) |
| **उत्कृष्ट गीतकार–** | वीरेन्द्र पाठक (कस्तो हाल) |
| **उत्कृष्ट नवगायक–** | विक्रम बराल (कस्तो दूरी) |

# किम्फमा पियानो टु झंस्कर उत्कृष्ट




काठमाडौंमा सम्पन्न अन्तर्राष्ट्रिय पर्वतीय फिल्म महोत्सव (किम्फ) को १७ औं संस्करणमा जोस्ट भानले बनाएको 'ड्रीम्मेल्यान्ड' उत्कृष्ट साहसिक पर्वतीय फिल्म बन्न सफल भएको छ ।

अघिल्लो बुधबारदेखि राजधानीमा आयोजित यो महोत्सव पाँच दिनसम्म सञ्चालन भएको थियो ।

राष्ट्रिय सभागृहमा हिमश्रृंखला भएका देशहरूले निर्माण गरेका पर्वतीय विषयवस्तुमा आधारित डकुमेन्ट्रीहरू पर्वतारोहण, पर्वतीय समाज, संस्कृति, पर्वतीय जीवनशैली तथा खेलकुदका विषय प्रदर्शन गरिएको थियो ।

महोत्सवमा तेन्जिङ नोर्गे शेर्पा तथा एडमन्ड हिलारीले सगरमाथा चढेको एक सय वर्ष पूरा भएको अवसरमा दुईवटा वृत्तचित्रसमेत देखाएका थिए, जसमा हिलारीको जीवनकथामा आधारित वृत्तचित्र द एसेन्ट अफ एभरेस्ट र ओसन टु स्काई देखाइएका थिए । त्यस्तै महोत्सवमा अरोरी लरेन्टले निर्देशन गरेको चलचित्र 'ग्राउलिङ माउन्टेन' ले नेपाली समाजमा हेभी मेटल गीतको विकास र अवस्थाका बारेमा चित्रण गरेको थियो भने फ्रेन्च नागरिक डेनिस पौलेद्वारा खिचिएका नेपालका ४० वर्ष पुराना तस्बिरहरूसमेत प्रदर्शनीमा राखिएको थियो । महोत्सवमा ३९ देशका ७९ वटा चलचित्रहरू प्रदर्शन गरिएको थियो, जहाँ १७ वटा चलचित्र प्रतिस्पर्धात्मक खण्डमा, ३२ वटा फिल्म गैर–प्रतिस्पर्धात्मक खण्डमा समावेश गरिएको थियो । त्यस्तै महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा 'नेपाल पानोरामा' अन्तर्गत उत्कृष्ट हुने कथानक (फिक्सन) र गैर–कथानक (ननफिक्सन) चलचित्रलाई पुरस्कारको व्यवस्था गरिएको थियो ।

किम्फमा यो वर्ष अन्तर्राष्ट्रिय प्रतिस्पर्धातर्फ बेलायतको 'पियानो टु झंस्कर' उत्कृष्ट चलचित्र साबित भयो । ८६ मिनेटको यो चलचित्रले विभिन्न १६ देशका चलचित्रलाई उछिन्दै २ लाख रुपैयाँ पुरस्कार जित्न सफल भयो । चलचित्रमा माइकल सुलिमाको सम्पादन र निर्देशन थियो ।

चलचित्रमा ६५ वर्षीय एक पियानोवादकले अर्को एक सहयोगीको साथमा पुरानो र नयाँ गरी २ पियानो बोकेर लन्डनदेखि भारतको एक दुर्गम हिमाली गाउँसम्मको सांगीतिक यात्रामा निस्केँदाको वृत्तान्तलाई समावेश गरिएको छ ।

'जर्नी टु द सेन्टर अफ द हर्ट'अन्तर्राष्ट्रिय प्रतिस्पर्धातर्फ दोस्रो भयो । कलानी जाकोन एक्लैले सोलोरूपमा निर्देशन, छायांकन तथा सम्पादन गरेको चलचित्रले १ लाख ५० हजार रुपैयाँ प्राप्त गऱ्यो । यो चलचित्रमा निर्देशक जाकोनले ९ जना भिन्न–भिन्न विदेशीका कथा प्रस्तुत गरेका छन् । ८० मिनेटको चलचित्रमा पात्रहरूको बसाइँसराइका मुख्य कारणहरूलाई चित्रण गरिएको थियो, जसमा राजनीतिक हिंसाका कारण, करियर तथा आफ्नो प्रेमीका लागि उनीहरू नेपाल आएको कथा देखाइएको थियो । त्यस्तै प्रतियोगितामा मार्गा गुटेरिजको चलचित्र 'रोप्स' ले तेस्रो भयो । ३० मिनेटको स्पेनको यो चलचित्रले १ लाख रुपैयाँ प्राप्त गरेको थियो ।

नेपाल पानोरामाअन्तर्गत निर्देशक केदार श्रेष्ठको 'जुनको जुत्ता' उत्कृष्ट कथानक (फिक्सन) चलचित्र घोषित भयो । १२ मिनेटको यो चलचित्रमा निर्देशक श्रेष्ठले ५ वर्षीया बालिकाको दायाँ र बायाँ छुट्याउन नसक्ने समस्यालाई विषयवस्तु बनाएका छन् । चलचित्र अवधिभर बालिकाले देब्रे र दाहिने जुत्ता चिनेर उल्टो गरी लगाएको र अन्तिममा उनी आफैंले देब्रे–दाहिने चिन्न पत्ता लगाएको तरिकालाई रोचक ढंगले प्रस्तुत गरिएको थियो । योसँगै चलचित्रले १ लाख र ७५ हजार रुपैयाँ प्राप्तसमेत गरेको थियो ।

गैरकथानक (ननफिक्सन) मा भने प्रणवनारायण मानन्धरको 'पोट्रेड अफ माने' मा उत्कृष्ट चलचित्र ठहरियो । ९ मिनेटको यो चलचित्रमा निर्देशक मानन्धरले मदिरा र मानिसको इमोसन्सलाई प्रस्तुत गरेका छन् । यो चलचित्रले पनि १ लाख र ७५ हजार रुपैयाँ पायो ।

महोत्सवमा ३ मिनेटका १० वटा छोटो चलचित्रसमेत प्रदर्शन गरिएको थियो । 'परिवर्तित नेपाल' नाम दिइएको उक्त चलचित्रमा निर्देशक नवविजय प्रकाश श्रेष्ठको 'एकता' पहिलो, जयन्ती कुँवरको 'अल्टर द चेन्ज' दोस्रो तथा दीपक सुब्बाको 'द रेड स्काफ' तेस्रो भयो । यी तीनवटा चलचित्रले क्रमशः ४० हजार, ३० हजार तथा २० हजार रुपैयाँ प्राप्त गरे ।

कार्यक्रम अवधिभर धोंडुप छिरिङले बनाएको चलचित्र 'आमा खान्डो' ले सबैभन्दा बढी हेरिएर 'अडियन्स एवार्ड' जितेको थियो ।

श्रद्धाञ्जली

# अब सम्झनामा मात्र





'नेपाली चलचित्रको व्यावसायिक पक्ष खस्किए पनि चलचित्रका गतिविधिहरूचाहिँ बढिरहेका छन् । स्वदेशदेखि विदेशसम्म नेपाली चलचित्र लक्षित कार्यक्रमहरू भइरहेका छन् । यही सोमबार नै म हेटौंडा हुँदै भैरहवा पुग्दैछु । भैरहवामा चाँडै आयोजना हुने बृहत् चलचित्र महोत्सवको तयारीका बारेमा बुझ्न म त्यता जाँदैछु । भोलि (शनिबार) विकास बोर्डमा निर्देशकको समाजको निर्वाचन हुँदैछ, तपाईं पनि आउनस् है ।'

शुक्रबार राति करिब साढे ९ बजे होटल सोल्टी क्राउन प्लाजामा रेडियो कान्तिपुरको नेसनल म्युजिक एवार्ड समारोहपछि डिनर गर्ने क्रममा चलचित्र विकास बोर्डका अध्यक्ष तथा कलाकार/निर्माता केशव भट्टराईले साप्ताहिककर्मीसँग आफ्नो व्यस्तताका बारेमा यसरी जानकारी गराएका थिए ।

भोलिपल्ट शनिबार उनी चलचित्र विकास बोर्डकै प्रांगणमा सम्पन्न भएको निर्देशक समाजको निर्वाचनमा समेत सहभागी भएका थिए । सर्वसम्मतिले निर्देशक समाजको कार्यसमिति चयन गर्ने प्रस्ताव गरेर बाहिरिएका उनले आइतबारको बोर्डकै बैठकमा भने अघिल्लो दिन निधन भएका चलचित्रकर्मी दीपक क्षेत्रीको अन्त्येष्टिका लागि एउटा निश्चित बजेट छुट्याउने निर्णय गरेका थिए । 'दीपक क्षेत्रीको पूर्ण सम्मान साथ आर्यघाटको एक नम्बर चिता सजाएर अन्त्येष्टि गरिनुपर्छ' बोर्ड अध्यक्ष भट्टराईले बैठकमा यही भनेका थिए । क्षेत्रीको पार्थिव शरीरका लागि चिता बनाउनेदेखि बोर्डकै प्रांगणमा श्रद्धाञ्जली सभा गर्नेसम्मका सम्पूर्ण तयारीका लागि भट्टराईले बोर्डकै कर्मचारीहरूलाई जिम्मासमेत दिइसकेका थिए ।

आइतबार दिउँसो पनि उनले सञ्चारमन्त्री गोकुल बास्कोटासँग बैठक बसेर साँझ ७ बजे बोर्डकै सदस्य नरेन्द्र महर्जनको कीर्तिपुरस्थित घर पुगेका थिए । महर्जनका बुवाको ६ महिनाको पूण्यतिथिको प्रसाद खाएर राति ९ बजेपछि घर फर्किने क्रममा उनी आफ्नै गाडीमै बेहोस भएका थिए । १५ वर्षीया छोरा तथा सवारी चालकले भट्टराईलाई चाबहिलको ओम अस्पताल पुऱ्याउँदा उनको निधन भइसकेको थियो । राति सवा १० बजे अस्पतालले उनको निधन भएको पुष्टि गरिदियो । भट्टराईको पारिवारिक स्रोतले जनाएअनुसार उनी उच्च रक्तचाप तथा मधुमेहका बिरामी थिए । उनका श्रीमती तथा एक छोरा छन् ।

विडम्बना, क्षेत्रीका लागि पूर्वनिर्धारित स्थानमा सोमबार भट्टराईकै श्रद्धाञ्जली सभा सम्पन्न भयो । योभन्दा पनि दुःखद् कुरा के रह्यो भने क्षेत्रीका लागि भनेर सजाइएको आर्यघाटको १ नम्बरको चिता सोमबार दिउँसो भट्टराईकै पार्थिव शरीरले ओगट्यो । कलाकार क्षेत्रीको भने २ नम्बर चितामा राष्ट्रिय सम्मानसाथ दाहसंस्कार गरियो । अध्यक्ष भट्टराई स्वयं क्षेत्रीको श्रद्धाञ्जली सभा तथा अन्तिम संस्कारमा मलामीका रूपमा सहभागी हुने तयारीमा थिए । क्षेत्रीका श्रीमती तथा छोरी विदेशबाट फर्किएपछि सोमबारका दिन आर्यघाटमा अन्तिम संस्कार गरिने तय थियो ।

भट्टराईको निधनपछि चलचित्र क्षेत्र अत्यन्त शोकाकुल बन्न पुगेको छ । उनको निधनपछि आइतबार मध्यरातदेखि नै सामाजिक सञ्जालहरूमा उनलाई श्रद्धाञ्जली दिन थालिएको थियो । सोमबार दिनभरिजसो सामाजिक सञ्जालमा सर्वसाधारणदेखि सेलिब्रेटी र मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले भट्टराईको निधनप्रति दुःखी हुँदै श्रद्धाञ्जली दिइरहे ।

सोमबार दिउँसो राजकीय सम्मानसहित दिवंगत भट्टराई तथा कलाकार क्षेत्रीलाई पशुपति आर्यघाटमा अन्तिम संस्कार गरियो । त्यसअघि सोमबार दिउँसो नै उनको पार्थिव शरीर चलचित्र विकास बोर्डमा राखिएको थियो । भट्टराईको पार्थीव शरीरसँगै कलाकार क्षेत्रीको पार्थिव शरीरलाई पनि अन्तिम श्रद्धाञ्जलीका लागि बोर्डको प्रांगणमा राखिएको थियो । कलाकार क्षेत्री ५८ वर्षका थिए ।

नेपाल चलचित्र प्राविधिक संघले सोमबार एउटा विज्ञप्ति जारी गर्दै भट्टराईको निधनले नेपाली चलचित्र क्षेत्रमा अपूरणीय क्षति पुगेको भन्दै उनको सम्झनामा सोमबारका दिन चलचित्रसम्बन्धी कुनै पनि कार्य नगर्ने निर्णय गरेको थियो ।

## कलाकार र निर्माताका रूपमा भट्टराई

केशव भट्टराईले आफ्नो अभिनय यात्रा चलचित्र 'कोसेली' बाट प्रारम्भ गरेका थिए । तुलसी घिमिरेको निर्देशनमा बनेको उक्त चलचित्रमार्फत भट्टराई २०४५ सालदेखि रजतपटमा ओर्लिएका थिए । यो अवधिमा उनले पाँच दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरेका छन् । तीमध्ये कतिपय चलचित्रमा उनी सह-अभिनेताका रूपमा प्रस्तुत भए भने कतिपय चलचित्रमा अभिनेताका रूपमा । पछिल्लो समय भने उनी चरित्र अभिनेताका रूपमा अभिनय गरिरहेका थिए ।

कलाकारितामा सक्रिय रहेकै बेला भट्टराईले चलचित्र निर्माणमा समेत हात हाले । दौंतरी उनले निर्माण गरेको पहिलो चलचित्र थियो । त्यसयता उनले पछिल्लो चलचित्र यात्राः अ म्युजिकल ब्लगसम्म आइपुग्दा झन्डै एक दर्जन चलचित्र निर्माण गरे । पछिल्लो आठ महिनायता भने उनी नेपाली चलचित्र क्षेत्रकै सर्वोच्च निकाय चलचित्र विकास बोर्डको अध्यक्षका रूपमा कार्यरत थिए । बोर्डको अध्यक्ष बन्नुअघि उनले चलचित्र निर्माता संघमा वरिष्ठ उपाध्यक्षका रूपमा काम गरेका थिए ।

कलाकार भट्टराईको जन्म ओखलढुंगामा भएको हो । सिभिल इन्जिनियर बन्ने लक्ष्य लिए पनि उनले त्यो लक्ष्य हासिल गर्न सकेनन् । पछि उनले विद्युत् प्राधिकरणमा जागिर खान थाले । चलचित्र विकास बोर्डको अध्यक्ष बन्नु अघिसम्म उनी प्राधिकरणकै जागिरे थिए । प्राधिकरणमा जागिरे छँदै उनले चलचित्रकर्मी तुलसी घिमिरेसँग चिनजान गर्ने मौका पाएका थिए, त्यही चिनजानले उनलाई चलचित्र क्षेत्रसम्म डोऱ्याएको थियो ।

'कोसेली'बाट प्रारम्भ भएको भट्टराईको अभिनय यात्रा पुकार, चिनो, दुई थोपा आँसु, दक्षिणा, मितज्यू, बलिदान, हुँदै अघि बढेको थियो । चलचित्रमा अभिनय गरिरहने क्रममा साथीभाइहरू मिलेर चलचित्र दौंतरी बनाए पनि भट्टराईले चलचित्र 'सुख-दुःख' मार्फत निर्माताका रूपमा स्थापित हुने मौका पाएका थिए । पाहुना, कर्मयोद्धा, देवर बाबु, छोडी गए पाप लाग्ला, शो सिम्पल, ब्रासलेट, यात्रा आदि उनले निर्माण गरेको चलचित्रहरू हुन् । उनका अधिकांश चलचित्रहरू व्यावसायिक रूपमा सफल मानिन्छन् ।




बलिउड

# बलिउडका नयाँ सेन्सेसन

बलिउड अभिनेता कार्तिक आर्यनलाई बलिउडका मस्ट चार्मिङ अभिनेताका रूपमा चिनिन्छ। कार्तिक निकै छोटो समयमा चलचित्र उद्योगमा सफलताको स्वाद चाखेका अभिनेता हुन्। कार्तिकको जन्म सन् १९९० नोभेम्बर २२ मा भारतको मध्यप्रदेशस्थित ग्वालियरमा भएको हो। कार्तिकको पूरा नाम कार्तिक तिवारी हो। कार्तिकका पिता मनिष तिवारी र आमा माला तिवारी दुवै पेसाले चिकित्सक हुन्।

उनले प्रारम्भिक शिक्षा ग्वालियरकै सेन्ट पल स्कुल र किड्डी स्कुलबाट लिएका हुन्। उनले मुम्बईको डी वाई पाटिल कलेजबाट इन्जिनियरिङको डिग्री लिएका छन्। मुम्बईमा जानासाथ चलचित्र वा विज्ञापनमा काम पाइन्छ भन्नु गलत सोचाइ हो। कार्तिकले पनि चलचित्रमा अभिनय गर्न पाइन्छ कि भनेर कलेजको केही कक्षा नै छोडेर चलचित्र स्टुडियोको निकै चक्कर लगाए, तर उनलाई सबै निर्देशकले अस्वीकार गरे। निर्देशकले आफूलाई अस्वीकार गरे पनि उनले त्यो अस्वीकारलाई मोटिभेसनका रूपमा लिए, किनभने उनी आफैं प्राविधिक इन्जिनियरका विद्यार्थी थिए। उनी हरेक विषयलाई बौद्धिक किसिमले हेर्थे। उनले आफूमा केही कुराको कमी भएरै निर्देशकले अस्वीकार गरेको महसुस गर्न थाले। स्टुडियोमा काम नपाएपछि उनले एक्टिङ स्कुलमा अभिनय सिक्ने निर्णय लिए।

उनी क्रिएटिङ क्यारेक्टर एक्टिङ स्कुलमा भर्ना भए र त्यहाँ अध्ययन गरिरहँदा उनले कैयौं विज्ञापन र चलचित्रका लागि अडिसन पनि दिए।

उनले सन् २०११ मा चलचित्र 'प्यार का पञ्चनामा'बाट अभिनय यात्रा सुरु गरे। पहिलो चलचित्रले नै बक्स अफिसमा सफलता पाएपछि उनमा खुसीको सीमा नै रहेन। अभिनय करियरमा पहिलो चलचित्र नै टर्निङ प्वाइन्ट भएपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नु परेन। कार्तिकका लागि यो जीवनकै एउटा ठूलो उपलब्धि थियो। किनभने उनी अभिनयलाई करियर बनाउँदैछन् भन्ने कुरा परिवारमा उनका बाबुआमाले समेत थाहा पाएका थिएनन्। उनी 'प्यारका पञ्चनामा'मा फाइनल भएपछि मात्र आमाबाबुलाई यो कुरा सुनाएका थिए।

सन् २०१३ मा कार्तिक अभिनीत चलचित्र 'आकाशवाणी' रिलिज भएको थियो, तर यो चलचित्र बक्स अफिसमा पूर्ण रूपमा असफल रह्यो। त्यसको एक वर्षपछि उनको अर्को चलचित्र 'कांची : द अनब्रेकेबल' रिलिज भए पनि यो चलचित्रले बक्स अफिसमा सफलता पाउन सकेन। सन् २०१५ मा 'प्यारका पञ्चनामा-२' रिलिज भयो। यो चलचित्रले कार्तिकको फ्लप भइरहेको करियरलाई सफलतामा चम्काइदियो।

सन् २०१७ मा उनको चलचित्र 'गेस्ट इन लन्डन' रिलिज भयो। यो चलचित्रले बक्स अफिसमा ठीकैको व्यापार गर्‍यो। सन् २०१८ मा कार्तिककै 'सोनुके टिटुकी स्विटी' नामक चलचित्र प्रदर्शनमा आयो। यो चलचित्रले कार्तिकलाई केही हदसम्म राहत दियो। सन् २०१९ मा रिलिज चलचित्र 'लुका छुपी' बक्स अफिसमा सुपरहिट साबित भयो। सन् २०२० मा आउन लागेको कार्तिकको चलचित्रको कुरा गर्दा 'लभ आजकल-२', 'भूलभुलैया-२', 'पतिपत्नी और वो', 'खाली पिली' जस्ता चलचित्र छन्।

कार्तिकका मातापिता चिकित्सक भए पनि आममानिसले सोचेजस्तो उनीहरूको जीवन सुविधासम्पन्न थिएन। किनकि सबै चिकित्सक हाइफाइ गर्ने किसिमका हुँदैनन्। यस्तो अवस्थामा मुम्बईजस्तो ठूलो सहरमा आफ्नो छोरालाई इन्जिनियरिङ पढाउनु पनि ठूलो कुरा थियो।

> अभिनय करियरमा पहिलो चलचित्र नै टर्निङ प्वाइन्ट भएपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नु परेन । कार्तिकका लागि यो जीवनकै एउटा ठूलो उपलब्धि थियो ।


बलिउडका सफल अभिनेता या अभिनेत्रीको नाम नियाल्दा उनीहरूको नामको पछाडि अफेयरको एउटा सूची नै तयार हुन्छ। पहिले मानिसहरू यो कुरामा आश्चर्य व्यक्त गर्थे, तर आजकल यो सामान्य नै बनेको छ।


कार्तिकका साथ अभिनेत्री नुसरतले 'प्यार का पञ्चनामा' र 'सोनुके साथ टिटुकी स्विटी' जस्ता सुपरहिट चलचित्रमा काम गरिसकेका छन्। यो जोडीको अभिनय तादात्म्यतालाई दर्शकले खुबै रुचाएका थिए। उनीहरूको प्रेमका बारेमा बजारमा अफवाह नै फैलियो, तर कार्तिकले नुसरतसँगको सम्बन्धका बारे 'नुसरत मिल्ने साथी मात्र रहेको' भन्दै प्रेम सम्बन्धबारे अस्वीकार गरे।

अहिले कार्तिकको नाम अभिनेत्री सारा अली खानसँग पनि जोडिएको छ। धेरै ठाउँमा यो जोडी सँगै देखिएपछि उनीहरू कतै अफेयरमा त छैनन् भन्ने चर्चा चलेको हो। कार्तिक एक चलचित्रको छायांकनका लागि लखनउमा रहँदा उनलाई भेट्न सारा लखनउ नै पुगेकी थिइन्। त्यस्तै सारा बैंककमा सुटिङमा व्यस्त रहँदा कार्तिक उनलाई भेटन बैंकक नै पुगेका थिए, जहाँ उनले साराको जन्मदिन सेलिब्रेट गरेका थिए। उनको नाम चंकी पाण्डे पुत्री अनन्या पाण्डेसँग पनि जोडिने गरेको छ। कार्तिक अनन्यासँग 'पति-पत्नी और वो'मा सँगै देखिएका थिए।

**स्रोत : एजेन्सी**







# सन् २०१९ मा सर्वाधिक खोजी गरिएका चलचित्र

वर्ष २०१९ हामीबाट बिदा हुने क्रममा छ । योसँगै मनोरञ्जन क्षेत्रले वर्ष २०१९ मा हासिल गरेका उपलब्धिहरूको लेखाजोखासमेत प्रारम्भ हुन थालिसकेको छ । यसबीच गुगल इन्डियाले वर्ष २०१९ मा सबैभन्दा बढी खोजिएका बलिउड तथा हलिउडका फिल्महरूको सूची सार्वजनिक गरेको छ । यो सूचीमा बलिउडका सात तथा हलिउडका तीन चलचित्र समावेश छन् । यी हुन् उक्त सूचीमा परेका उत्कृष्ट दस चलचित्र :

## कबिर सिंह

शाहिद कपुर तथा कियारा आडवाणीको चलचित्र 'कबिर सिंह' उक्त सूचीको पहिलो स्थानमा रहन सफल भएको छ । यो तेलुगु भाषाको चलचित्र 'अर्जुन रेड्डी' को हिन्दी रिमेक हो । दुवै चलचित्रलाई सन्दीप रेड्डी बांगाले निर्देशन गरेका हुन् । यो चलचित्र भारतको बक्स अफिसमा वर्ष २०१९ कै दोस्रो सर्वाधिक आम्दानी गर्ने चलचित्र पनि हो । गत जून २१ का दिन प्रदर्शन भएको उक्त चलचित्रले करिब २ सय ७८ करोड भारतीय रुपैयाँको व्यवसाय गर्न सफल भएको थियो ।

## एभेन्जर्स-इन्डगेम

अप्रिल २२ का दिन प्रदर्शन भएको यो चलचित्रले नेपालमा समेत दर्शकको ध्यान आकर्षित गर्न सफल भएको थियो । मार्वल स्टुडियोजको यो सुपरहीरो चलचित्रलाई एन्थोनी रस्सो तथा उनका भाइ जो रस्सोले संयुक्त रूपमा निर्देशन गरेका थिए । रोबर्ट डाउनी जुनियर, क्रिस इभान्स, मार्क रुफालो, क्रिस हेम्सवर्थ आदि कलाकारद्वारा अभिनीत यो चलचित्र ३ सय ५६ मिलियन डलरको लागतमा निर्माण गरिएको थियो, जसले २ दशमलव ७९ बिलियन डलर आम्दानी गर्न सफल भएको थियो ।

## गली ब्वाइ

जोया अख्तरको निर्देशनमा यो चलचित्र निर्माण गरिएको हो । यसको कथा एउटा सानो गल्लीबाट निस्किएर र्‍यापर बन्ने सपना साकार गर्न सफल र्‍याप कलाकारहरू नैजी तथा डिभाइनको जिन्दगीबाट प्रेरित छ । चलचित्रमा रणवीर सिंह तथा आलिया भट्टले मुख्य भूमिका निर्वाह गरेका छन् । यो चलचित्रले बक्स अफिसमा १ सय ४० करोड भारु आम्दानी गर्न सफल भएको थियो । यो चलचित्रलाई ९२ औं ओस्कार एवार्डमा सर्वोत्कृष्ट इन्टरनेसनल फिचर फिल्मको श्रेणीमा भारतबाट प्रतिनिधित्व गराइएको छ । यो चलचित्र १४ फेब्रुअरीका दिन प्रदर्शन भएको हो ।

## जोकर

टोड फिलिप्सको निर्देशनमा बनेको यो हलिउड चलचित्र अगस्ट ३१ का दिन प्रदर्शन भएको हो । यो एउटा साइकोलोजिकल चलचित्र हो । चलचित्रको कथा डीसी कमिक्सको चरित्रमा आधारित छ । जोकिन फिनिक्सले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन् । ७० मिलियन डलर लगानी गरिएको यो चलचित्रले विश्वभरिबाट १ दशमलव ०६ मिलियन डलर आम्दानी गर्न सफल भएको छ ।

## क्याप्टेन मार्बल

मार्बल स्टुडियोजको यो हलिउड सुपरहिरो चलचित्र फेब्रुअरी २७ का दिन प्रदर्शन भएको हो । एना बोडेन तथा रियाल फ्लेकद्वारा संयुक्त रूपमा निर्देशन गरिएको यो चलचित्रमा ब्री लार्सन, स्यामुअल एल ज्याक्सन, बेन मेन्डेल्सन आदि कलाकारले अभिनय गरेका छन् । १ सय ७५ मिलियन डलर लगानी गरिएको यो चलचित्रले १ दशमलव १२ बिलियन डलर आम्दानी गरेको थियो ।

## सुपर-30

ऋतिक रोशनको मुख्य भूमिका रहेको यो एउटा बायोपिक चलचित्र हो । १२ जुलाईमा प्रदर्शन भएको यो चलचित्र भारतको बिहारका गणितज्ञ आनन्द कुमारको जीवनीमा आधारित छ । चलचित्रमा ऋतिकले ती शिक्षकको भूमिकालाई प्रभावशाली शैलीमा अभिनय गरेका छन् । विकास बहलको निर्देशनमा बनेको उक्त चलचित्रले १ सय ४७ करोड भारु आम्दानी गर्न सफल भएको थियो ।

## मिशन मंगल

१५ अगस्टमा प्रदर्शन भएको यो चलचित्र भारतीय अन्तरिक्ष अनुसन्धान संगठनका वैज्ञानिकहरूको जीवनीमा आधारित छ । ती वैज्ञानिकहरूले भारतको पहिलो इन्टरप्लानेटरी एक्सपिडिसन मार्स अर्बिटर मिशनलाई सफल बनाउन महत्त्वपूर्ण योगदान दिएका थिए । जगन शक्तिको निर्देशनमा बनेको यो चलचित्रमा अक्षय कुमार, सोनाक्षी सिन्हा, विद्या बालन, तापसी पन्नु, नित्या मेनन आदि कलाकारहरूले अभिनय गरेका छन् । यो चलचित्रले बक्स अफिसमा २ सय २ दशमलव ९८ करोड भारु आम्दानी गर्न सफल भएको थियो । यो चलचित्रलाई भारतको प्रतिनिधित्व गराउँदै ओस्कारमा पनि पठाइएको थियो ।

## वार

सिद्धार्थ आनन्दद्वारा निर्देशित यो एक्सन-थ्रिलर चलचित्र अक्टुबर २ का दिन प्रदर्शन भएको हो । यो चलचित्रमा ऋतिक रोशन तथा टाइगर श्राफले पहिलो पटक सँगै काम गरेका थिए । बक्स अफिसमा यो चलचित्र ३ सय १७ दशमलव ९१ करोड भारु आम्दानी गरेर भारतमा वर्षकै सबैभन्दा बढी आम्दानी गर्ने चलचित्रका रूपमा स्थापित भएको छ ।

## हाउसफुल-४

अक्षय कुमार, बबी देओल, रितेश देशमुख, कृति सेनन, कृति खरबन्दा, पूजा हेगडे आदि कलाकारले अभिनय गरेको यो हास्यप्रधान चलचित्र २५ अक्टुबरका दिन प्रदर्शन भएको हो । यो चलचित्रले बक्स अफिसमा करिब १ सय ९४ दशमलव ५९ करोड भारु आम्दानी गरेको छ । यो चलचित्रको निर्देशन फरहाद सामजीले गरेका हुन् ।

## उरी : द सर्जिकल स्ट्राइक

११ जनवरीमा प्रदर्शन भएको यो हिन्दी चलचित्र सत्य घटनामा आधारित छ । चलचित्रमा सेप्टेम्बर २०१६ मा भारतका जम्मु-कस्मिरको उरीस्थित सेनाको क्याम्पमा भएको आतंकवादी हमला (जसमा १९ सैनिक मारिएका थिए) तथा भारतीय सेनाद्वारा एलओसी पार गर्दै पाकिस्तानको ३ किलोमिटरभित्रसम्म गएर आतंककारीहरूको आश्रयस्थलमा गरेको कारबाहीमा आधारित छ । आदित्य धरले यो चलचित्रलाई निर्देशन गरेका हुन् । यो उनको पहिलो चलचित्र पनि हो । चलचित्रमा विक्की कौशलले मुख्य भमिका निर्वाह गरेका छन् । यो चलचित्रले बक्स अफिसमा २ सय ४५ दशमलव ३६ करोड भारु आम्दानी गर्न सफल भएको छ ।

**स्रोत : एजेन्सी**




केवल एक प्रश्न

# क्रिसमस इभ मनाउने तयारी के छ ?



यसपालिको क्रिसमस अमेरिकामा धूमधामले मनाउँदैछु, तर कुन ठाउँमा मनाउने भन्ने निश्चित भइसकेको छैन । पक्कै पनि कुनै चर्चमा प्रभुको भजन गाएर मनाउँछु । किनभने मेरो आवाज प्रभुको देन हो ।

**अञ्जु पन्त, गायिका**

अमेरिका जाने योजनामा छु । छोरी उतै भएकाले उनीहरूसँगै मनाउँछु होला ।

**शंकर बीसी, मोडल तथा निर्देशक**

धेरै काम गरियो । फ्रेस हुनका लागि देशबाहिर कतै जाऊँ कि भन्ने सोचेको छु, तर क्रिसमस त बहाना मात्रै हो ।

**लक्ष्मण पौडेल, निर्देशक**

कसरी मनाउने भनेर योजना बनाउँदैछु । अस्ट्रेलिया पनि जान सक्छु, साथै नयाँ रेस्टुराँ खोल्ने योजना पनि भइरहेकाले पोखरातिर पनि हुन सक्छ । क्रिसमस पनि मनाउने अनि पोखराका नयाँ-नयाँ रेस्टुराँको आइडिया पनि लिने योजना छ ।

**सबिन श्रेष्ठ, अभिनेता**

म सबै जात-धर्मलाई माया गर्ने मान्छे हुँ । सबै चाडपर्वलाई सम्मान गर्छु । म हिन्दू भएकाले क्रिसमसको कुनै योजना छैन, तर यो एउटा ठूलो उल्लासमय पर्व हो । मेरा साथीभाइले कतै क्रिसमस विशेष कार्यक्रम राखे भने म त्यहाँ पुगेर रमाइलो गर्छु ।

**श्रीदेव भट्टराई, अभिनेता**

अहिलेसम्म त्यस्तो योजना केही बनाएकी छैन । साथीहरूसँगै रमाइलो गर्छु होला ।

**सुशीला गौतम, गायिका**

म सबैलाई सम्मान गर्छु, तर मेरो क्रिसमसमा केही योजना छैन ।

**प्रमोद अग्रहरी, अभिनेता**

म क्रिसमस कहिल्यै मनाउँदिनँ, किनकि म हिन्दू हुँ । तैपनि क्रिसमस इभ मनाउनेलाई हार्दिक शुभकामना !

**विमल अधिकारी, मोडल**

घरमा न्यानो भएर बस्ने र मीठो खाने । यही नै हो मेरो क्रिसमस योजना ।

**अनिलकेशरी शाह, बैंकर**

क्रिसमस इभ त परिवारसँगै मनाउने योजना छ ।

**शिव विक, नृत्य निर्देशक**

एउटा कार्यक्रम गर्ने अनि श्रीमतीसँग कतै एउटा रेस्टुराँमा डिनर जाने । यति नै होला ।

**हेमन्त शर्मा, गायक**

पहिले क्रिसमस इभका दिन प्रायःजसो विदेशमा हुन्थें, तर यसपालि नेपालमै हुने भएकाले अझै रमाइलो हुने आशा गरेको छु । त्यसैले त्यो दिन साथीभाइ अनि परिवारसँग बाहिर गएर रमाइलो गर्ने विचार छ ।

**हिमाल सागर, गायक**

साथीहरूसँग कालिन्चोक गएर हिउँ खेल्ने योजना छ ।

**कविर खड्का, अभिनेता**

अहिलेसम्म त्यस्तो कुनै योजना छैन । तुरुन्त कुनै योजना बनिहाल्यो भने सेलिब्रेट गर्छु, नत्र सुटिङ चलिरहेको हुँदा त्यसमै व्यस्त हुन्छु होला ।

**लक्ष्मी बर्देवा, अभिनेत्री**

नेपाल धर्मनिरपेक्ष देश भएकाले सबै धर्मप्रति मेरो सम्मान रहनेछ । क्रिसमस इभ मनाउने कुनै योजना नभए तापनि क्रिस्चियन धर्मावलम्बीमा मेरो शुभकामना छ ।

**पूर्णिमा लामा, अभिनेत्री**

सबै परिवार अनि साथीहरूसँग रातभर रमाइलो गर्ने योजना छ ।

**सृष्टि खड्का, मोडल**

मेरो त्यस्तो कुनै योजना छैन, तर त्यो दिन पुस ९ गते मेरो सांगीतिक प्रस्तुति सुर्खेत महोत्सवमा हुने पक्का भएको छ । त्यसैले दर्शकमाझ गीत-संगीतमा झुमेर/झुमाएर त्यो दिन रमाइलोसँग बित्नेछ ।

**राधिका हमाल, गायिका**

म रमाइलो गर्ने प्रकृतिको मान्छे भएकाले मलाई कुनै धर्म, जातजातिका चाडपर्वले केही असर पार्दैन । सबैजसो ठूला चाडपर्वमा खुलेर रमाइलो गरी आनन्द लिने गर्छु । यसपालिको क्रिसमस इभ पनि व्यापक रमाइलो गरी बिताउने योजना छ ।

**कृष्ण काफ्ले, गायक**

छोरी शुपलाले घुम्न लानु भनेकी छन् । परिवारसँगै कतै घुमघाम गरेर मनाउनुपर्ला ।

**भोलाराज सापकोटा, हास्यकलाकार**

## यौन जिज्ञासा



डा. राजेन्द्र भट्टा

म विवाहित पुरुष हुं । मेरो उमेर २९ वर्ष र मेरी श्रीमतीको उमेर २५ वर्ष छ । मदिरा सेवन गरेका बेला मलाई अत्यधिक यौनसम्पर्कको चाहना बढ्ने गर्छ । श्रीमती रक्सी गन्हायो भनेर शारीरिक सम्पर्क राख्न मान्दिनन्, तर म उनलाई जसरी भए पनि फकाएर दुई-तीन पटक सम्पर्क राख्न बाध्य पार्छु । रक्सी नखाएका बेला यस्तो किसिमको चाहना उति आउँदैन । यो कुनै गलत लत हो कि सामान्य प्रक्रिया हो ?

के.पी.



**मद्यपान र यौन**

संसारभरि नै कुनै न कुनै रूपमा मदिरा सेवन वा मद्यपान गरिने गरेको पाइन्छ । मानिसले यति व्यापक रूपमा यसको प्रयोग गर्नुमा यसको सम्बन्ध रमाइलोसँग जोडिनुमा रहेको छ । रमाइलोसँग मनाइने कुनै पनि अवसरमा खाना मात्र होइन, मद्यपान पनि एक अभिन्न अङ्ग हुने गरेको पाइन्छ । अन्य देशमा जस्तै नेपालमा पनि मद्यपानको प्रयोग प्रशस्तै हुने गरेको छ । कतिपय समुदायमा परम्पराअनुसार नै मद्यपानको प्रयोग हुने भएकाले यस्ता पदार्थको सेवनलाई सजिलै स्वीकार गरिएको पाइन्छ । मद्यपान वर्जित समूहका व्यक्तिहरूले पनि आजकाल बिस्तारै यसको प्रयोग बढाउन थालेका देखिन्छन् । संसारभरि नै मद्यपानले यौनचाहना वा यौन सक्षमतालाई बढाउने धारणा रहेको पाइन्छ ।

मद्यपान र यौनको विशेष सम्बन्ध परापूर्वकालदेखि नै चल्दै आएको देखिन्छ । मद्यपानले आफूलाई केही खुकुलोपन र सहजताको अनुभव गर्ने कुरा महिला तथा पुरुषहरू बताउँछन् । मद्यपानले यौनचाहना वा कार्य सक्षमतामा सकारात्मक असर गर्छ भन्ने कुरा सोच्छन् । कुनै पनि स्थिति जसमा यौन सक्षमतामा प्रश्नचिह्न उठ्ने शंका छ भने उनीहरूले मद्यपानको सहारा लिन पुग्छन् । आफ्नो सम्भावित यौनजोडीलाई कसरी यौन सम्बन्धका लागि मान्न तयार गर्ने भन्ने वा कसरी भन्ने कुरामा हिचकिचाहट भएमा मद्यपानकै सहयोग लिन पुग्छन्, तर मद्यपानको के-कस्तो प्रभाव पर्छ भन्नेबारे वास्तविकता के हो भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । त्यसका बारेमा केही चर्चा गरौं ।

**के मद्यपानले साँच्चिकै यौन सक्षमता बढाउँछ ?**

थोरै मात्राको मद्यपान कतिपय व्यक्तिका लागि हिचकिचाहट हटाउन सहयोगी साबित हुन सक्छ, तर मुख्य कुरा के भने अत्यधिक मद्यपानको सेवनले यौन सक्षमतामा नकारात्मक असर पार्छ । मद्यपानले यौनचाहना बढाउनमा कुनै मद्दत गर्दैन । मद्यपानले यौन सक्षमता बढाउँछ भन्ने कुरामा व्यक्तिमा विश्वास छ भने त्यसको प्रभावलाई expectancy enhancement effect (प्रत्याशा वर्द्धित प्रभाव) भन्न सकिन्छ । मद्यपानले महिलाको भगक्षेत्रको रक्तसञ्चारमा कमी ल्याउँछ र यसमा पिसाब लगाउने गुण भएकाले योनिमा रस कम आउने वा सुक्खा हुने हुनसक्छ । योनि सुक्खा हुँदा महिलाका लागि मात्र होइन, पुरुषका लागि पनि यौनसम्पर्कलाई कम आनन्ददायी बनाउने गर्छ । त्यसै गरेर मद्यपान गर्दा पुरुषहरूमा भनेअनुसार लिङ्ग उत्तेजना नहुने अर्थात् कडापन पनि केही कम हुने, वीर्य स्खलनमा केही ढिलाइ हुने जस्ता असर पर्न सक्छ । शीघ्र स्खलनलाई नियन्त्रण गर्न पनि नसक्ने हुन सक्छ र मद्यपानले मातेका बेला यौन चरमसुख प्राप्तिलाई पनि केही गाह्रो बनाउँछ ।

मद्यपानको दीर्घकालीन दुरुपयोगले यौनचाहनाका लागि आवश्यक हार्मोन टेस्टेस्टेरोनको उत्पादनमै नकारात्मक असर गर्न सक्छ । यस्ता दीर्घकालीन दुरुपयोगले कलेजोमा क्षति पुर्‍याउने, स्नायु प्रणालीमा असर गर्ने, रोग क्षमता शक्ति कमजोर पार्ने जस्ता कतिपय प्रभाव हुने गर्छ । अण्डकोष नै सुक्ने जस्तो समस्या पनि आउनसक्छ । यस्ता कुराको प्रत्यक्ष तथा परोक्ष प्रभाव यौन सक्षमतामा हुने गर्छ । मद्यपानको लत लागेका व्यक्तिहरू कुपोषणका सिकार पनि हुन्छन्, जसको प्रभाव स्वास्थ्य अनि यौन सक्षमतामा पर्ने नै भयो । मद्यपानको लत बसेका व्यक्तिले सोको सेवन गर्न छोडे पनि यौनसम्बन्धी कतिपय समस्या समाधान नहुनसक्छ । यस्तै आधाजसोमा मात्र पर्याप्त सुधार हुने देखिएको छ ।

मद्यपानको कुलतमा फसेकाहरूको सामाजिक तथा वैवाहिक सम्बन्ध पनि नराम्रो हुनुका साथै मद्यपानको लतले निम्त्याउने आर्थिक क्षति र पारिवारिक कलहको पनि यौनजीवनमा नराम्रो असर पर्ने नै भयो ।

**तपाईंको समस्या के त ?**

हुन सक्छ, तपाईंलाई मदिरा सेवनले प्रत्याशा वर्द्धित प्रभाव अर्थात् यसले यौनचाहना बढाउँछ भनेर मानसिक रूपमा लागेकाले यौनचाहना तथा सक्षमता बढेजस्तो लागेको हुन सक्छ । अर्को पक्ष, तपाईंमा अझै पनि यौनको सन्दर्भमा केही हिचकिचाहट बाँकी नै भएको हुन सक्छ र मदिराको सेवन गर्दा सो कम भएको प्रभावले पनि हुन सक्छ ।

तपाईंले श्रीमतीलाई उहाँलाई मन नपरे पनि यौनसम्पर्कका लागि बाध्य पार्ने कुरा गर्नुभएको छ । गहिरिएर विचार गर्ने हो भने यसरी बाध्य पारेर यौनसम्पर्क गर्नु वैवाहिक बलात्कार हो । तपाईंलाई पनि पक्कै गन्हाएको स्थान वा व्यक्तिसँग अन्तरङ्ग सम्बन्ध राख्न मन पर्दैन होला, श्रीमतीलाई पनि त्यस्तै स्थिति हुँदाको कुरा बुझ्नु आवश्यक छ । तपाईंले आफ्नो यौनआनन्दका लागि जति प्रयास गरिरहनुभएको छ त्यति नै श्रीमतीको यौनआनन्दका लागि पनि कार्य गर्ने दायित्व तपाईंको हो । विशेष गरेर निरन्तर रूपमा तपाईंकी श्रीमतीले सुखमय सम्बन्ध राख्न पाउनु भएन भने त्यसको नकारात्मक असर तपाईंको वैवाहिक सम्बन्धमा पनि पर्न सक्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

आवरण



# मुठ्ठीमा मेडल

## १० खेलाडीका सफलताका कथा

■ साप्ताहिक टिम

खेलकुद त्यस्तो विधा हो, जसले सारा समाजलाई भावनात्मक एकताको सूत्रमा बाँध्छ । आफ्नो खेलाडीले जित्दा सारा मुलुक खुसीमा झुम्छ भने पराजित हुँदा त्यसको पीडा महसुस गर्छ । हालै भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग)मा एकचोटी सारा नेपाली एउटै सूत्रमा बाँधिए । समाजमा असन्तुष्टि र चरम निराशा बढिरहँदा सागले आम मानिसमा उत्साह ल्याइदियो । अभाव/व्यवस्थापकीय कमीकमजोरीका बाबजुद हाम्रा खेलाडीको प्रदर्शन अभूतपूर्व रह्यो । तिनले नेपाली खेल जगतमा बेग्लै इतिहास रचे । पहिलो पटक ५१ स्वर्ण पदकसहित २०६ पदक दिलाएर नेपालको गौरव बढाए ।

खेल जित्ने, पराजित भए पनि खेलमा सहभागी हुने खेलाडी, कोच सबै यो जितमा बधाईका पात्र हुन् । जो-जो नेपाली खेलको विकास र विस्तारमा लागेका छन्, ती सबैको योगदान महत्वपूर्ण छ । यद्यपि यीमध्ये केही त्यस्ता अनुहारले यसपटक स्वर्णपदक जितेका छन्, जसको सफलताका कथा अरूका लागि समेत प्रेरणाको स्रोत बन्न सक्छ ।

खेल जित्न हरेक खेलाडीले उत्तिकै मेहनत गर्नुपर्छ । जित्ने सबै तारिफका योग्य हुन्छन् र सबैको मेहनतको उच्च कदर गरिनुपर्छ । केही त्यस्ता खेलाडी पनि यो १३ औं सागमा उदाए, जसले अत्यन्त प्रतिकूल अवस्थाबाट माथि उठेर खेल जिते र उदारहण बन्न सके । ५१ स्वर्ण जित्नेमध्ये १० जना खेलाडी हाम्रो छनोटमा परेका छन्, जसले प्रतिकूलतालाई जितेर आफ्नो मुठ्ठीमा मेडल पार्न सफल भएका छन् । यसपटकको हामीले तिनै दश जनाको सफलताको कथालाई विशेष सामग्रीका रूपमा प्रस्तुत गरेका छौं ।

एउटा व्यक्तिको सफलतामा पारिवारिक पृष्ठभूमि, आर्थिक हैसियत, हुर्केको समाज, उसले प्राप्त गर्ने साधन-स्रोत, वरपरका आफन्तको सहयोग-सद्भाव सबै कुरा जोडिएको हुन्छ । यी सबै चिज सहज र सुलभ प्राप्त गर्ने व्यक्ति अनुकूल परिस्थितिमा हुन्छ भने प्रतिकूल अवस्थामा पनि कतिपयले आफूलाई निखार्न सक्छन् । त्यसको उदाहरण यी दश खेलाडी बनेका छन् ।

१३ औं सागमा हामीले स्वर्ण जितेपछि झन्डा लिएर उत्साहित हुँदै दौडिएका खेलाडीहरू देख्यौं । गलामा मेडल झुन्डिदा तिनको मुहारको खुसी देख्यौं । तर, त्यो स्वर्ण जित्नुअघिको संघर्षको कथा झन् मर्मस्पर्शी छ । दुई सन्तानलाई जन्म दिइसकेपछि पनि आयशा शाक्यले खेललाई कसरी निरन्तरता दिइन् ? गल्फको बल टिप्दै हिँड्ने सुवास तामाङको जीवनले कसरी फड्को माऱ्यो ? ड्रेस र डाइट किन्ने पैसा नभएकी र अनाथ आश्रममा हुर्केकी पुनम श्रेष्ठले स्वर्ण यात्रा कसरी तय गरिन् ? रोल्पाबाट विस्थापित निमा घर्तीले लगातार सागमा स्वर्ण ल्याउने उत्प्रेरणा कहाँबाट पाइन् ? अनुपमा मगर, राजेश मगर, सुनिता महर्जन, काजल श्रेष्ठ, वीरबहादुर महरा, संगीता धामी आदिले कस्ता अप्ठेरो परिस्थितिमा पनि खेलप्रतिको प्यासन छोडेनन् ? स्वर्णको भोकले खेललाई निरन्तरता दिँदै सफलता प्राप्त गर्ने यी सबैका संघर्ष र सफलताका कथा नवोदित खेलाडीहरू र आम पाठककै लागि उत्प्रेरणाको स्रोत बन्न सक्छ ।

> ‘५१ स्वर्ण जित्नेमध्ये १० जना खेलाडी हाम्रो छनोटमा परेका छन्, जसले प्रतिकूलतालाई जितेर आफ्नो मुठ्ठीमा मेडल पार्न सफल भएका छन् ।’

सूचना र मनोरञ्जनको सँगालो साप्ताहिक
साप्ताहिक
सूचना तथा मनोरञ्जनको सँगालो साप्ताहिक पत्रिकाको आधिकारिक वेबसाइट
www.saptahik.com.np
GET IT ON Google Play
Available on the App Store

आवरण


तस्बिर : इलिट जोशी



# नेपालकी ‘मेरी कोम’

दुई सन्तानकी आमा आयशा मेरी कोमको पथमा हिंडेकी छन् र अरु धेरै नवोदित खेलाडीका लागि 'आइडियल' भएकी छन् ।

■ राजाराम गौतम

अनेक स्वर्णपदकसहितका कीर्तिमान बनाउन सफल भारतकी बक्सर खेलाडी मेरी कोमको साहसको कथा धेरैका लागि प्रेरणाको बलियो स्रोत हुनसक्छ । जुम्ल्याहा सन्तानलाई जन्म दिइसकेपछि पनि बक्सिङ रिङमा फर्केर पाएका उनका सफलताका कथाले धेरै महिलामा ऊर्जा थप्छ ।

तिनै मेरी कोमलाई ‘आइकन’ मानेर खेल जीवन बढाइरहेकी नेपाली चेली आयशा शाक्यले हालै सम्पन्न १३ औं सागमा त्यस्तै उदारहणीय सफलता पाइन् । खेलको विधा फरक, भूगोल फरक, पारिवारिक पृष्ठभूमि र अवस्था फरक । यद्यपि यी दुईबीच एउटा विशेष समानता छ, दुवै आमा हुन् । सन्तान जन्माएपछि पनि खेलमा जमेर बेग्लै दृष्टान्त बनाएका छन् ।

आयशाले तेक्वान्दो (पुम्से)मा दुई स्वर्ण जितेपछि धेरैले उनलाई मेरी कोमसित दाँजे ।

‘पछिल्लो ५ वर्षयता मेरी कोम मेरो आदर्श नै भइन्’, हालैको एक दिन बानेश्वरस्थित एउटा क्याफेमा आयशा भन्दै थिइन्, ‘उनको कथामा आधारित बायोपिक (सिनेमा) सन् २०१४ मा आएपछि मैले दर्जनौं पटक हेरे होला । जब-जब केही निराश र हतोत्साही हुन्थे । मेरी कोम हेर्थें । जसले अपार उत्साह मिल्थ्यो ।’

पहिलोचोटी ‘मेरी कोम’ हेर्दा चाहिँ उनी असाध्यै रोइन । त्यो त्यतिबेलाको कुरा हो, जब उनी सन् २०१४ मा कोरियाको इन्चोनको एसियन गेम्समा पराजित भएर फर्केकी थिइन् । ‘१४ महिनाको छोरो छोडेर गेम खेल्न गएको नजितेपछि निकै निराश भएकी थिएँ’, उनी सम्झन्छिन्, ‘मेरी कोममा जस्तो साहस र क्षमता ममा रहेनछ भन्ने लाग्यो । त्यस्तै गर्ने दरिलो इच्छा लिएर खेल्न गएकी थिएँ । पराजित हुँदा भावनात्मक रूपमा कमजोर थिएँ । त्यही बेला सिनेमा हेरेँ । सायद त्यसैले धेरै रोएछु ।’

१३ औं साग आइपुग्दा त्यो बखत उनमा पलाएको हीन भावना पराजित भएको छ । दुई सन्तानकी आमा आयशा मेरी कोमको पथमा हिँडेकी छन् र अरू धेरै नवोदित खेलाडीका लागि ‘आइडियल’ भएकी छन् । कसरी पाइन त उनले यो सफलता ? दुई स्वर्ण पाउनुअघिको उनको संघर्ष र सफलताको कथा रोचक छ ।

खेलप्रतिको मोह उनीभित्रै सानैमा गडेको थियो । ४/५ वर्षकै उमेरमा उनी टोल (पाटन, नकबहाल) का दाइहरूसँग खेल्न भनेर पछि लाग्थिन् । खेलप्रतिको लगाव देखेपछि तीन कक्षा पढ्दै गरेकी छोरीलाई टेबुलटेनिसका सौखिन बुवा जुजुमानले घर नजिकैको डोजाङमा भर्ती गरिदिए, तेक्वान्दो सिकाउन । उनी र उनका दाजुसँगै तेक्वान्दो सिक्दै थिए । दाजुले बीचैमा छोडे तर आयशाले निरन्तरता दिइन् । ‘ग्रिनबेल्ट’ पुगेपछि उनको अभ्यास पनि छुट्यो तर केही समयका लागि मात्रै । पछि निरन्तरता दिइन । ५ कक्षामा पढ्दा त उनी ‘ब्ल्याक बेल्ट’ भइसकेकी थिइन् ।

त्यसपछि सुरु भयो, उनको खेल



तस्बिर : नवराज वाग्ले

‘रातभर क्लोज क्याम्प घुमेर बिहान ३ बजेदेखि अभ्यासमा लागेकी थिएँ । चीनका खेलाडीसँग भिड्नु थियो । तनाव र दबाबबीच त्यो खेल जितेर कांस्य पदक ल्याउँदाको खुसी बिर्सन सक्दिनँ ।’

यात्रा । अन्तरडोजाङ प्रतियोगिता, जुनियर तेक्वान्दो च्याम्पियनसिप जित्दै उनी २०५९ मा नवौं साग खेलको छनोट प्रतियोगितामा भाग लिने भइसकेकी थिइन् । छनोट प्रतियोगितामा उनीभन्दा सिनियर खेलाडी रेणुका थापामगरसँग पराजित भइन् । नेसनल च्याम्पियन मगरलाई टक्कर दिन सकेकोमा त्यो बेला उनको प्रशंसा भएको थियो ।

आयशालाई त्यो बखत पढाइको तालमेल मिलाउने बाहेक खासै चुनौती थिएन । यदाकदा कोही आफन्तले नरुचाए पनि घरपरिवार ‘खेलाडी छोरी’ भनेर पुलपुलाउँथे । आर्थिक भरथेग राम्रै थियो । सुन्दर सम्भावना बोकेकी उनले राष्ट्रिय टिममै बसेर अभ्यास गर्ने मौका पाइन् । एसएलसीको मुखैमा साइकल दुर्घटना परेर कुमको हड्डी भाँचिएपछि चाहिँ अभ्यास अवरुद्ध भयो, तर खेलयात्रा रोकिएन ।

सन् २००५ मा उनी कोरियाको क्योङघी युनिभरसिटी पुगिन्, तालिम लिन । त्यो उनको अन्तर्राष्ट्रिय स्तरको खेल अभ्यासको प्रारम्भ थियो । ‘यो तालिममा मैले यतिधेरै पिटाइ खानुपर्‍यो कि बीचैमा खेल छोड्ने सोच बन्यो’, उनी सम्झन्छिन्, ‘घरमा बाबुआमाले नपिटेको, गुरुको अमानवीय पिटाइ खानुपर्दा खेल नै छोड्ने सोचमा पुगेको थिए । तर, सिनियरहरूले हामीले पनि यस्तै खेपेका हौं भनेर सम्झाएपछि तालिम सकेर फर्किए ।’

डेढ महिनाको कठिन तालिमबाट फर्केपछि उनी पहिलो पटक थाइल्यान्ड गइन्, एसियन तेक्वान्दो च्याम्पियनसिप खेल्न । जहाँ उनी पराजित भइन् । त्यसपछि सन् २००६ को दसौं सागमा छनोट भएर श्रीलंका गइन् । त्यहाँ उनले रजत पदक जितिन् ।

खेल जीवनसँगै तेक्वान्दो खेलाडी दीपक विष्टसँग उनको प्रेम सम्बन्ध पनि हुर्कंदै थियो । नवौं साफ गेम हुँदा विस्टसँग ‘हाइहेल्लो’ को सम्बन्ध थियो । श्रीलंका साग खेल्न जाँदा त्यो सम्बन्धमा प्रेम अंकुराइसकेको थियो । ‘हाम्रो सम्बन्ध अलि गोप्य राखेका थियौं’, तेक्वान्दोमा चार स्वर्ण जितेर कीर्तिमान बनाएका विष्ट भन्छन्, ‘खेल प्रदर्शन राम्रो भएन भनेर प्रेम गरेर हिँड्छ भनेर कुरा काट्लान भन्ने डरले गोप्य नै राखेका थियौं ।’

श्रीलंकामा नेपालले सात स्वर्ण ल्याएको थियो । तेक्वान्दोमा विष्ट र मनिता शाहीले मात्रै स्वर्ण ल्याए भने आयशाले रजतमै चित्त बुझाउनुपरेको थियो । सन् २०10 मा ढाकामा भएको ११ औं साग चाहिँ यी जोडीका लागि अविस्मरणीय रह्यो, जहाँ दीपक र आयशा दुवैले स्वर्ण जिते ।

दोहामा भएको १५ औं एसियाली खेलकुद पनि आयशाका लागि स्मरणयोग्य छ । यो प्रतियोगितामा दीपक विष्ट, मनिता शाही र आयशाले मात्रै पदक जितेका थिए । दीपक र मनिताले तेक्वान्दोमा मेडल जितेपछि मिडियाले लेखे, ‘नेपालको पदक ल्याउने सम्भावना सकियो ।’ जबकी आयशाको खेल बाँकी नै थियो ।

‘यति धेरै नरमाइलो र दबाब महसुस भयो त्यो बेला, छटपटीले रातभरि सुत्न सकिन’, उनी भन्छिन्, ‘रातभर क्लोज क्याम्प घुमेर बिहान ३ बजेदेखि अभ्यासमा लागेकी थिएँ । चीनका खेलाडीसँग भिड्नु थियो । तनाव र दबाबबीच त्यो खेल जितेर कांस्य पदक ल्याउँदाको खुसी बिर्सन सक्दिनँ ।’

सन् २०१० को एसियन गेम्समा पराजित भएपछि उनी घरजम गर्नतिर लागिन् । घरको स्वीकृति बेगर विष्टसँग अन्तरजातीय विवाह गरिन् । विवाहपछि पनि खेल जारी रह्यो । सन् २०११ मा पहिलो माउन्ट एभरेस्ट तेक्वान्दो च्याम्पियनसिप जितिन् ।

सन् २०१३ मा उनको पहिलो छोरो जन्मियो । त्यसपछि चाहिँ आयशाको जीवन साँच्चिकै चुनौतीपूर्ण बन्यो । के गर्ने ? खेल्ने कि नखेल्ने ? एकातिर छोरासँग जोडिएको मातृत्व अर्कातिर खेलेको नशा, मेडल जितेर प्रतिष्ठा आर्जन गर्ने लक्ष्य, के चुन्ने ? आखिर चिकित्सकको सल्लाहमा छोरो १० महिनाको पुगेपछि उनी खेलमा फर्किइन् ।

दोस्रो इनिङको सुरुवातमै ‘माउन्ट एभरेस्ट तेक्वान्दो च्याम्पियनसिप’ फेरि जितिन् । सबैले ‘आयशा इज ब्याक’ भनेर तारिफ गरे ।

२०१४ को एसियन गेम्समा भाग लिन इन्चोन जाँदाको क्षण उनको जीवनकै कष्टपूर्णमध्येको एक थियो । १४ महिनाको छोरो छोडेर डेढ महिनाका लागि कोरिया जाँदै थिइन् । एयरपोर्टमा उड्नुअघि छोरालाई दूध चुसाएर भारी मनले गएकी थिइन् । तर, मन खेलतिर भन्दा छोराको सम्झनातिर एकोरियो जसले गर्दा राम्रो तालिम गर्न सकिनन् । ‘दिनको ६ घण्टा कडा तालिम गर्दा पनि राति निद्रा पर्दैनथ्यो । उसलाई खाना खुवाउन कति गाह्रो थियो । आमाले कसरी खुवाउनुभयो होला, के गर्दै होला आदि इत्यादि सोचेरै दिनरात बिताए’, भन्छिन्, ‘एक मन त छोराप्रति अपराध गरेकी भन्ने पश्चाताप महसुस भइरह्यो ।’

आखिर खेलमा उनी पराजित भइन् । त्यसपछि त उनको पीडा दोब्बर भयो । ‘भर्खर पाइला सार्दै गरेको उसको त्यो क्षण मिस गरेको थिएँ । त्यसमाथि अब नचिन्ने हो कि भन्ने अर्को चिन्ता थपिएको थियो’, उनी भन्दै गइन्, ‘फर्केपछि त छोराले एकछिन पनि छोडेन । खाना बनाउन, ट्वाइलेट कतै जानै नदिने । तीन महिना त त्यसपछि खेल्न पनि गइनँ ।’

सन् २०१६ मा भारतमा भएको १२ औं सागमा उनी फाइनलमा ‘सडन डेथ’ मा पराजित भइन् । त्यसै वर्षको एसियन च्याम्पियनसिल पनि हारेपछि खेल अघि नबढाउने निष्कर्षमा पुगिन् । घर बनाउनतिर लागिन् । आफ्नै खुसीले बिहे गर्दा माइतीसँग बिग्रेको सम्बन्ध सुध्रिँदै थियो । उनीगृहिणी जीवनमा फर्किन् । त्यही बेला दोस्रो पटक गर्भवती भइन् । दोस्रो सन्तान पनि छोरा नै जन्मियो ।

यो समय मानसिक रूपमा अत्यन्त चुनौतीपूर्ण अवस्थामा थिइन्, उनी । फेरि सबै कुरा सिद्धियो जस्तो लाग्थ्यो उनलाई । ‘केही सोच्नै नसक्ने, मन शून्य थियो । के गर्ने, कसो गर्ने अत्यन्त द्विविधामा हुन्थे’, भन्छिन्, ‘बच्चालाई खुवाऊ, स्कुल पठाऊ, घरकै स्याहारसुसारमा दिन बित्न थालेपछि आत्तिन थालेकी थिएँ ।’

यस्तै मनोदशामा झुलिरहँदा आठौं राष्ट्रिय खेलकुद हुनु १० दिनअघि उनलाई एउटा प्रस्ताव आयो, तेक्वान्दो पुम्से टिम इभेन्टमा खेल्ने ? तेक्वान्दो (पुम्से) क्याटागोरी पहिलो चोटी खेल प्रतिस्पर्धामा समावेश हुँदै थियो । यसअघि तेक्वान्दो (गेरोगी) खेलेकी आयशालाई पुम्से खेल्ने रुचि पहिलेदेखि नै थियो । प्रस्ताव स्वीकारेर उनी खेल हुनु १० दिनअघि तालिम लिन थालिन् ।

धेरैले कुरा काटे, दुई जना बच्चा भएपछि नखेलेको भए हुने, पाइसकेको शान किन घटाउँछौं, अनेक प्रतिक्रिया पाइन् उनले । तर, खेलप्रतिको एडिक्सन यति धेरै रहेछ कि, जित हार वा कसले के भन्छ भन्नेतिर उनले कुनै वास्ता गरिनन् । ‘पति र परिवारको सहयोग, समर्थन थियो । अरू प्रतिक्रियामा ध्यान दिइनँ’, उनी भन्छिन्, ‘राष्ट्रिय खेलमा तेस्रो भएँ ।’

नतिजा जस्तो आए पनि निराश नभई तालिम अघि बढाउँदै थिइन् । १३ औं सागमा उनको उमेर मिल्ने पुम्से क्याटागोरीको खेल हुने सम्भावना बढ्यो । उनी छनोट पनि भइन् । यो चोटी दोस्रो छोरा २२ महिनाको थियो । छोडेर २८ दिन फेरि कोरिया तालिममा गइन् ।

‘कसैले दीपक विष्टको कोटाको खेलाडी भने, कसैले गेरोगीबाट पुम्सेमा आयो भने, कसैले के भने । हौसला बढाउनेभन्दा कुरा काट्ने जमात हावी थियो’, उनी भन्छिन्, ‘पुम्सेको मेरो एजको क्याटागोरी पर्न कम्तीमा तीनवटा देशले सहभागिता जनाउनुपर्ने थियो । त्यो भयो र मैले १३ औं सागमा खेल्न पाएँ ।’

यसपटक उनले खेलिनन् मात्रै, दुई स्वर्ण जितेर इतिहास नै बनाइन् । मेरी कोमकी फ्यान आयशा अब धेरैका लागि ‘आइकन’ बनेकी छन् ।



आवरण





# बल ब्वाइको फड्को

ललितपुरको कोन्ज्योसोम गाउँपालिका-५ भारदेउको विपन्न परिवारमा जन्मिएका १७ वर्षीय एक ठिटोले एलिटहरूको खेल मानिने गल्फमा नेपाललाई स्वर्ण दिलाए । गल्फ बल टिप्ने बल ब्वाइका रूपमा गल्फ कोर्समा छिरेका उनको गल्फ यात्रा रोमाञ्चकताले भरिएको छ ।

■ जनक तिमिल्सिना

पहाडी बस्ती । उति धेरै घर छैनन् । तामाङ समुदायको बढी बसोबास रहेको बस्तीमा नेवार र ब्राह्मण समुदायको पनि बसोबास छ । ललितपुरको कोन्ज्योसोम गाउँपालिका-५ मा पर्ने यही भारदेउ गाउँमा ढुंगा र गारोले ठड्याइएको एउटा एक कोठे घर छ । घरमा छतसँगै झ्याल ढोकामा टिन बेरिएका छन् ।

भूकम्पले भत्केपछि ठडिन नसकेको त्यही घरजस्तो देखिने एक कोठे टहरोमा बस्छ– सागका स्वर्णपदक विजेता खेलाडी सुवास तामाङको तीन जनाको परिवार । जस्ताले बेरिएको यही घरमा खुट्टा राम्ररी नचल्ने उनकी आमा सानुमाया तामाङ, ज्यामी काम गर्ने बुवा उत्तम तामाङ र १० वर्षीय भाइ अर्जुन तामाङ बस्छन् । दुःखजिलो गरेर उनका बुवाले परिवारको भरणपोषण भरथेग गर्छन् ।

२०५९ सालमा आर्थिक दुःखले गिजोलेको यही परिवारमा सुवास जन्मिएका हुन् । सुवासले सम्झिने बेलामा उनका बुवाआमा इँट्टाभट्टामा काम गर्थे । सुवासको जिम्मा भने भाइ हेर्ने, खाना पकाउने हुन्थ्यो । उनका बुवाआमाले केही वर्षमै इँट्टाभट्टामा काम छाडेर ज्यामी काम गर्न थाले । काम परिवर्तन गरे पनि उनीहरूको आर्थिक अवस्थामा सुधार हुन सकेन, जसको प्रत्यक्ष प्रभाव किशोर सुवासमा पर्‍यो । उनले आर्थिक दुरवस्थाकै कारण ३ कक्षामै पढाइ छाड्नुपर्‍यो । 'बुवाआमाको आर्थिक स्थिति निकै कमजोर थियो, मैले राम्रो पढ्ने अवसर पाइनँ,' हालैको एक अपराह्न साप्ताहिकसँगको भलाकुसारीमा सुवासले भने, 'त्यति राम्ररी स्कुल नै जान पाइनँ ।'

०६८ सालमा काठमाडौंमा बस्ने उनकी छेमा (सानीआमा) मीना तामाङले आफ्नो छोरा हेर्नका लागि नौ वर्षीय सुवासलाई सहर ल्याइन् । छेमा कालीमाटी टोल सिंनामंगलमा बस्थिन्, दुई वर्ष उनले छेमाका छोराको हेरचाहमा बिताए । दुई वर्ष छेमाको छोरा हेरेर बिताएपछि मावली दाइ विनोद तामाङमार्फत श्याम तामाङ भेटिए, उनी रोयल नेपाल गल्फ क्लबको प्रशासनमा काम गर्थे । श्यामले नै 'बल ब्वाइ'का रूपमा 'धनीहरूको खेल' भनिने गल्फको मैदानमा सुवासको इन्ट्री गराए । 'गल्फमा बल ब्वाइ बनेर छिरेपछि एकदमै रमाइलो हुन थाल्यो, साथीहरू पनि हुन्थे,' सुवास गल्फ मैदानका सुरुवाती दिनहरू सम्झन्छन्, 'हाँस्ने, बल टिप्ने, रमाइलो हुन्थ्यो ।'

'बल ब्वाइ'का रूपमा काम गर्दा उनले ४ हजार तलब पाउँथे । २५ रुपैयाँ थप खाजा खर्च हुन्थ्यो । 'त्यो २५ रुपैयाँको चाउमिन खान्थें, साँझपख छेमाकहाँ गएर खाना खान्थें,' सुवास सम्झन्छन् । पहिलो वर्ष उनले 'बल ब्वाइ'का रूपमा बिताए । अर्को वर्षदेखि आक्कलझुक्कल खेल्ने अवसर पनि उनलाई जुट्न थाल्यो । सुवासको बल हान्ने क्षमताबाट नेपाल गल्फ एसोसिएसनका अध्यक्ष टाँसी घले प्रभावित भए, उनले नै सुवासलाई गल्फ हान्न सिकाए । सुवासलाई टी, बल, पन्जा, सुजलगायतका सामग्रीहरू किनिदिए । गल्फ खेल्ने अवसर पनि उनले नै जुराइदिन थाले । सुवास बिहान ६ बजेदेखि १२ बजेसम्म बल ब्वाइका रूपमा काम गर्थे, त्यसपछि अभ्यास ।





कुराकानीका क्रममा थापाले आफ्नो मोबाइलमा राखेको विश्वका प्रख्यात खेलाडी टाइगर उडको बाल्यकालको फोटोसँग सुवासको फोटो जोडिएको तस्विर देखाउँदै भने, 'ल हेर्नुस त टाइगर उडको हाँसोसँग सुवासको हाँसो म्याच गरेको ।'



'१३ वर्षको उमेरमा पहिलो पटक खेल्ने अवसर पाएँ,' सुवास भन्छन्, 'मलाई टाँसी घले सरले जुनियर गेम खेल्ने अवसर दिनुभयो ।' संघको युथ प्रोग्राममा छनोट भएपछि सुवासले अरूभन्दा राम्रो बल हाने, स्कोरहरू पनि एकदम राम्रो गर्दै गए । जुनियर गेमहरूमा राम्रो स्कोर आएपछि उनलाई एमेच्योर खेल्ने अवसर जुट्यो । 'त्यसमा पनि राम्रो स्कोर आएपछि प्रोफेसनल गेम्समा अवसर पाएँ,' सुवास थप्छन् । नेपाल गल्फ संघले पनि उनलाई सहयोग गर्न थाल्यो ।

प्रोफेसनल गल्फरहरूको सूर्य नेपाल गल्फ टुरमा टप एमेच्योरहरू खेल्न अवसर दिइन्छ । उनीहरूले प्रोफेसनल गल्फरहरूसँग खेलेर केही अनुभव बटुलून् भनेर प्रोफेसनल गल्फ एसोसिएसन (एनपीजे), त्यसमा टप एमेच्योरहरूलाई प्रोफेसनल गल्फरहरूसँग खेल्ने अवसर दिन्छ । राम्रो प्लेयर्स भएकाले एनपीजेले सुवासलाई प्रोफेसनलसँगै खेल्ने अवसर प्रदान गऱ्यो । त्यसबाट उनले थप अनुभव बटुल्ने अवसर पाए । नेपालका नम्बर वान गल्फर शिवराम श्रेष्ठ, भुवन नगरकोटी, धनबहादुर थापा, सन्जय लामाहरूजस्ता खेलाडीहरूसँग खेल्न पाए । सुवासले पाएको चान्सलाई अवसरका रूपमा भरपुर उपयोग गरे । उनले प्रोफेसनलभन्दा राम्रो स्कोर गरेर ट्रफी जिते । एमेच्योर्स र प्रोफेसनल दुवैमा ट्रफी जितेपछि उनी गल्फका उदाउँदा युवा प्रतिभाका रूपमा चिनिन थाले ।

कारण नै मान्नुपर्छ, सुवासले पछिल्लो तीन वर्षयता व्यावसायिक प्रतियोगिता 'सूर्य नेपाल गल्फ टुर' मा एमेच्योर खेलाडीका रूपमा नियमित प्रतिस्पर्धा गर्ने अवसर पाइरहेका छन् । उनले स्वदेश तथा विदेशमा छात्रवृत्तिमा ट्रेनिङ गर्ने मौका पनि पाएका छन् । अहिलेसम्म उनी भुटान, सिंगापुर, भियतनाम, चीन, थाइल्यान्ड, बंगलादेश गएर खेलिसकेका छन् । 'विदेशमा अलि लामो-लामो हान्नुपर्छ,' उनले भने, 'विदेशमा भन्दा नेपालमा खेल्न सहज छ ।'

सुवासको प्रतिभालाई चिनेर नै हुनुपर्छ, २०७५ मा नेपाल आर्मी क्लबले उनलाई करारमा नियुक्ति गर्दै आफ्नो गल्फ क्लबमा खेलाडीका रूपमा स्वागत गऱ्यो । 'सुवास आउँदा मैले यस्तो राम्रो प्रतिभा भएको खेलाडी छ, केही गर्छ भन्ने लागेको थियो,' पाँचवटा टाइटलसमेत जितेका आर्मी अफिसर्स गल्फ क्लबका प्रशिक्षक धनबहादुर थापा भन्छन्, 'यसले भोलि आर्मी क्लबमा मेरो ठाउँ लिन्छ भन्ने लाग्यो ।' त्यसपछि थापाले प्रशिक्षण दिन थाले । सुवासको स्टामिना, अनुशासन, कम बोल्ने शैली, भनेको मान्नेजस्ता गुणहरूले थापाको मन जितेको छ । आर्थिक रूपमा देखिएको समस्या आर्मी क्लबमा करारमा नियुक्त भएसँगै थोरै राहत हुन थालेको छ । अहिले पनि आर्मीमा भएकाले उनलाई खान बस्न निःशुल्क छ । उनले केही तलब पनि थाप्छन् । 'केही तलब आउँछ, त्यसको केही भाग घर पनि पठाउँछु,' सुवासले थपे ।



भुटान ओपनमा त उनले राम्रो उपलब्धि हासिल गरे । शुक्रबहादुर राई प्रथम भए भने उनी तेस्रो भए । 'भुटानमा तेस्रो हुनु उसका लागि टर्निङ प्वाइन्ट भयो । ओहो ! मैले त अन्तर्राष्ट्रिय स्तरमा पनि सक्दो रहेछु, देशका लागि साउथ एसियन गेम्समा कन्फर्म गोल्ड मेडल ल्याउँछु भन्ने दृढता उसमा बढायो,' उनका प्रशिक्षक थापा भन्छन् । सागको तयारीमा क्याम्पमा पनि एकदमै राम्रो भएको थियो । सागकै लागि भनेर सिंगापुरबाट किम वाल्डेन भन्ने विदेशी कोच आएर दुई हप्ता प्रशिक्षण दिएका थिए भने टुर्नामेन्टभन्दा एक दिन अघिसम्मको रुटिङ नेपाली प्रशिक्षकलाई दिएर गएका थिए । कतिखेर खाने, बस्ने, कतिखेर तालिम गर्ने त्यही रुटिङ नेपाली प्रशिक्षकहरूले फलो गरेर सागका लागि सुवासलाई तयार पारे ।

अन्ततः १३ औं दक्षिण एसियाली खेलकुदमा त खुलेर बोल्न पनि नसक्ने ती लुरे फुच्चे केटोले कमालै गरिदिए । उनले गल्फमा व्यक्तिगत र टिम स्पर्धामा गरी २ स्वर्णपदक दिलाए । सुवासले बंगलादेशका मोहमद फाहरादको चुनौती ८ स्ट्रोकले पन्छाउँदै व्यक्तिगत स्पर्धामा स्वर्ण जिते । स्वर्ण जितेपछि उनले सबैभन्दा पहिले बुवाआमालाई सम्झिए । 'बुवाआमालाई सम्झिएँ, त्यसपछि टाँसी घले सरलाई सम्झिएँ,' उनले भने, 'टाँसी सर मेरो लागि गडफादरजस्तै हुनुहुन्छ ।' सुवास अहिले जहाँ छन्, त्यो सबै टाँसीकै देन मान्छन् । सुवासको सपना धेरै छैन, उनी भाइलाई बोर्डिङ स्कुल पढाउने, बुवाआमाका लागि सानो घर बनाइदिने र गल्फका लागि थप मेहनत गर्ने योजनामा छन् । 'मेरा लागि गल्फ नै लाइफ हो, मेरो लागि जिन्दगी नै गल्फ हो,' उनी भावुक भए, 'म गल्फसँगै जीवन बिताउन चाहन्छु ।'

१७ वर्षकै उमेरमा सुवासको गल्फ उडान लोभलाग्दो छ । उनी अहिले वर्ल्डकै गल्फरहरूको र्‍यांकिङमा ७ सय ४१ मा छन् । 'यो नेपालको गल्फमा पहिलो इतिहास नै हो,' थापाले थपे, 'एमेच्योर्स इभेन्टमा सागमा जितेपछि अझ यसमा सुधार हुन्छ होला ।' थापाका अनुसार १७ वर्षकै उमेरमा सुवासले हासिल गरेको प्रतिभा निकै माथिको हो । 'ऊ बल ब्वाइ हुँदादेखि नै गल्फ खेलाडीसँगै बस्न पायो । बल टिप्न जाँदा स्टिक लिएर टिप्न जान्थ्यो । खेलाडी नहुँदा पनि बल हान्ने मौका पाउँथ्यो । त्यहींबाटै सुरु भएको हो गल्फ यात्रा,' थापा सम्झन्छन्, 'भर्खरै १७ वर्षकै उमेरमा उसले गल्फमा निकै फड्को मारेको छ ।' थापा सुवासलाई नेपाली टाइगर उड भन्ने गर्छन् । कुराकानीका क्रममा उनले आफ्नो मोबाइलमा राखेको विश्वका प्रख्यात खेलाडी टाइगर उडको बाल्यकालको फोटोसँग सुवासको फोटो जोडिएको तस्विर देखाउँदै भने, 'ल हेर्नुस त टाइगर उडको हाँसोसँग सुवासको हाँसो म्याच गरेको ।' उनले सुवासका शारीरिक वनावट टाइगर उडसँग तुलना गरे । गहिरिएर हेर्दा सुवास ठ्याक्कै उडजस्तै देखिने रहेछन् ।

आवरण



तस्बिर : महेश प्रधान

# छापामार छलाङ



१२ वर्षको उमेरमै माओवादी सशस्त्र युद्धमा होमिएकी अनुपमा मगरले योग्य लडाकू भएर पनि समायोजन नरोजेर खेलकुदमा आइन् । ०६५ मा आमा गुमाएकी उदयपुर लेखानीकी अनुपमा काठमाडौंमा भाइबहिनीहरूको अभिभावकको जिम्मेवारी सम्हाल्दै कराँतेमा स्वर्ण जित्न सफल भइन् ।

■ मुकुन्द बोगटी

२०५९ सालतिर । माओवादी द्वन्द्व उत्कर्षतिर थियो । समानान्तर सत्ताकै शैलीमा माओवादीहरू जनवादी सत्ताको अभ्यास गरिरहेका थिए । उनीहरूको आफ्नै सत्ता, सेना र कलाकारहरू थिए । उदयपुरमा ग्रामीण बस्तीमा कलाकारमार्फत जनजागरण अभियानहरू सञ्चालन गरिन्थे । निधारमा रातो ताराअंकित फेटा बाँधेका जनवादी कलाकारहरू जब सैनिक ड्रेसमा नृत्य प्रस्तुत गर्थे । ५ कक्षामा पढ्ने उदयपुर लेखानीकी १२ वर्षीया अनुपमा मगरका जीउमा पनि काडा उर्मिन्थे । जोशिला जनजीवनका गीत गाउने जनवादी कलाकारको ग्ल्यामरले उनको बाल मस्तिकलाई बेचैन बनाउँथ्यो ।

गोरो, आकर्षक अनुहारकी धनी अनुपमाको मनमा पनि माओवादी जनवादी कलाकारजस्तै निधारमा रातो ताराअंकित फेटा बाँध्ने रहर हुन थाल्यो । त्यही आकर्षणले बेला-बेलामा माओवादीको कार्यक्रममा सरिक हुन थालिन् । नाच्न–गाउन रुचि भएको कारण सांस्कृतिक विभागमै बसेर काम गर्न इच्छुक रहेको खबर उनले माओवादी कार्यकर्तालाई गरिन् । त्यसपछि अनुपमालाई माओवादीहरूले भूमिगत बनाए । कार्यक्रम नभएको बेला उनी पार्टीका विभिन्न नेताहरू आएर पार्टीको काममा लगाउँथे । धेरैजसो उनीहरूलाई राति सामान एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने जिम्मेवारी हुन्थ्यो ।



रातो ताराअंकित फेटामा लोभिदै माओवादी बन्न पुगेकी अनुपमा पनि सकिनसकी सामानहरू बोक्ने गर्थिन् । 'मलगायत मेरो क्लासका साथीहरूको काम भनेको पार्टीको सामानलाई सप्लाई गर्ने नै हुन्थ्यो,' अनुपमा भन्छिन्, 'हामी स्कुले झोलामा बोकेर कहिले कहाँ-कहाँ उहाँहरूले भनेको सामान बोकेर गोप्य रूपमा पुर्‍याइदिने गर्थ्यौं ।' माओवादी पार्टीमा लडाकुका रूपमा भन्दा उनी संगठनमा क्रियाशील रहिन् । जनमुक्ति सेना लडाइँमा जाँदाको बन्दोबस्तीको सामान लैजाने, खाना पकाउनेजस्ता कामहरू उनीहरूले गर्नुपर्थ्यो । 'हामी गाउँमै भूमिगत भएर बस्ने पनि गर्थ्यौं । नाचगानमा मन भए पनि अहिले जस्तो गीत बजाएर कहाँ नाच्न पाइदैनथ्यो र ?,' उनी थप्छिन्, 'उही पार्टीको कार्यक्रममा नाच्ने त होनी ।'

झन्डै पाँच वर्षजति लुकीछिपीको भूमिगत जीवन बिताएपछि माओवादी शान्ति प्रक्रियामा आयो–वि.स.२०६३ मा । अनुपमालगायतका धेरै कार्यकर्ताहरूलाई माओवादीले सेनामा भर्ती गर्‍यो । उनी माओवादी जनमुक्ति सेनाको सिन्धुलीस्थित दोस्रो डिभिजनमा परिन् । क्यान्टोनमेन्टमा रहँदा बिहान बेलुका कवाज खेल्नुपर्ने र आफूलाई रुचि भएको कुराहरू सिक्न थालिन् । 'म सानैदेखि मोटीघाटी भएको कारण कामरेडहरूले तिमी कराँते खेल, जीउ घट्छ भन्न थाले,' उनी आफ्नो कराँतेसँगका सुरुवाती दिनहरू सम्झिन्छिन्, 'अनि, म कराँते खेलमा आए ।'

कराँते गुरु कमल वाइवालगायतकाले उनलाई पहिलो पटक कराँतेको सामान्य स्टेपहरु सिकाए । 'एक महिनामै मैले अरेन्ज बेल्ट पाएँ । त्यो बेला ध्रुवविक्रम मल्लले ७ वटै डिभिजनको गेम हेर्नुहुन्थ्यो,' उनी जोशिली देखिइन्, 'मेरो खेल देखेर गुरुहरूले मलाई केन्द्रमा लगेर खेलाउने निधो गर्नुभयो ।' माओवादीले







आफ्नो सेनाभित्र नेपाली सेना र प्रहरीकै झल्को दिने गरी खेलकुदका लागि 'पीएलए क्लब' गठन गरे। फूर्तिली अनुपमालाई पनि पीएलए क्लबका लागि छानिइन्।

अल्ट्रा धाविका मीरा राईसँग उनको सामीप्यता यही बेला बढेको हो। उनीहरू दुवै पीएलए क्लबमा थिए। 'हामी दुवै पीएलए क्लबमा रहँदा मीरा राई र मेरो भेट भएको थियो। पहिलो भेटमा हामी खासै बोलेनौं,' अनुपमा मीरासँगको मित्रताबारे भन्छिन्, 'उहाँ र मेरो अनुहार उस्तै देखिन्थ्यो। साथीहरू मलाई भनेर उहाँलाई बोलाउने र उहाँलाई भनेर मलाई बोलाउने गर्थे।' अनुहार उस्तै भएको उनीहरू दुवैको कथा पनि उस्तै छ, दुवै छापामार र दुवैले खेलकुदबाट कालान्तरमा नाम कमाए। उनीहरू पीएलए क्लबमा रहँदा क्यान्टोनमेन्टमा बसेका लडाकुहरूको पनि प्रमाणीकरण प्रक्रिया सुरु भइसकेको थियो। अनुपमा समायोजनका लागि अनमिनले गरेको प्रमाणीकरणमा योग्य ठहरिइन्, तर मीरा भने अयोग्य।

तर, त्यही बेला अनुपमाको जीवन बदलिदिने एउटा घटना घट्यो। २०६५ सालमा उनकी आमाको निधन भयो। यो घटनाले उनको व्यक्तिगत जीवनमा पनि ठूला–ठूला परिवर्तनहरू एकै पटक भए। बाल्यकालदेखि नै सेना बन्ने सपना नजिक पुगेकी उनले त्यसलाई लत्याइन्। आमाको निधनको शोकबाट अगाडि बढ्दै केन्द्रीय प्रतियोगितामा सहभागिता जनाउने निर्णय गरिन्। 'अनि मैले निर्णय गर्नुपर्ने भयो सेनामा जानेकी स्वेच्छिक बहिर्गमन गर्ने ?,' अनुपमा भन्छिन्, 'घरको अवस्था अझ भनौं भाइबहिनीलाई हेर्दा सेनामा गए तलब आउने जसले भाइबहिनीको शिक्षादीक्षालाई भरपर्दो आधार हुने देखिँदैनथ्यो। मैले किन हो भाइबहिनीलाई साथै राखेर जसरी भए पनि पढाउँछु भनेर समायोजनमा जान चाहिन र स्वेच्छिक अवकाश लिएर बाहिरिए।' त्यही बाहिरिने निर्णयले अनुपमालाई छापामारबाट खेलाडी बन्ने मार्ग प्रशस्त गरिदियो।

समायोजन पूर्व उनका दाइले काठमाडौं बसेर भाइबहिनी हेरेर सहयोग गरिदिन अनुपमालाई आग्रह गरेका थिए। 'दाइले तिमी काठमाडौं बस्छौ भने एक भाइ र दुई बहिनीलाई पनि हेर म खर्च बेहोर्छु भनेर ढाडस दिनुभयो,' उनले थपिन्, 'मैले त्यो कुरालाई हुन्छ भनेर भाइबहिनीको जिम्मा लिए।' अनुपमाले समायोजन छाडेर भाइबहिनीको स्याहारको जिम्मेवारी लिइन्।

त्यही क्रममा झन्डै डेढ वर्ष काठमाडौंमा बिताएपछि एक पटक भ्याली लेभलको कुनै गेमको घोषणा भयो। गुरुहरूले अनुपमालाई पनि त्यो प्रतियोगितामा भाग लिन प्रस्ताव राखे। उनले 'हुन्छ' भनेर डेढ वर्षपछि ट्रेनिङ गर्न थालिन्। अनुपमाले लगत्तै राष्ट्रिय प्रतियोगिताको तयारी थालिन्। अनुपमाले छैटौंमा राष्ट्रिय खेलकुदमा सेमिफाइनलमा हारिन्, भने सातौंमा उनको प्रतिभालाई चिनेको पुलिस क्लबले अनुबन्ध गऱ्यो। 'मलाई उहाँहरूले जागिर नै खानलाई पनि प्रस्ताव गर्नुभएको थियो,' उनी भन्छिन्, 'मैले जागिर चाहिँ खाइन उहाँहरूको क्लबबाट मात्र खेल्ने निर्णय गरे।' सातौं राष्ट्रिय प्रतियोगितादेखि नेपाल पुलिस क्लबबाट खेल्न थाले।

राष्ट्रिय प्रतियोगितामा स्वर्ण जितेपछि उनका अगाडि साग प्रतियोगिताको ढोका खुल्यो। पूर्वजनवादी कलाकार तथा छापामार अनुपमाले हालै सम्पन्न १३ औं सागमा कराँतेमा मुलुकलाई स्वर्ण पदक दिलाइन्। अनुपमाको स्वर्ण यात्रा सहज भने पक्कै थिएन्।

उदयपुरको लेखानीमा जन्मिएकी उनको बाल्यकाल त्यही बितेको थियो। उनका दुई दाजु भाइ र पाँच बहिनी थिए। बाल्यकालमा अनुपमा जागिर खान चाहन्थिन्, त्यो पनि सेनामा। उनको गाउँमा जागिर भनेकै सेनामा भर्ती हुने भन्ने हुन्थ्यो। त्यसैले पनि उनी सेनाको जागिरतर्फ सानैमा आकर्षित भएकी थिइन्।

खेलाडी बन्ने न उनले कल्पना गरेकी थिइन्, उनको घरबाटै न कसैले उनले खेलेको हेर्न चाहेका थिए। उनका बुवा नारदबहादुर मगरलाई पनि खेलकुदप्रति उत्ति रुचि थिएन्। 'उहाँ खेलकुदमा लाग्यो भने हातखुट्टा भाँचिन्छ भन्नुहुन्थ्यो,' उनी भन्छिन्। १२ वर्षको उमेरमै माओवादी सशस्त्र द्वन्द्वमा लागेकी उनी उदयपुरको लेखानीको सामान्य परिवारमा जन्मिएकी हुन्। ५ कक्षा पढ्दापढ्दै उनी ज्यान हत्केलामा राखेर हिँड्नुपर्ने माओवादी युद्धमा लागिन्। युद्धरत माओवादीमा ७ वर्ष बिताएर पुनः खुला जीवनमा आइन्। खुला जीवनमा खेलकुदमा लागेकी उनले अन्ततः स्वर्ण जितिन्।

भन्छिन्, 'भाग्यमा लेखेको पाइन्छ भनेर धेरैले भन्छन्। तर, मेरो भाग्यमा के लेखेको छ, त्यो मैले पाउन सकेको छैन। कर्मको कारण म विभिन्न कारणले उछिट्टिदै यो अवस्थासम्म आइपुगेको छु।' अनुपमालाई आफूले कुन धरातलबाट आए र कसरी संघर्षपूर्ण दिनहरूमा खेल जीवनलाई अगाडि बढाए भन्ने राम्रोसँग थाहा छ। 'कहिलेकाहीं ट्रेनिङ गरेर लखतरान भइन्थ्यो,' उनी भन्छिन्, '१० रुपैयाँ खल्तीमा नहुँदा दशरथ रंगशालाबाट हिँड्दै हामी बालाजु पुग्थ्यौं। घर पुग्दा राति भइसकेको हुन्थ्यो।' पैसाकै अभावका अनुपमाले त्यो समयमा न आफूलाई मन लागेको खान पाइन्, न लगाउन नै। तर, निरन्तर उनी आफ्नो कर्ममा खटिरहिन्।

१३ औं सागमा अन्तर्राष्ट्रिय स्वर्ण जितेपछि उनलाई लाग्न थालेको छ, संघर्षले पेअफ गर्दैरहेछ। 'प्रतियोगितामा सफलता पाउन थालेपछि बुवाले पनि खेलकुद भनेको के रहेछ भन्ने कुरा बुझ्न थाल्नुभएको छ,' उनी सफलताले ल्याएका सकारात्मक परिवर्तनबारे भन्छिन्, 'अहिले खुसी नै हुनुहुन्छ, अझ १३ औं सागमा पदक जितेपछि उहाँ झनै खुसी हुनुभएको छ।' सागमा स्वर्ण जितेपछि अब अनुपमाको अघिल्लो लक्ष्य ओलम्पिक हो। 'अब म ओलम्पिक केन्द्रित भएर तयारी गर्छु,' उनले थपिन्।

अनुपमालाई खेल जीवन शरीरमा शक्ति रहन्जेल हो भन्ने पनि थाहा छ। त्यसैले उनी खेल सँगसँगै सानोतिनो रेस्टुराँ चलाउने योजनामा पनि छन्। उनी सागमा पाएको पुरस्कार राशि भाइबहिनीको शिक्षाका लागि नै खर्च गर्ने सोचाइमा छिन्। 'उनीहरूको भविष्य सुन्दर भएको हेर्न म चाहन्छु,' उनी भावुक देखिइन्, 'अहिले मैले उनीहरूलाई गरेको लगानी भविष्यमा उनीहरूले पक्कै पनि माया र सम्मान गरेर तिर्नेछन् भन्ने विश्वास छ।' उनकी कान्छी बहिनी पनि उनकै पथमा छिन्। मुलुकमा चर्केको सशस्त्र द्वन्द्वसँग उनको पढाइ भने बिथोलिएको छ। 'पार्टीमा लागेका कारण पढाइलाई पनि अगाडि बढाउन सकिन्,' उनले कुराको बिट मार्दै भनिन्, 'अहिले कराँते सिकाएर जीविकोपार्जन गरिरहेकी छु।'


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
Since 1760
Berger
Paint your imagination
Glamor icon
of the week
अनुष्का श्रेष्ठ (मिस नेपाल वर्ल्ड-२०१९)


तस्बिर : महेश प्रधान
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
Berger
SILK
GLAMOR
CRYSTAL REFLECTIVE TECHNOLOGY
SILK
GLAMOR
LUXURY INTERIOR EMULSION

आवरण

# जोसँग ड्रेसको पैसा हुँदैनथ्यो



आमाबुवाको सम्बन्ध बिग्रिएपछिको भावनात्मक पीडाबाट ग्रुजिएकी पुनम श्रेष्ठले जुडोमा स्वर्ण जितिन् । आमासँगै भाडाको कोठामा बसेर म्याटमा अभ्यास गरेकी पूनमको स्वर्णयात्रा भावनात्मक पीडा र अभावबाट ग्रुजिएको छ ।



तस्बिर : अंगद ढकाल



तस्बिर : श्रुति श्रेष्ठ

■ सुजाता मुखिया

*स्थान : केरला, भारत*
*प्रतियोगिता : एसियन गेम–२०१६*

जुडो खेलका लागि नेपालको प्रतिनिधि गर्दै केरला पुगेकी थिइन्, पूनम श्रेष्ठ । खेलस्थल नजिकैको होटलमा आराम गरिरहेकी थिइन् । खेल सुरु हुने घडी नजिकिएसँगै उनको मुटुको चाल तीव्र हुँदै थियो । ठीक त्यही बखत आफन्तले उनका बुवाको तस्बिर पठाए, जहाँ संक्षिप्तमा लेखिएको थियो, 'बुवा बित्नुभो ।'

पूनमको मुटुको चाल रोकिएझैं भयो । यो अप्रिय खबरले उनको हृदयमा तुफान ल्याइदियो । हुन त पूनमले बुवाको आश्रय र माया सानै उमेरमा गुमाइसकेकी थिइन् । आमा र बुवाबीच सम्बन्ध बिग्रिएसँगै पूनम आमाको काखमा हुर्किइन् । त्यसैले बुवासँग खासै धेरै घुलमिल थिएन । यद्यपि बुवा बितेको सुन्दा त्यो क्षण उनको नौ-नाडी गल्यो ।

जे भए पनि खेल्नु नै थियो । उनी गह्रौं पाइला चाल्दै रिङमा प्रवेश गरिन् । तर, रिङभित्र पूनमले आफ्नो खेल देखाउन सकिनन्, हारिन् ।

० ० ०

*स्थान : लगनखेल, ललितपुर*
*प्रतियोगिता : दक्षिण एसियाली खेलकुद– २०१९*

१३ औं सागअन्तर्गत जुडो खेल सुरु हुनुअघि पूनमले आमालाई भनेकी थिइन्, 'मेरो खेल हेर्न आउनु है ।' आमालाई लाग्यो, आफूलाई त्यहाँ देखेर छोरीले राम्ररी खेल्न सक्दिन । सामान्य ज्यालादारी गर्ने आमा खेल हेर्न गइनन् ।

पूनमले फोन गरिन्, 'आमा, मलाई टिभीमा हेर्नु, टिभीमा मैले खेलेको देखाउँछ ।' आमाले आफू काम गर्ने गेस्टहाउसको टेलिभिजनमै अधैर्यसाथ छोरीको खेल हेरिन् । आमाको आँखा रसायो । टेलिभिजनमा छोरीले स्वर्ण जितेको देखाइरहँदा आमाले मन थाम्नै सकिनन् ।

> आमाले आफू काम गर्ने गेस्टहाउसको टेलिभिजनमै अधैर्यसाथ छोरीको खेल हेरिन् । आमाको आँखा रसायो । टेलिभिजनमा छोरीले स्वर्ण जितेको देखाइरहँदा आमाले मन थाम्नै सकिनन् ।

७८ केजीमुनिको तौल समूहमा पूनमले बंगलादेशी खेलाडी फेरिना खानोमलाई पराजित गर्दै स्वर्ण जितेकी थिइन् ।

० ० ०

*स्थान : सुन्धारा, काठमाडौं (एक गेस्टहाउसको बार्दली)*

सागको चटारो पछिको फुर्सदिलो दिनमा आमासँगै एक गेस्टहाउसमा बसिरहेकी थिइन्, स्वर्ण विजेता पूनम श्रेष्ठ । उनकी आमा त्यही गेस्टहाउसमा ज्यालादारी गर्छिन् । एक्ली आमाको आश्रयमा हुर्किएकी पूनम यतिबेला भने आफ्नो खेल-जीवनका कठिन क्षणहरू स्मरण गरिरहेकी थिइन् ।

उनी निकै विपन्न परिवारमा चितवनमा जन्मिएकी हुन् । सानै छँदा बुवाले आमालाई छाडिदिए । त्यसपछि आफ्ना लालाबाला च्यापेर आमा काठमाडौं आइन् । त्यसबेला पूनमसँगै उनकी दिदी र सानो भाइ साथमा थिए ।

आमाले सुन्धारास्थित पोखरा प्यालेस होटलमा काम गर्दै छाक जुटाउन थालिन् । यता पूनम र उनकी दिदी भने अनाथ





तस्बिर : अंगद ढकाल

बालबच्चा राख्ने होस्टलमा पुगिन् । त्यहाँ उनले कक्षा पाँच र उनकी दिदीले एसएलसीसम्मको पढाइ पूरा गरे । त्यसपछि आमासँगै भाडाको कोठामा बसिन् र नवयुग माध्यमिक विद्यालयबाट कक्षा १० सम्मको पढाइ पूरा गरिन् ।

होस्टलमा बस्दा उनी फुटबल खेल्थिन् । एक दिन साथीहरूको लहलहैमा त्रिपुरेश्वर पुगेकी पूनमले जुडो खेल हेर्न पाइन् । उनलाई जुडो खेलमा रुचि जाग्यो । हरेक बिहान पूनम जुडो हेर्न त्रिपुरेश्वर धाउन थालिन् ।

त्यही बेला उनको जुडोका गुरु चन्द्रकुमार डंगोलसँग भेट भयो । गुरुले भने, 'जुडो खेल्छौ भने अनुशासित हुनुपर्छ ।' पारिवारिक संस्कार राम्ररी नपाएकी र बेपर्वाह हुर्केकी उनलाई 'अनुशासन' बारे खास हेक्का थिएन । तर, खेल खेल्दै जाँदा उनले आफ्नो जीवनलाई अनुशासित बनाउँदै लगिन् ।

बिहान विद्यालय, साँझ जुडो । तर, खेल्नका लागि न उनीसँग ड्रेस किन्ने पैसा थियो, न डाइट किन्ने । पैसा कोसँग माग्ने ? आमाको अवस्था दयनीय थियो । पैसाको अभाव भएकाले कहिलेकाहीँ उनी खेल्न पनि जाँदैनथिन् । पूनमको अवस्था बुझेर डंगोल गुरुले बेलाबखत पैसा दिन्थे, आउजाउ र खाजाका लागि ।

छोरी के खेल्दैछे, किन खेल्दैछे, खेलेर के पाइन्छ ? आमा अनभिज्ञ थिइन् । आमालाई यति मात्र थाहा थियो कि, खेल्न पाउँदा छोरी खुसी हुन्छे । छोरीको खुसीकै लागि आमा भन्थिन्, 'तँलाई खेल्न जाने ठाउँ टाढा भयो भने नजिक डेरा सरौं ।' उनीहरू त्रिपुरेश्वरनजिक टेकुमा डेरा सरे ।

पूनमलाई जुडोको ड्रेस डंगोल गुरुले किनिदिएका थिए । त्यो ड्रेस पूनमले जतनसाथ राखेकी थिइन् । एक दिन बुवा बालबच्चा भेट्न डेरामा आइपुगे ।

> “
> एक दिन बुवा बालबच्चा भेट्न डेरामा आइपुगे । छोरीले जुडो खेल्छे भन्ने थाहा पाएपछि उनले उक्त ड्रेस च्यातिदिए र आमालाई “छोरीलाई पढ्न नपठाएर तँजस्तै बनाउने भइस्” भन्दै बेस्सरी पिटे ।

छोरीले जुडो खेल्छे भन्ने थाहा पाएपछि उनले उक्त ड्रेस च्यातिदिए र आमालाई 'छोरीलाई पढ्न नपठाएर तँजस्तै बनाउने भइस्' भन्दै बेस्सरी पिटे । 'त्यसपछि म धेरै दिनसम्म खेल्न गइनँ,' पूनमले सम्झिइन्, 'गुरुले किन नआएको भनेर सोधीखोजी गरेपछि मैले ड्रेस नभएको कुरा बताएँ । उहाँले अर्को ड्रेस किनिदिनुभयो ।'

डंगोल गुरुले पूनमलाई खेलकौशल मात्र सिकाएनन्, सुखदुःखमा साथ पनि दिए । गुरुले आमा र दिदीलाई काममा लगाइदिन्छु भनेपछि पूनम ढुक्कसाथ जुडो खेल्न थालिन् । जुडो खेल्दा चोटपटक लाग्थ्यो, हातखुट्टा मर्कन्थ्यो । मल्हम किनेर लगाउने पैसा थिएन । तैपनि आमाले खेल्न दिन्नन् कि भनेर उनी चुपचाप आफ्नो पीडा लुकाउँथिन् । चोटपटक आफैं बिसेक हुन्थ्यो । खेलमा जितेको पैसा उनी आमालाई बुझाउँथिन् । छोरीले खेल जितेर आउँदा आमाले सोध्ने प्रश्न हुन्थ्यो, 'कति रुपैयाँ जितेर ल्याइस् ?'

जुडो रिङमा प्रवेश गर्दा पूनमलाई आमाको याद आउँथ्यो । अनि उही प्रश्न उनको कानमा गुन्जिन्थ्यो, 'कति रुपैयाँ जितेर ल्याइस् ?' आमाको मन राख्नकै लागि उनी कठिनताका साथ खेलमा लागिरहिन् । घर-परिवारको गर्जो टार्न दिदी वैदेशिक रोजगारीमा गएकी थिइन् । उनै दिदीले पूनमलाई खेल्नका लागि सजिलो बनाइदिइन् । दिदीले बुवाको अभाव टारिदिएकी थिइन् । यस्ता अनगिन्ती अभाव, अप्ठ्यारा झेल्दै पूनमले आफ्नो खेल जीवनलाई गतिशील बनाइरहिन् ।

उनले सन् २०१३ मा भुटानमा आयोजित 'भुटान-नेपाल जुडो ज्वाइन्ट ट्रेनिङ क्याम्प एन्ड टुर्नामेन्ट'मा स्वर्ण पदक जितिन् । त्यसैगरी २०१६ मा भारतको सिलोङमा १२ औं दक्षिण एसियाली खेलकुदमा ७८ केजी तौल समूहबाट रजत पदक हासिल गरिन् । सोही वर्ष भारतमै भएको १७ औं एसियन जुनियर जुडो च्याम्पियनसिपमा सहभागी भइन् । २०१८ मा आठौं दक्षिण एसियाली जुडो च्याम्पियनसिपमा र थाइल्यान्डमा भएको अन्तर्राष्ट्रिय नर्थ बैंकक जुडो च्याम्पियनसिपमा कांस्य पदक जितिन् ।

नेपालमा १३ औं साग गेम हुने भएपछि उनी निकै उत्साहित थिइन् । प्रतियोगिताका लागि उनी बन्द प्रशिक्षणमा भएकै बेला दिदीको विवाह हुने भयो । तर, आफूलाई त्यतिका साथ र सहयोग गर्ने दिदीको खुसीमा उनी सामेल हुन सकिनन् । मोबाइलमा भिडियोबाटै दिदीको विवाह हेर्नुपर्ने भयो । त्यसबेला आमाले भनेकी थिइन्, 'दिदीसँग त पछि पनि भेट हुन्छ, खेलमा ध्यान दिन् । यस्तो मौका फेरि आउँछ कि आउँदैन ।' मौकाको सही सदुपयोग, लगन, मेहनत, जुडोप्रतिको प्यासनले उनी आज सफल भएकी छन् ।



आवरण




तस्विर : श्रुति श्रेष्ठ

# निडर निमा



सशस्त्र द्वन्द्वका बेला रोल्पाबाट परिवारसहित विस्थापित भएर काठमाडौं आइपुगेकी निमा घर्तीमगरको पारिवारिक कथा त्रासबाट ग्रुजिएको छ । द्वन्द्वको त्यही त्रासबाट बाहिरिन खोजिरहेको नेपाली समाजको प्रतिनिधिका रूपमा निमाको लगातार सागमा स्वर्ण जित्ने यात्रालाई लिन सकिन्छ ।



■ सिर्जना दुवाल श्रेष्ठ

भित्ताभरि प्रमाणपत्र र पुरस्कार पाउँदाका फोटाहरू टाँगिएका छन् । मेडलहरू झुन्डिएका छन् । नजिकैको टेबुलमा पनि ट्रफी मेडलहरू सजिएका छन् । हालै भएको १३ औं सागबाट थप एउटा स्वर्ण पदक थपिएको छ, उसु खेलाडी निमा घर्तीमगरको कोठामा ।

यी मेडलहरूले उनमा खुसी थपिएको छ । ती मेडल पाउन उनले गरेको संघर्षका कथा मर्मस्पर्शी छ । पढाइ र खेलबीच तालमेल मिलाउन नसक्दा, शिक्षकका गाली सुन्दाका क्षणहरू कति नमीठा थिए । स्कुलमा जहिल्यै गुनासो हुन्थ्यो, 'निमा यसरी हुन्छ ? खेलमा मात्रै ध्यान दिएर तिमीले कसरी करिअर बनाउँछौ ?' हतार-हतार स्कुल पुग्दा पहिलो, दोस्रो पिरियड छुटिसकेको हुन्थ्यो । निमा नाजवाफ हुन्थिन् ।

न पढाइ छोड्न सक्थिन्, न त उसु तालिम नै । एउटा झोलामा उसु ड्रेस, अर्कोमा किताब बोकेर उनी बिहानै घरबाट निस्कन्थिन् । न राम्रोसँग मुख धुन पाउनु, न कपाल नै कोर्न । हस्याङफस्याङ गर्दै स्कुल पुग्दा साथीहरूले जिस्क्याउँथे, 'ओइ, तँ कुनचाहिँ विश्वयुद्ध लडेर आइस् ?' कति पटक त स्कुल गार्डले ढिलो भएकोमा छिर्न पनि दिँदैनथे ।

पढाइ मात्रै होइन, पारिवारिक पृष्ठभूमि र अवस्था पनि उनका लागि अनुकूल थिएन । बडो प्रतिकूल अवस्थाको सामना गर्दै उनी स्वर्णधारी उसु खेलाडी बन्न पुगिन् ।

निमा आफ्ना आमा बाबुसहित ललितपुरको च्यांगाथली बस्छिन् । उनको पुर्ख्यौली घर रोल्पाको माडीचौर हो । रोल्पा माओवादी विद्रोहसँग जोडिएको ठाउँ । त्यहाँका कोही पनि प्रत्यक्ष/परोक्ष द्वन्द्वको चपेटामा नपरेको भन्ने छैन । निमा सानै थिइन । उनको परिवार माडीचौरबाट विस्थापित भयो । पिता मनसुर घर्ती सिंगापुरमा श्रम गर्दै थिए । उता बम र बारुद्धको त्रासमा आमा र दाइ सँगै निमा रोल्पामै थिइन् ।

रोल्पाका समाचारले सिंगापुरमा मनसुरको मन पोल्थ्यो, गाउँमा रहेका श्रीमती र छोराछोरीलाई सम्झिएर भक्कानिन्थे । तीन वर्ष मजदुरी गरेर उनी नेपाल फर्किए र पूरै परिवारलाई काठमाडौं ल्याए । विदेशमा कमाएर ल्याएको पैसाले ललितपुरको च्यांगाथलीमा घर किने । बाहिरी आयस्रोत अरू केही थिएन । खानै पर्‍यो, छोराछोरीलाई पढाउनै पर्‍यो । घर बेच्नुबाहेक अरू विकल्प थिएन । छाक टार्न घर बेचेर पिकअप गाडी किनेर चलाउन थाले । छोराछोरीलाई लुभुको डनबस्को स्कुलमा भर्ना गरे ।

सहरमा आए पनि निमाको जीवन धेरै अप्ठ्यारो किसिमले बित्यो । गाडी आउने बाटो थिएन भने पसल पुग्न घण्टौं हिँड्नुपर्ने अवस्था थियो । स्कुल पुग्दा धुलोले ड्रेस मैलो भइसक्थ्यो । स्कुल जाँदा निमाले मार्सल आर्ट खेलिरहेका केटाकेटी देख्थिन् । त्यो देखेर उनलाई पनि खेल्न मन लाग्यो । बुवालाई आफ्नो चाहना भनेपछि तुरुन्तै भर्ना गरिदिए । जुडो खेल्ने ठाउँ अलि टाढा भएकाले बिहान समय दिन सकिनन्, त्यो रोकियो । निराजन आलेमगर गुरुले टीकाथली गोदावरी खोला नजिकै किनारमा उसु सिकाउन थालेपछि उसु सिक्न जान थालिन्, तर उसुको ड्रेस नहुँदा कति दिन उनलाई हीनताबोध भयो । यो प्रसंग आउँदा उनका आँखा रसाइरहेका थिए । भन्दै थिइन्, 'भन्नासाथ ड्रेस किन्न बुबासँग पैसा हुँदैनथ्यो । घरको लुगामा उसु खेल्न धेरै गाह्रो थियो । पछि बुबाले पैसा जोहो गरेर ड्रेस किनिदिए ।' त्यसपछि पछि उसुमा उनको रफ्तार अचम्मले बढ्यो ।

२०५६ साल पुस २ गते रोल्पाको कोटगाउँ-१, माडिचौरमा जन्मिएकी निमाले उसु खेल्न थालेको लगभग ७ वर्ष पूरा भएको छ । सात वर्षमा उनले लगातार दुईवटा साग खेलमा स्वर्ण जितेकी छन् । भन्छिन्, 'म मेरो सफलताको श्रेय प्रशिक्षकसँगै आफ्ना अभिभावकलाई दिन्छु । किनभने उहाँहरूले मलाई कहिल्यै खेल्न रोक्नुभएन ।'

खासमा निमा स्वर्ण जित्ने भन्दा पनि शारीरिक रूपमा बलियो 'सेल्फ डिफेन्स' कै लागि खेलेकी हुन् । तर जब सफलता







हात लाग्दै गयो, उनमा उसुको लत लाग्न थाल्यो । एक दिन छुट्यो भने पनि उनी विचलित हुन्थिन् । साथीहरूले कत्ति सिकिसके होला, म पछि पर्ने भएँ जस्तो लाग्थ्यो, उनलाई । त्यसैले सकेसम्म कक्षा छोड्दिनथिन् । निमाले उसु जुनियरमा जति प्रतियोगिता खेलिन्, सबैमा स्वर्ण पदक नै जितिन् । तर, राष्ट्रिय स्तरको प्रतियोगिताचाहिँ जुनियर जति सजिलो थिएन । नवौं राष्ट्रिय प्रतियोगितामा दोस्रो भइन् । त्यसपछि उनको खेलप्रतिको लगाव बढ्दै गयो । उनको लगावले गुरुहरू खुसी थिए । गुरु निराजन आलेका अनुसार, निमा अरू उसु खेल्न आउनेहरूभन्दा फरक थिइन्, जसका कारण खेलेको छोटो समयमै राष्ट्रिय टिममा पुगेर अन्तर्राष्ट्रिय सफलता हासिल गरिन् ।

निमा र गुरुको कुरा सुनिरहेकी आमा पुना घर्तीमगर पनि छोरीबारे भन्न तम्सिइन् । 'सानोमा त निमा साह्रै घमन्डी, आफूले केही गल्ती पनि नगने ', अरूको अन्यायको प्रतिकार पनि गर्ने लडाकु स्वभावकी थिइन् । सानैदेखि कसैसँग नडराउने स्वभाव थियो' उनले भनिन् ।

बाबु मनसुरले पनि यसै प्रसंगमा सानो बेलाको एउटा घटना जोडी हाले, 'रोल्पामै हुँदा आफन्त बितेर मलामी गएका थियौं, चार-पाँच वर्षकी निमाले लाश पोली राखेको ठाउँबाट मुढा लिएर आफ्नो दाइलाई हानेर ढालिदिइन् । पछि पो थाहा भयो घरमा दाजुले बहिनीलाई हेप्ने, पिट्ने रहेछ ।'

१२ औं सागमा जानु अघिसम्म पनि कसैले होच्यायो वा केही नराम्रो भन्यो भने केटाहरूसँग पनि उनी झगडा गर्दी रहिछन् । विद्रोहको उद्गमकी निमाको

> त्यो क्षण सम्झँदा अहिले पनि निमाको आँखा रसाउँछ । निमाले भनिन्, किनभने मैले त्यस्तै मेहनत गरेको थिएँ । त्यो मेरो जीवनकै कोसेढुंगाजस्तो बन्यो । हात भाँचिएर पनि छनोट प्रतियोगिता जितेको भएर होइन ।

स्वभाव पनि विद्रोही खालको छ । खेलमा हारजित हुन्छ । खेलाडीको मनोबल उठ्ने खस्कने भइरहन्छ । १२ औं साग अघि निमा चरम निराशामा पुगेकी थिइन् । उनी एसियन गेममा जान छानिएकी थिइन्, ज्यान दिएर अभ्यास गरिन् । जे गर्छु मनैदेखि गर्छु र सफल पनि हुन्छु भन्ने विश्वास बोकेकी निमाले अभ्यासका क्रममा लडेर हात भाँचिन्, तर अभ्यासमा कमी गरिनन् ।

न खाने समय, टिनएजर निमालाई दौडादौड थियो । आफू सरहका साथीहरू टिभी हेर्ने, रमाइलो गर्ने बेला न उनको मुखमा हाँसो हुन्थ्यो, न त टिनएजर रंगीन सपना नै । कोरियामा खेल्न जानकै लागि नाबालक नागरिकता र पासपोर्ट बनाइन् । तर, जाने समयमा निमाको कोटै काटेर आयो । त्यति बेला निमाले आफ्ना सारा सपना नै टुटेको महसुस गरिन् । उनले कोरियामा खेल्न जाने तयारी गरिसकेकी थिइन् । उनी नराम्ररी टुटिन् । 'हप्तौं दिन रोइराख्यो, न खायो, न स्कुल गयो न खेल्न नै गयो', त्यो क्षण सम्झँदै आमाबाबु भन्छन् ।

त्यो क्षण सम्झँदा अहिले पनि निमाको आँखा रसाउँछ । भन्छिन्, 'मैले त्यस्तै मेहनत गरेको थिएँ । हात भाँचिएर पनि छनोट प्रतियोगिता जितेको थिएँ । जितेर पनि कोरिया जाने टिममा नपरेपछि पीडा त हुन्छ नि ।'

कोरिया जान नपाएको पीडा बिर्सिएर अभ्यास गरिरहँदा १२ औं दक्षिण एसियाली खेलकुदमा छनोट भइन् । जित्नैपर्छ भन्ने दृढ संकल्प गरेकी उनले त्यो खेलमा स्वर्ण दिलाइन् । छनोटमा परेपछि स्कुलमा भन्दै नभनेर कक्षा १० को अन्तिम परीक्षा छाडेर अभ्यासमा पोखरा क्लोज क्याम्पमा गएकी थिइन् । स्कुल यता भएका कारणले उनले प्रि-बोर्डहरू दिन पाइनन् । स्कुलबाट छोरीलाई जसरी नै लिएर आऊ भन्ने उता निमाको क्लोज क्याम्प । त्यति बेला निमाको बुबाले बडो कठोर निर्णय लिए, 'पढाइ बिग्रे बिग्रोस् यसपटक नमिले अर्को वर्ष एसईई परीक्षा दिन्छे, तर निमाले सागमा खेल्छे ।' बुबाको निर्णयकै कारण निमाले साग पाइन् । निमाको सफलताको कडी उनको परिवार र पिताले गरेको सहयोग हो । जब उनले स्वर्ण जितिन्, स्कुलबाट पनि सपोर्ट हुन थाल्यो, उनले एसईई दिइन् र सफल पनि भइन् । अहिले १३ औं सागमा पुग्दा उनी बीबीए पढ्दै छिन् । खेलमै बढी फोकस भए पनि उनले पढाइ पनि जारी राखेकी छन् ।

आवरण





# साइकलले फेरेको जिन्दगी

**गरिब परिवारमा हुर्किएका राजेश मगरले डाउनहिल साइक्लिङ रेसमा मुलुकलाई स्वर्ण दिलाए । अरूबाट पाएको साइकल आमाले ९० रूपैयाँमा कवाडीमा बेचिदिएपछि धुरू–धुरू रोएका मगरको स्वर्णयात्रा उत्तिकै संघर्षमय छ ।**

■ महेश तिमल्सिना

गरिब भएपछि सबैले हेप्दा रहेछन्,' १३ औं दक्षिण एसियाली खेलकुद (साग) को डाउनहिल साइक्लिङ रेसका स्वर्ण विजेता राजेश मगरको कटु भोगाइले यस्तै भन्न बाध्य पार्छ । गरिब परिवारमा जन्मिएर साइक्लिङलाई करियर बनाएका मगरको स्वर्णसम्मको यात्रा केवल साइकलप्रेमले मात्रै सम्भव भएको हो । यस क्रममा उनले थुप्रै हन्डर खेपेका छन् ।

स्थायी घर सोलुखुम्बु भए पनि उनको जन्म भने भैंसेपाटी, सैंबु, ललितपुरमा भएको हो । उनका आमाबाबुले सोलुखुम्बु छाडेको ३० वर्ष भयो । सुरुमा राजेशका बाबुआमा गलैंचा कारखानामा काम गर्थे । त्यसबाट गुजारा नचलेपछि बाबु (रामबहादुर) ज्यामी काम गर्न थाले भने आमा (दीपा) अर्कैको घरमा काम गर्न थालिन् । बुवा मदिरासेवन गर्ने भएकाले जति कमाउँथे, त्योभन्दा बढी उडाउँथे । आमाले कमाएकाले मात्र घर चल्न गाह्रो हुन्थ्यो । त्यसपछि आमा पनि अरूको घरमा काम गर्दै दिउँसो ज्यामी काममा जान थालिन् । राजेशकी एक दिदी छिन् । आमाबाबु ज्यामी काममा जाने भएपछि राजेश पनि आमाबाबु जता काममा जान्थे, उतै जान्थे । त्यतै धुलीमाटी खेल्थे । यसरी नै उनको बाल्यावस्था बित्यो । सायद सानैदेखि दुःख पाएर होला, राजेशको मानसपटलमा त्यतिबेलाका परिदृश्य अझै ताजा बनेर बसेका छन् । 'मलाई सानैदेखिको दुःख याद छ । त्यही दुःखले नै अहिले यहाँ छु जस्तो लाग्छ,' उनी भन्छन्, 'बुबाममी ज्यामी काममा जाँदा जुन घर बनाउन लागेको हो त्यो घरको निर्माण सामग्री कुर्नका लागि इँटाले वरिपरि बेरेर माथि टिनले ढाकेर बस्दा कहिले पानीको भेलले ओछ्यान भिज्याउँथ्यो त कहिले छानाबाट पानी चुहिन्थ्यो ।' केही दिनअघि साप्ताहिकसँग खुलेर प्रस्तुत हुने क्रममा दुःख र संघर्ष सम्झँदै धेरै पटक भक्कानिए । उनका आँखा पटक-पटक रसाए ।

राजेश स्कुल जान सक्ने भएपछि उनलाई जनोदय स्कुलमा भर्ना गरियो । त्यहाँ उनले नर्सरीदेखि कक्षा १ सम्म अध्ययन गरेपछि बुङ्मतीस्थित आदर्श सहुल युवक माविमा कक्षा २ मा भर्ना भए । उनको स्कुले जीवन सामान्य रह्यो । त्यहाँबाट उनले कक्षा १२ सम्मको अध्ययन गरे । त्यहाँभन्दा माथि उनको अध्ययन अघि बढ्न सकेको छैन ।

गरिब परिवारमा जन्मिए पनि राजेशको साइकलसँगको नाता सानैदेखिको हो । एसएलसीपछि लाहुरे बन्ने लक्ष्य राखे पनि यही साइकलप्रतिको मोहले डोऱ्याउँदै साइक्लिङ रेसमा देशको नाम लेखाउन सक्ने भए । २३ वर्षीय राजेशले केही हप्ताअघि सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुदको डाउनहिल साइक्लिङ रेसअन्तर्गत १ मिनेट ४९ सेकेन्ड ३३ मिलिसेकेन्डमा १ किलोमिटर दूरी पार गर्दै नेपालका लागि स्वर्ण पदक दिलाए । यसभन्दा अघि पनि उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न साइक्लिङ रेसमा जित हासिल गरेका छन् । उनले चारवटा नेसनल डाउनहिल च्याम्पियनसिप पनि जितिसकेका थिए । सन् २०१४, २०१६, २०१७ र २०१८ का उनी नेसनल डाउनहिल च्याम्पियन हुन् ।

साइक्लिङमा यो सफलता प्राप्त गर्न उनको साइकलप्रतिको लगाव नै मुख्य कारण हो । सानैदेखि चकचके स्वभावका राजेश साथीहरूले साइकल चलाएको देखेर आमालाई साइकल किनिदिन आग्रह गर्थे । यद्यपि उनका आमाबाबुसँग भने त्यतिबेला साइकल किन्दिने हैसियत थिएन । 'सिसाकलम, कापी त मैले साथीहरूसँग मागेरै चलाउनुपर्थ्यो,' राजेश भन्छन्, 'साइकल नै किनिदिने त परको कुरा हो ।' यही क्रममा राजेश आमाले काम गर्ने घरमा सँगै गए । त्यहाँकी घरबेटीकी छोरीको बीएमएक्स साइकल थियो । त्यही दिन साइकलमा चढाएर घरबेटीकी छोरीले उनलाई पसलसम्म लगिन् । बीच बाटोमा पुगेपछि राजेशसँग सोधिन्, तिमीलाई साइकल चलाउन आउँछ ? राजेशले आफूलाई साइकल चलाउन नआउने भए पनि आउँछ भन्दिए । साइकल चलाउने कोसिस गरे तर लडिहाले । 'कहिल्यै साइकलको पाइडलमा खुट्टा राखेको भए पो सक्नु त,'

तस्बिर : महेश प्रधान



आमाबाबुसँग राजेश



तस्बिर : गौरव शेरचन

राजेश भन्छन् ।

समयक्रमसँगै ती घरबेटीकी छोरी ठूली भइन्, त्यो साइकल उनका लागि सानो भयो । त्यसपछि घरबेटीले त्यो साइकल राजेशलाई दिए । अब राजेशलाई के चाहियो र ! उनको खुसीको सीमा रहेन । त्यसपछि उनले त्यही साइकल सिके । आवास क्षेत्र, मनशान्ति ओरालो उनको साइकल कुदाउने गन्तव्य बन्न थाले । उनको दिनचर्या नै साइकलमा बित्न थाल्यो । मनशान्ति ओरालोमा साइकल सिक्ने क्रममा लडेर ढाड बजारिएको राजेश सम्भन्छन् । उनी भन्छन्, 'त्यो बेला ठोक्किएको ढाड अहिले पनि धेरै समय साइकल चलाउँदा दुख्छ ।' साइकलले गर्दा पढाइतिर ध्यान जान छाडेपछि राजेशकी आमा हैरान भइन् । छोरो स्कुल जाओस् भनेर कहिले गोठमा साइकल लुकाइदिन्थिन् त कहिले साइकलको चेन चुँडालिदिन्थिन् । जति गर्दा पनि राजेशको साइकलप्रतिको मोह हटाउन नसकेपछि उनले त्यो साइकल ९० रुपैयाँमा कवाडीमा बेचिदिइन् । त्यो दिन राजेशका लागि निकै पीडादायी रह्यो । आमाले साइकल बेचिदिएपछि रोए, कराए, आमासँग भ्रगडा गरे, त्यो दिन खाना खाएनन् ।

समय बित्दै गयो । राजेश पनि ६-७ कक्षामा पढ्ने भएपछि उनलाई छिमेकीहरूले विभिन्न काम अह्राउन थाले, त्यो पनि ठाडो लवजमा । जसले जसरी भने पनि उनी नाइँ नभनी अह्राएको काम गरिदिन्थे । 'गरिब हुनुको बेफाइदा यही रहेछ,' राजेश भन्छन्, 'जसले पनि काम लगाउने अनि जो पनि ओइ आइजो न, यसो गर्, उसो गर् भनेर अह्राउँथे ।' यसरी काम गरिदिएबापत कसैले मःम, चाउमिन खाजा, कसैले एक छाक खाना खुवाउँथे । त्यही खान पाउने आसले उनले धेरैको काम गरिदिन्थे । 'अरूले मीठो-मसिनो खानेकुरा खाएको देख्दा मुख रसाउँथ्यो ।' राजेश ती दुःखका दिन सम्भँदै भन्छन्, 'मेरो आमाबुबासँग मःम, चाउमिन किनेर खुवाउन सक्ने अवस्था थिएन, त्यसैले खानकै लागि अरूले अह्राएको काम नाइँ नभनी गर्थें ।' यही क्रममा उनी एक जना छिमेकीको घरमा काम गर्न थाले । त्यहाँ उनी बिहान ७ बजे पुग्थे । पसलमा गएर केही सामान किनेर ल्याइदिन्थे, फूलमा पानी हाल्ने, दुईवटा कुकुरलाई दिसापिसाब गराउन खाली ठाउँमा लैजाने । यति काम सिध्याएर उनी स्कुल जान्थे । त्यो घरबाट उनले मासिक ४ सय रुपैयाँ पारिश्रमिक पाउँथे । कुकुरलाई दिसापिसाब गराउन लैजाने क्रममा उनका कतिपय साथी भने सुकिला-मुकिला भएर साइकलमा हुइँकिन्थे । राजेशका लागि भने बाल्यकालमा सुकिलो कपडा लगाउने दिन कहिल्यै आएन । आङमा वर्षमा एक जोर नयाँ कपडा पर्न पनि धौ-धौ थियो । त्यसो त उनी कहिलेकाहीँ फोहोरमा फालिएका पुराना जुत्ता, कपडाहरू टिपेर ल्याउँथे अनि त्यसलाई धोइपखाली गरेर लगाउँथे । फोहोरको डंगुरमा भेटिएका ठूला साइजका कपडा भए पनि ल्याएर शरीर ढाक्ने गरेको राजेश बताउँछन् ।

यसरी दुःख, पीडा र गरिबीले गाँजिरहे पनि राजेशमा साइकलप्रतिको मोह भने हटिसकेको थिएन । उनी धेरैजसो समय साइकल पसलमा बिताउँथे । त्यहाँ मर्मत गर्न सघाउँथे, साथै सिक्थे पनि । यही क्रममा उनको एक जना साथीले उनलाई १५ सयमा साइकल बेच्ने कुरा सुनाए । उनले त्यो साइकल किने, किस्ता-किस्तामा पैसा तिर्ने सर्तमा । यसपछि साइकलसँग छुटेको राजेशको साइनो फेरि जोडियो । सोही बेला महँगा माउन्टेन बाइसाइकलमा हेल्मेट लगाएका केही मान्छेहरू भैंसेपाटीतिर देखिन थाले । त्यो दृश्य देखेपछि राजेशलाई पनि माउन्टेन बाइसाइकल चलाउने रहर जाग्यो । तर, उनीसँग त्यस्तो डाउनहिल साइकल किन्ने हैसियत थिएन । बेलाबेलामा साइबर जान थालेका राजेशले युट्युबमा साइकलका विभिन्न स्ट्यान्ड हेर्न थाले । डाउनहिल साइकलकै युट्युब प्रभावले उनले १५ सयमा किनेको साइकललाई काटेर स्कुटर, मोटरसाइकलको सस्पेन्सन कवाडीबाट किनेर हालेर मोडिफाइ गरे ।

यहीबीचमा उनले छिमेकीको घरमा गर्दै आएको काम छाडे । त्यसपछि अन्नपूर्ण पोस्टको प्रेसमा छापिएका किताब बोक्ने काम गर्न थाले । त्यहाँ काम गरेबापत दैनिक ५ सय रुपैयाँ पाउँथे । यहाँ केही समय काम गरेपछि उनी ठमेलको एउटा साइकल पसलमा काम सुरु गरे, जहाँ काम गरेबापत उनले मासिक २ हजार पाउँथे ।

> विजेता भएसँगै उनी मेडल लिएर घर गए अनि आमालाई मेडल देखाएर भने, 'आमा अब म साइकलमै जीवन बिताउँछु, तपाईंहरूलाई सुखी राख्छु ।' त्यसपछि आमा भक्कानिइन् र भनिन्, 'राम्रो गरिस् अझै राम्रो गर्दै जा ।'

त्यही क्रममा सन् २०१२ मा उनी हात्तीवन, फर्पिङमा नेसनल डाउनहिल च्याम्पियनसिप हेर्न पुगे । त्यहाँ उनले साइकल उडाइरहेका अचम्मको दृश्य देखे । त्यसले उनलाई त्यसैगरी साइकल उडाउने रहर जाग्यो । उनी हप्ताको एक दिन साथीहरूसँगै हात्तीवनमा सिक्न पुग्थे ।

सन् २०१३ मा पहिलो पटक उनलाई नेसनल डाउनहिल च्याम्पियनसिपमा भाग लिने अवसर जुऱ्यो, जसमा उनी नेसनली छैटौं र इन्टरनेसनली आठौं भए । उनको रेसलाई धेरैले तारिफ गरे । 'त्यसपछि हो मैले साइक्लिङमा भविष्य देखेको,' राजेश भन्छन्, 'नेसनल च्याम्पियनसिपमा पहिलो पटक नै छैटौं र आठौं हुनु मेरो लागि ठूलो कुरा थियो ।'

२०१४ मा हात्तीवनमै लाइफ साइकल डाउनहिल रेसमा भाग लिन अभ्यासका लागि राजेश हात्तीवन गएका थिए । अभ्यास गरिरहेकै बेला उनीमाथि साइकलिस्ट मन्दिल प्रधानको नजर पऱ्यो । त्यसपछि मन्दिलले उनीसँग कुरा गरे । राजेशसँग त्यो बेला उनले १५ सयमा किनेको साइकल थियो । सामान्य कुराकानीपछि मन्दिलले राजेशलाई आफ्नो साइकल दिए । मन्दिलकै साइकलले उनले प्रतियोगितामा भाग लिए, तर फाइनलमा ३ सय मिटर अघि नै साइकलको चेन चुँडियो । तैपनि राजेश चौथो भए । त्यो बेला साइकलबाट पाएको धोका राजेश कहिल्यै बिर्संदैनन् । त्यसैले हरेक रेसमा भाग लिनुभन्दा अघि साइकलले धोका नदेओस् भन्ने कामना गर्छन् ।

मन्दिलसँग भेटिएसँगै राजेशको जीवनमा परिवर्तन देखा पर्न थाल्यो । 'मन्दिल दाइसँग भेट नभएको भए सायद अहिले म यो क्षेत्रमा हुन्नथें होला ।' राजेश भन्छन् । यसपछि मन्दिलले राजेशलाई आफ्नो 'हिमालयन राइड्स' कम्पनीमा जागिर दिए, जहाँ उनी अहिले साइक्लिङको पर्यटक गाइड गर्ने काम गरिरहेका छन् । सुरुमा मन्दिलले उनलाई दैनिक २ हजार पारिश्रमिक दिने कुरा सुनाए । महिनाको २ हजार पारश्रमिकका लागि ठमेलमा काम गरिरहेका राजेशले दैनिक २ हजार पारिश्रमिक पाउने भएपछि उनको खुसीको सिमा रहेन । त्यतिबेला हिमालयन राइड्समा १० दिन काम गरेको २० हजार पारिश्रमिक बुझेर घर गए । आधा आमालाई दिए १० हजार आफैं खर्च गरे । राजेशको कामबाट सन्तुष्ट भएपछि मन्दिलले उनलाई महिनावारी पारिश्रमिकमा राखे ।

राजेश सन् २०१४ को नेसनल डाउनहिल च्याम्पियनसिपमा विजेता बने । विजेता भएसँगै उनी मेडल लिएर घर गए अनि आमालाई मेडल देखाएर भने, 'आमा अब म साइकलमै जीवन बिताउँछु, तपाईंहरूलाई सुखी राख्छु ।' त्यसपछि आमा भक्कानिइन् र भनिन्, 'राम्रो गरिस् अझै राम्रो गर्दै जा ।' यसपछि राजेशले सन् २०१६ मा पनि नेसनल च्याम्पियन जिते र त्यहिसाल थाइल्यान्डमा भएको एसियन च्याम्पियनसिपमा भाग लिए, जसमा १९ औं भए । त्यसपछि उनी सन् २०१७ र सन् २०१८ मा नेसनल डाउनहिल च्याम्पियनको विजेता बने । यसरी विभिन्न रेस जित्दै पैसा कमाउन थालेपछि उनका आमाबुबा खुसी हुँदै उनको प्रगतिको कामना गर्न थालेका छन् । राजेशको परिवारको जीवनशैलीमा बदलाव आएको छ । अझै १३ औं सागमा डाउनहिल साइक्लिङ रेसमा स्वर्ण जितेसँगै हिजो हेयका दृष्टिले हेर्ने छिमेकीहरू आज भन्दैछन्, 'छोरो भनेको त यस्तो हुनुपर्छ ।'



आवरण



तस्विर : नवराज बाग्ले



# मालीको बगैंचाकी फूल

बगैंचामा माली काम गर्ने पिता नाति महर्जनकी छोरी सुनिता महर्जनले कराँतेमा स्वर्ण जितिन् । उनको सफलता एक पिताले संघर्ष गरेर सन्ततीलाई जुराइदिने अवसरको जित हो ।

■ प्रकृति दाहाल

१३ औं दक्षिण एसियाली खेलकुद सागमा कराँतेको कुमुतेतर्फ ६८ केजी अन्तर्गत स्वर्ण जितेसँगै उनले नेपाल समर्थित दर्शकलाई गर्भिलो सान, मान र इज्जत दिलाइन् । दर्शकदीर्घाबाट जोससहितको स्वर गुन्जियो– नेपाल नेपाल नेपाल ।

यो आवाज मत्थर हुन नपाउँदै एक वृद्ध मानिस मैदानमा पुगे । विजेताले नेपालको झन्डासहित वृद्धलाई अँगालोमा बेस्सरी कसेर आँखाबाट टप्लक्क आँसु खसाइन् । वृद्धको आँखा पनि आँसुले भरिए । अहिले यो फोटो र भिडियो सामाजिक सञ्जालमा छाएको छ । उक्त फोटो एकाएक भाइरल बनेको छ । भाइरल फोटो र भिडियोका व्यक्ति हुन्– मनमैजु, काठमाडौंकी कराँते खेलाडी सुनिता महर्जन र उनका बुवा नाति महर्जन ।

सिंगल इभेन्टतर्फ पाकिस्तानकी खेलाडी कुल्सुमलाई पराजित गर्दै सुनिता महर्जनले स्वर्ण जितेकी हुन् । स्वर्ण जितेसँगै स्वर्ण पदक उनले बुवालाई समर्पित गरिन् । उनको अन्तर्राष्ट्रिय स्तरमा जितेको यो पहिलो सफलता हो । यसअघि उनले कुनै पनि अन्तर्राष्ट्रिय पदक हासिल गर्न सकेकी थिइनन् । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा नगरेकी भने होइनन् । भुटानमा आयोजित साउथ एसियन च्याम्पियनसिप, जकार्तामा आयोजित १८ औं एसियन गेम्स, सिरिज जापान उनले सहभागिता जनाएका अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धाका खेल हुन् । तर, सफलता भने हासिल गर्न सकिनन् उनले । अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिस्पर्धा कमजोर हुने भएकाले पनि सफलता हात पार्न नसकेको उनी बताउँछिन् । 'अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा जाँदा आफैं खर्च गर्नुपर्ने अवस्था आउँछ, जुन सम्भव नै हुँदैन, उनी भन्छिन्, 'त्यही भएर पनि धेरै सहभागी भएको छैन ।' उनका अनुसार आर्थिक अभावकै कारण खेलाडीहरू चाहेर पनि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न गाऱ्हो छ ।

आफ्नो भाग्य बलियो भएर नै १३ औं साग खेल्न पाएको बताउँछिन् सुनिता । आठौं राष्ट्रिय खेलकुदमा उनी पराजित भइन् । उनले कुनै पनि पदक हासिल गर्न सकिनन् । पदक नजित्नेले आगामी साग खेलमा समावेश नगरिने नियम बन्यो । साग खेल्ने रहर भने उनमा एकदमै थियो, डर पनि त्यत्तिकै । अब के होला ? उनको मनमा दुविधा रहिरह्यो । घरेलु मैदानमा सागमा समावेश नभएपछि खेलको पनि के महत्त्व होला र ? उनको मनमा द्वन्द्व चलिरह्यो । संयोग उनलाई यो नियम लागू भएन । आठौं राष्ट्रिय खेलकुदमा छुटफुट भएका खेलाडीहरूलाई





टिम फाइटमा अवसर दिइयो । त्यही टिममा परिन् सुनिता । टिम प्रवेश गरेसँगै व्यक्तिगत रूपमा आफ्नो तौलमा खेल्ने अवसर पाइन् । अब भने उनले आफ्नो तौलमा साग खेल्ने निश्चित भयो । त्यो पल सम्झिँदै उनी भन्छिन्, 'सागमा आफ्नै तौलअनुसार खेल्न पाउन मेरो लागि एकदमै राम्रो कुरा थियो ।'

विद्यालयस्तरमा मात्र छिटफुट प्रतिस्पर्धा गरेकी उनले प्रशिक्षणको सल्लाहमा पहिलो पटक २०६८ मा छैटौं राष्ट्रिय खेलकुदमा सहभागी भइन् । नेपाल पुलिस क्लबको करारमा रहेर मध्यमाञ्चलको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धा गर्न धनगढी पुगिन् । त्यसमा उनले ५० केजीमा अनु अधिकारीसँग प्रतिस्पर्धा गरिन् र तेस्रो भइन् । उनी खेलमा पहिलो बन्न त सकिनन् तर जागिरको बाटो भने कोरिन् । यही समयमा नै हो उनले नेपाल पुलिस क्लबमा जागिर सुरु गरेको । नेपाल पुलिस क्लबमा जागिर पाउनु आफ्नो जीवनको टर्निङ प्वाइन्ट मान्छिन् उनी । पुलिस क्लबबाट नै उनले खेललाई अगाडि बढाइन् । उनको खेल जीवनलाई अगाडि बढाउन पुलिस क्लब एउटा गतिलो प्लेटफर्मका रूपमा उभियो । अहिले स्वर्ण पदक जित्नुमा पनि उनि पुलिस क्लबलाई नै श्रेय दिन्छिन् ।

सुनिताका दाइ विनोदले कराँतेमा राष्ट्रिय च्याम्पियन बन्ने उद्देश्य राखेका थिए । परिवारको पहिलो दाइको खेल हेर्न बाँकी तीन जना भाइबहिनी गइरहन्थे, सुनितालाई भने दाइले खेलको देख्दा अत्यधिक मज्जा लाग्थ्यो । दाइको खेलप्रतिको लगाव देखेर उनी पनि कराँते खेलमा आकर्षित भइन् । उनको पनि खेलप्रतिको रुचि बढ्दै गयो । खेल्कै लागि उनी कहिले दाइलाई पछ्याउँदै जान्थिन् त कहिले घरमै सिक्थिन् । दाइले भने खेललाई निरन्तर दिन सकेनन् तर बहिनीलाई खेलमा सधैं हौस्याइरहे । उनी कराँते मात्र मात्र कहाँ हो र,



किक बक्सिङ पनि खेल्ने गर्थिन् । उनी भन्छिन्, 'त्यो समयमा कराँतेमा किक बक्सिङ पनि समावेश हुन्थ्यो, पछि भने यसलाई हटाइयो ।' बक्सिङ खेल्न कहाँ सजिलो हुन्थ्यो र बक्सिङ खेल्दा उनको नाक भाँचियो । नाक भाँचिएर रगत बगेको समय याद नभए पनि त्यो दुखाइ भने अझै उनलाई ताजा लाग्छ । त्यसपछि उनको बक्सिङ यात्रा त्यही टुंगियो । कराँतेलाई भने उनले निरन्तरता दिइरहिन् । बालाजुस्थित किन्डर गार्डेन विद्यालय अध्ययन गरेकी उनले खेलसँगसँगै पढाइलाई अघि बढाइन् । विद्यालय स्तरमा उनी दुई घण्टा अभ्यास गर्ने गर्थिन् ।

प्रशिक्षक विजय महर्जनले उनलाई एकदमै सहयोग गरेका थिए । दस

> “ बक्सिङ खेल्न कहाँ सजिलो हुन्थ्यो र बक्सिङ खेल्दा उनको नाक भाँचियो । नाक भाँचिएर रगत बगेको समय याद नभए पनि त्यो दुखाइ भने अझै उनलाई ताजा लाग्छ । त्यसपछि उनको बक्सिङ यात्रा त्यही टुंगियो । कराँतेलाई भने उनले निरन्तरता दिइरहिन् ।

कक्षाको पढाइसम्म उनले विद्यालयमै अभ्यास गरिरहिन् । विद्यालयको पढाइ त सकियो तर उनको खेलप्रतिको मोह सकिएको थिएन । उनलाई खेललाई थप उचाइमा पुऱ्याउनु थियो । तत्काले उनले बालाजु कराँते डोजोमा आबद्ध भइन् । प्रशिक्षणको समय भने त्यति सजिलो भने थिएन । प्रशिक्षण लिनै गाह्रो त्यसमाथि पनि प्रशिक्षकहरूको गाली बीचमै छोडिदिन्छु भन्ने नलागेको पनि होइन सुनितालाई । तर, खेल्ने रहर बीचमै छोड्न भने उनले सकिनन् । घरपरिवारको निरन्तर हौसलाले उनलाई खेल्नमा उत्साहित गराइरह्यो ।

### डाइट- दूध र सातु

विद्यालय जीवनमा पोषण के हो ? खेलाडीलाई कस्तो खानपान हुनुपर्छ भन्ने सुनितालाई थाहा थिएन । सानैदेखि दूध मन पर्ने भएकी उनी दूध खान्थिन् अनि घरमै बनाएको सातु खुब खान्थिन् । छोरीले दूध मन पराउने भएकाले बुबाले



घरमा गाई पालेका थियो । यही पोषणको भरमा उनी बाल्यकालदेखि खेल खेल्दै आइन् । 'त्यो समयमा डाइट भन्ने नै केही थिएन घरमा जे हुन्थ्यो त्यही खाने गर्थौं, उनी भन्छिन्, अन्य खानेकुरा किन्नका लागि परिवारमा पैसा हुँदैनथ्यो ।' उनका दाइ विनोद पनि खेललाई अगाडि बढाउन नसक्नुको कारण आवश्यक खानपान नहुनु बताउँछन् । भन्छन्, 'डाइटसाइट केही हुँदैनथ्यो खेल्न पनि गाह्रो भयो अनि खेल्नै छोडें ।'

### बगैंचामा फूल, घरमा छोरीसँगै हुर्किए

६४ वर्षीय नाति महर्जन कामका हिसाबले माली हुन् । उनी बगैंचामा सुन्दर फूल फुलाउँछन् । हेरचाह गर्छन् । यही कामबाट बालबच्चा हुर्काएको बताउँछन् । जब छोरीको गलामा स्वर्ण पदक देखें अनि उनी खुसीले भावविह्वल बने । छोरीको सफलतापछि उनलाई लाग्यो बगैंचामा फूल मात्रै होइन मैले छोरीलाई पनि फूल जस्तै हुर्काएछु । अन्तर्राष्ट्रिय स्तरको खेलकुदमा छोरीले स्वर्ण जितेर बुबाको गलामा भिराउँदा सुनिताको बुबा नाति महर्जनले केही सोच्ने सकेनन् । 'बोलु शब्द आएन' उनी भन्छन्, 'आँसु मात्रै झरिरह्यो ।'

नाति २०५० सालदेखि पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका निवासमा काम गर्थे । करिब चार वर्ष काम गरेपछि उनलाई गिरिजाले २०५४ सालमा राष्ट्र बैंकमा जागिर लगाइदिए । उनले त्यहाँबाट १४ सय तलब पाउँथे । दिनभरि बैंकमा काम गरे पनि उनी अरू समय गिरिजा निवासमै मालीको काम गर्थे । उनले धेरै किसिमका बिरुवाहरू हुर्काए । अहिले पनि उनलाई फूलसँगै रमाउन मन लाग्छ । माटोमा काम गर्दा गर्दै उनका हातखुट्टा फुटेका हुन्थे ।

तर, उनले छोराछोरी खुसी राख्न प्रयास गरिरहे छोराछोरीलाई उनले आफ्नो इच्छाअनुसार अघि बढ्न रोकेनन् । गिरिजाले
छोराछोरीको इच्छाअनुसार अघि बढ्न दिनु भन्ने कुराले पनि उनलाई बिझाइरह्यो । पिटाइ खाएर घरमा आउँदा कहिलेकाहीं नखेल अब भयो पनि भन्न भ्याए । तर, सुनिताको जोस-जाँगर देखेर उनले खेललाई नै अगाडि बढाउनका लागि हौसला दिइरहे । उनी भन्छन्, 'घरमा मैले कुटेर मान्दैनन्, गुरुले कुटेर त सुध्रिएलान नि भनेर पनि मैले अघि बढ्न दिइरहे ।'

बाल्यकालदेखि नै चञ्चले स्वभावकी सुनिता कान्छी छोरी भएकाले पनि अरूको जस्तो दुःख भने भोग्न नपरेको आमा बताउँछिन् । आर्थिक अवस्थाले पनि उनलाई खासै प्रभाव परेन । घरको काम गर्नु नपर्ने भएपछि खेलमा उनले समयको सदुपयोग राम्रै गरिन् । उनी भन्छिन्, 'घरको कान्छी छोरी भएकाले पनि उनलाई धेरै कुरामा सजिलो भयो ।' छोरीलाई खेलमा नपठाऊ भनेर आमालाई भन्नेहरू पनि धेरै थिए । आमा भन्छिन्, 'यदि छोरीलाई अवसर दिएमा हरेक क्षेत्रमा अगाडि बढ्न सक्छन् ।'

### वैवाहिक यात्रा

विद्यालयस्तरको पढाइ सकेर सुनिता पकनाजोलस्थित नेसनल कलेज अफ कम्प्युटर स्टडिजमा अध्ययन गर्न थालिन् । पढाइको सिलसिलामा उनको भेट सोहिल महर्जनसँग भयो । पहिलो भेटमै सोहिल सुनितासँग आकर्षित भए । करिब ४ वर्ष प्रेम सम्बन्धमा रहेर विवाह गरें । विवाहपछि महिला खेलाडीहरूले खेललाई निरन्तरता दिन नसकेको धेरै सुनिन्छन् । तर, सुनिताको खेल यात्रा भने रोकिएको छैन । सोहिलले हरेक समयमा सहयोग गर्दै आइरहेका छन् । उनी भन्छिन्, 'यदि परिवारको साथ सहयोग भए विवाहित नारीहरूलाई कुनै असर पर्दैन ।'

आवरण





तस्बिर : नवराज बाग्ले



# काजल कमाल

**वैदेशिक रोजगारमा बुवा साउदीमा रहेका बेला नेपालमा उनकी २२ वर्षीया छोरी काजल श्रेष्ठले तेक्वान्दोमा स्वर्ण जितिन् । आफूलाई 'गुड डटर' बताउने काजलले तेक्वान्दोमा स्वर्ण पदक जितेपछि सरकारले घोषणा गरेको नगद पुरस्कार घर बनाउने क्रममा लागेको ऋण तिर्न खर्चने बताइन् ।**



■ मुकुन्द बोगटी

*'इया... इया... इया...'*

आठ वर्षीया काजल श्रेष्ठका कानमा हरेक दिन बिहान र बेलुका यो आवाज ठोक्किने गर्थ्यो । बालसुलभ जिज्ञाशा उनमा हुन्थ्यो- को होलान यसरी कराउने ? त्यो कौतुहलतालाई मेटाउन नसकेपछि एकदिन उनी घरको छतमा चढिन् । घरको अलि उत्तापट्टी सेतो ड्रेस लगाएका केटाकेटीहरू टाउको भन्दा माथि पुग्ने गरेर लात हिर्काइरहेका थिए । केही समयमै उनीहरू हावामा मुड्की हानी 'इया... इया... इया..' गर्नथाले ।

सधैंजसो बिहान–बेलुका दोहोरिरहने यो दृश्यले किशोरी काजलको मन चोर्‍यो । एकदिन आमालाई उनले भनिन्, 'ममी, म पनि त्यस्तै खेल खेल्न जान्छु ।' आमाले उनलाई डराउने शैलीमा भनिन्, 'हात खुट्टा भाँचिन्छ, त्यस्तो खेल खेल्नु हुन्न, छोरी ।' तर, काजलको मन डराएन्, उनले बरु आमासँग खेल्न नदिएसम्म खाना नखाने अड्डी कसिन् । सानी बहिनीको जिद्दीले उनका दाइ र दिदीको मन पग्लियो । काजललाई तेक्वान्दो खेलाउनका लागि उनीहरूले नै आमालाई मनाए ।

कोटेश्वर तेक्वान्दो डोजाङमा काजललाई तेक्वान्दो खेल्नका लागि भर्ना गरियो । छोरीलाई तेक्वान्दो खेल्न पठाउँदा उनकी आमालाई लागेको थियो- यसको दुई-चार दिनको रहर मात्र हो,




पूरा भएपछि आफैं थाकेर फर्किन्छे । तर, फुच्ची केटी काजल जब्बर निस्किइन् । उनलाई तेक्वान्दोमा टस बस्यो । 'म थकाइलाई बेवास्ता गरेर सिक्नमै रमाउँथे,' उनी भन्छिन्, 'मेरो सिकाइ र मेहनत देखेर मेरो पहिलो गुरु नवीनकुमार श्रेष्ठ पनि प्रभावित हुनुभयो ।' गुरुले उनलाई भन्न थाले- यसरी नै अगाडि बढ्ने हो भने तिम्रो भविष्य उज्जवल छ ।

हुने बिरुवाको चिल्लो पात । तेक्वान्दो सिक्न थालेको दुई वर्षमै जुनियर वर्ल्ड च्याम्पियनसिपको नेपालभर भएको सेलेक्सनमा उनी नम्बर वान भइन् । नेपालको नम्बर वान भएपछि उनले ताइवानमा गेम खेल्ने अवसर पाइन् । 'त्यो बेला म १४ वर्षकी थिएँ,' काजल सम्झिन्छिन्, 'पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता, पहिलो पटक घर छोडेर विदेश, पहिलो विमान उडान अनि टिमकी सबैभन्दा सानी, म अलि बढी नै नर्भस थिएँ ।' त्यो बेला संगीना वैद्य गुरुङलगायत धेरै दाइ दिदीहरूले उनमा हौसला भरेका थिए । तर, उनी पहिलो खेलमै पराजित भइन् । उनलाई अहिले पहिलो खेल नै हार्नुको कारण लाग्छ–अनुभव नहुनु ।

काजल सिक्सटिन प्लस भएपछि तेक्वान्दोमा सिनियर खेलाडी भइन् । सिनियर भएपछि ओपन च्याम्पियनसिपहरूमा उनको प्रभावशाली प्रदर्शन देखिन थाल्यो । तर, राष्ट्रिय प्रतियोगिता उनले अझै जित्न सकेकी थिइनन् । 'सबैलाई जित्दै-जित्दै फाइनलमा पुग्ने, फाइनलमा सधैं हार्ने,' उनी आफ्नो अनुभव बाँड्छिन्, 'जति हारे पनि एकदिन अवश्य जित्छु भन्ने भावना राखेर ट्रेनिङमा लागिरहेँ ।' फाइनलमा सधैं नेपाल पुलिस टिमकी रेजिना कार्की दिदीसँगै पराजित हुन्थिन् । यो हार राष्ट्रिय प्रतियोगितादेखि बिभिन्न खेलमा गरेर ५ पटकभन्दा बढी भइसकेको थियो । गत १२ औं सागको छनोटमा पनि उनको प्रतिस्पर्धा रेजिनासँगै परेको थियो, त्यसमा पनि हारिन् । त्यही बेला उनले जसरी पनि १३ औं साग खेल्ने अठोट कसिन् । 'अर्को पटक साग चाहिँ मै खेल्ने हो भनेर अठोट गरे,' आफ्नो हालै सम्पन्न साग यात्राबारे उनले भनिन्, 'आफ्नो ट्रेनिङको समयलाई पनि बढाए ।' परिणाम, छैटौं पटकमा उनले रेजिनालाई पराजित गरेर साग र एसियनको टिकट पक्का गरिन् ।

साग गेमको तयारी यति कडा थियो कि दिनकै ३-४ पटक ट्रेनिङ, २-३ वटा वेट क्याटागोरीमा लिग फाइट हुन्थ्यो । ट्रेनिङमा जब काजल मज्जाले थाकेकी हुन्थिन्, चोट लागिरहेको हुन्थ्यो, त्यतिबेला उनका प्रशिक्षकहरू संगीना, दीपक, क्वान, नवीनहरू आएर भन्थे- यो थकान, चोट तिमीहरूले तब बिर्सने छौ, जब तिमीहरूको घाँटीमा स्वर्ण पदक हुनेछ । गुरुहरूले सागमा स्वर्ण पदक जित्ने त्यही हुटहुटीबाट उनलाई ट्रेनिङमा दत्तचित्त हुने जागर चल्यो । 'जतिखेर पनि दिमागमा गोल्ड जित्नुपर्छ भन्ने मात्र आउँथ्यो र झन् बढी ट्रेनिङ गर्थ्यौं,' उनी भन्छिन्, 'हिन्दीमा एउटा शब्द छ नि 'जुनुन' । हो जतिबेला पनि गोल्डमेडल जित्ने 'जुनुन मनमा सवार' हुन्थ्यो ।'

त्यही जुनुनले २२ वर्षीया काजलले अन्ततः १३ औं सागमा मुलुकलाई स्वर्ण दिलाइन् । आफ्नो जीवनको महत्पवूर्ण अन्तर्राष्ट्रियस्वर्ण जितिन् । १७ मंसिरमा ४६ केजीमुनि तौल समूहमा उनले फाइनलमा पाकिस्तानकी सायद जादी सिद्रा बटोललाई पराजित गर्दै स्वर्ण जितेकी हुन् । काजलले स्वर्ण जितेर जब झन्डा ओढिन्, उनी भक्कानिएर रोइन् । उनले सागमा मेडल जित्दा उनकी आमा भने त्यही थिइन् । 'आमा मेरो खेल हेर्न आएको यो साग नै पहिलो हो,' काजल भन्छिन् । उनको स्वर्ण जितेको दृश्य उनका बुवाले हेर्न भने पाएनन् । उनले बुवालाई फोन गरेर जब सुनाइन्, उनका बुवा औधी खुसी भए ।

## साउदीमा बुवाको संघर्ष

२०५४ सालमा भक्तपुरमा सामान्य परिवारमा काजलको जन्म भएको हो । काजलको परिवार सिन्धुपाल्चोकबाट काठमाडौं बसाइँ सरेर हो । काजल सानै छँदा घरको जीविकोपार्जनका लागि उनका बुवा वैदेशिक रोजगारीका गए । 'म यस्तै २-३ क्लासमा पढ्दा बुवा रोजगारीका लागि साउदीमा गाडी चलाउन जानुभयो,' उनी भन्छिन्, 'बुवा विदेश जानुभएको पनि १२ वर्ष भइसक्यो ।' अहिले उनका बुवाले साँगाको भात्तेडिकुरमा घर बनाएका छन् ।

बुवा विदेश गएपछि ३ छोराछोरीको लालनपालनको जिम्मा उनकी आमाले सम्हालिन् । तर, आमाले आफूहरूलाई कहिल्यै बुवाको अभाव खटकिन नदिएको काजल बताउँछिन् । उनलाई बुबाको त्याग र आमाको ममताले नै आफूलाई 'गुड डटर' बन्न प्रेरित गरिरहन्छ । सानोमा काजलको डाक्टर बन्ने सपना थियो, यही कुरा उनी आमालाई सुनाउँथिन् । घर अगाडि तेक्वान्दोमा भर्ना भएपछि त्यो सपना पनि यसै विलिन हुन गयो ।

> तेक्वान्दोमा स्वर्ण जितेकी काजल श्रेष्ठले सरकारले दिने ९ लाख नगद पुरस्कार ऋण तिर्न सदुपयोग गर्ने बताइन् । "साँगाको भातेढिकुरमा घर बनाउँदा ऋण लागेको छ अब त्यो ऋण तिरिदिन्छु", उनले भनिन्, "ऋण तिरेर पैसा बच्यो भने आमालाई सुनको गहना किनिदिने सोचाइ छ ।"

सामान्य आर्थिक अवस्था भएका परिवारमा भोग्नुपर्ने समस्या काजलले पनि भोगेकी छन् । भक्तपुरबाट ट्रेनिङ गर्न जाने ठाउँ सातदोबाटो हुन्थ्यो । रंगशालासम्म पुग्नलाई बसमा जान भाडा चाहिन्थ्यो, ट्रेनिङ गरेपछि डाइट खानै पर्ने हुन्थ्यो । सुरुका दिनहरूमा कहिलेकाहीँ त्यसैका लागि पनि पैसाको अभाव भइरहेको हुन्थ्यो ।

एसएलसी दिने बेलासम्ममा काजल राम्रो खेलाडी भइसकेकी थिइन् । सधैं आमासँग कति पैसा मागेर ट्रेनिङमा जानु भनेर उनले आफ्नो बेसिक खर्च आफैंले जुटाउन स्कुलमा तेक्वान्दो सिकाउने योजना बनाइन् । बायोडाटा लिएर आफैं स्कुलमा गएर प्रिन्सिपललाई काम दिन आग्रह गरिन् । उनको हौसला र सानैमा पाएको सफलता देखेर स्कुलले उनलाई काम दियो । बालबालिकालाई तेक्वान्दो सिकाएबापत उनले मासिक २५ सय रुपैयाँ पाउन थालिन् । यसले ट्रेनिङमा जान र डाइट खान पैसा पुग्न थाल्यो । यो तलब बढेर ३ हजार रुपैयाँमा पुगेपछि उनले केही पैसा घरमा पनि दिन सक्ने भइन् । पछि अर्को स्कुलमा पनि उनले तेक्वान्दो सिकाउन थालिन्, जहाँ उनले ७ हजार तलब पाइन् । त्यो तलबले उनको ट्रेनिङका आवश्यक्तालाई पूरा गर्थ्यो । यो ट्रेनिङभित्र पनि उनले धेरै मेहनत गर्नुपर्थ्यो, पढाइ, बिहान-बेलुकाको ट्रेनिङ, बालबालिकालाई सिकाउनुपर्ने । 'बिहानबाट चलायमान हुने मेरो शरीर साँझको ट्रेनिङ गरेर भक्तपुरको भीडभाडको बस चढेर घर पुग्दा जहिले पनि रातिको ८ काटेको हुने,' उनी आफ्नो संघर्षबारे भन्छिन्, 'सम्झँदा अहिले पनि 'ओ माई गड' भन्न आउँछ ।'

पछिल्लो तीन वर्षदेखि नेपाली सेनाको क्लबमा आबद्ध भएपछि भने उनले स्कुलमा सिकाउन छाडेकी छन् । आर्मीको तलबले उनको ट्रेनिङलाई चाहिने पकेट खर्च पूरा भएको छ । बचेको १०-१५ हजार रुपैयाँ यसो घरपरिवारलाई सहयोग गर्न पनि पाएकी छन् । 'आर्मीमा गएपछि मेरो जिम्मेवारी झन् बढेको छ,' उनी अलि गम्भीर देखिइन्, 'सबैभन्दा ठूलो संस्थाको प्रतिनिधि हुँदाको जिम्मेवारी बढी नै हुने रहेछ ।'

काजल पढाइमा पनि अब्बल छिन् । सानोमा त उनी सधैं क्लासमा पहिलो हुन्थिन्, त्यही कारणले उनले छात्रवृत्तिमा पढिन् । 'सरले ब्ल्याकबोर्डमा हिसाबको एउटा प्रश्नको उत्तर सिकाउँदा म कापीमा ५ नम्बरसम्मको गरिसकेको हुन्थें,' उनी भन्छिन् । अहिले उनी कोटेश्वर बहुमुखी क्याम्पसबाट म्यानेजमेन्टमा ब्याचलर पढ्दैछिन् ।



आवरण



# स्वर्णको भोक

जीवनमा सधैं दोस्रो हुने 'जिंक' तोडेर यस पटक वीरबहादुर महराले सागमा तेक्वान्दोमा स्वर्ण जिते । कञ्चनपुरका महराले निरन्तरको प्रयासपछि यो सफलता पाएका हुन्, एक पटकको असफलतामा हरेश खानेहरूका लागि उनको संघर्ष प्रेरणा हो ।

तस्बिर : इलिट जोशी





■ हिमेश बज्राचार्य

दोस्रो सधैं दोस्रो हुन्छ, किनभने उसको अगाडि सधैं पहिलो हुन्छ । चन्द्रमामा पहिलोपल्ट पाइला टेक्ने त निल आर्मस्ट्रङ नै भए । दोस्रो को त ? कमैले मात्र उनको नाम सम्झने गर्छन् । वीरबहादुर महरालाई जत्तिको यो तथ्य कसलाई थाहा होला र ? उनले त भोगेका पनि छन् । त्यही भोगाइले उनलाई पहिलो हुने लोभ जगायो । वीरबहादुरको कथा हो, टाढाको एउटा सुदूर गाउँबाट कसरी उत्तिकै सोझो ठिटो सहर पस्छ, त्यो पनि ठूलो सपना लिएर ।

अनि कसरी सफल पनि हुन्छ त ? सबैभन्दा पहिले सन् २०१६ मा फर्कौं, जति बेला भारतले आयोजना गरेको थियो, १२ औं दक्षिण एसियाली खेलकुद (साग) । वीरबहादुरले पनि तेक्वान्दोमा आफ्नो चुनौती पेस गरे, तर स्वर्ण हात पार्न सकेनन् । पहिलो हुने भिडन्तमा उनी पछाडि परे र भए, दोस्रो । त्यो भनेको रजत पदक । उनको त्यो रजत पदकको उपलब्धि कता कसरी हरायो, उनले पनि राम्रोसँग हेक्का राख्न सकेनन् । नेपालले त्यो सागमा ३ स्वर्ण जितेको थियो ।

ती स्वर्णअगाडि वीरबहादुरको रजत कसैले देख्नै सकेनन् । त्यो वीरबहादुरको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो । उनी जितको नजिक त पुगे, तर झिनो अन्तरले पराजित भए । एक प्रकारले पहिलो प्रयासमै रजत जित्नु पनि कम ठूलो उपलब्धि थिएन, तर यसले वीरबहादुरलाई खुसीभन्दा पनि बढी पीडा दियो । नेपाल टिममा परेपछि गुवाहटी पुगेका वीरबहादुरले सबैभन्दा पहिला श्रीलंकाली खेलाडीको सामना गरे, त्यो उनको पहिलो भिडन्त थियो ।

जितिहाले । त्यसपछि भुटानी खेलाडीको पालो थियो, तिनलाई पनि वीरबहादुरले सजिलै हराए । फाइनल भने अफगानी खेलाडी अहमद बाखसीसँग थियो, त्यसमा भने उनी पराजित रहे, हारको अन्तर पनि धेरै थिएन, खालि तीन अंक मात्र । त्यही बेला वीरबहादुरले वाचा गरेका थिए, अबको सागमा पक्कै स्वर्ण जित्छु भनेर मात्र भयो र ? त्यसका लागि उत्तिकै मेहनत चाहियो, अनि सबैभन्दा ठूलो भाग्य पनि । अब १३ औं साग । आफ्नै भूमिमा भएको दक्षिण एसियाली खेलकुदको सर्वोच्च खेल महोत्सव ।

झर्खरै सकिएको सागमा उनलाई सबै थोकले साथ दियो, उनले पुरुष ६८ केजीमुनिको तौल समूहमा स्वर्ण जिते ।








> वीरबहादुरलाई अब्बल दर्जाका खेलाडी बन्न अर्को एउटा भिडन्तले पनि मद्दत गरेको थियो र त्यो थियो– सन् २०१९ को विश्व च्याम्पियनसिपमा दक्षिण कोरियाली च्याम्पियन खेलाडीविरुद्धका भिडन्तले । त्यसमा उनको दोस्रो भिडन्त परेको थियो, ली डे हुनविरुद्ध ।

फाइनलमा उनले पाकिस्तानका मोहम्मद फहिमलाई ४१-३६ ले हराए । पहिलो राउन्डमा उनी १५-१३ ले अगाडि रहे । दोस्रो राउन्ड निर्णायक रह्यो, उनी त्यसमा १३-८ ले विजयी रहे । तेस्रो राउन्डमा उनी केही रक्षात्मक देखिए, तर उनकै पक्षमा रह्यो । यसअघि अगाडि वीरबहादुरले सेमिफाइनलमा भारतका पृथ्वीराज चौहानलाई ३२-२४ ले हराएका थिए ।

स्वर्ण के जिते, उनको भनाइ उही थियो । भने, 'भारतमा पराजित रहेको थिएँ, त्यसैले यसपल्टको फाइनलमा जित्छु भने सोच बनाएको थिएँ । यसपल्ट साग नेपालमै भइरहेको थियो, त्यसैले पनि यो पदक जित्नको खास अर्थ र महत्त्व थियो ।' यसपल्ट उनको उपलब्धि भने ओझेलमा परेन, सबैले उनलाई सम्झे र बुझे । कसैले बिर्सेनन् । गुवाहटीको तुलनामा वीरबहादुर यसपल्ट बढी अनुभवी खेलाडी भइसकेका थिए, उनको आत्मविश्वासले पनि आकाश छोएको थियो ।

यस्तो किन भयो त ? यसको पनि ठोस कारण छ । एक वर्षअगाडि उनी इन्डोनेसियामा भएको एसियाली खेलकुदमा सहभागी हुन जाकार्ता पुगे र त्यहाँ उनको फेरि भेट भयो, तिनै अफगानी खेलाडी बाखसीसँग । त्यसमा भने उनी विजयी रहे, लिए बदला पनि । खेलाडीको जीवनमा यस्तो अवसर पनि आउने गर्छ नै । यो निर्णायक मोड पनि हुने गर्छ । अफगानी खेलाडीलाई हराउने क्रममा उनमा अहिलेको जत्तिकै आत्मविश्वास थियो ।

वीरबहादुरलाई अब्बल दर्जाका खेलाडी बन्न अर्को एउटा भिडन्तले पनि मद्दत गरेको थियो र त्यो थियो– सन् २०१९ को विश्व च्याम्पियनसिपमा दक्षिण कोरियाली च्याम्पियन खेलाडीविरुद्धका भिडन्तले । त्यसमा उनको दोस्रो भिडन्त परेको थियो, ली डे हुनविरुद्ध । उनी त्यस प्रतियोगिताका पुराना स्वर्ण पदक विजेता खेलाडी थिए । वीरबहादुरले सामना गरेको यो नै अहिलेसम्मको सबैभन्दा ठूलो चुनौती थियो, उनी नराम्रोसँग पराजित रहे ।

हारको अन्तर थियो, २५-५ । खेलअगाडि उनी आत्तिएका पनि थिए । खेलपछि उनले त्यसको भिडियो हेर्न पनि बिर्सेनन् र यसै क्रममा थाहा पाए, आप्ना कमजोरीहरू । उनलाई लाग्यो, 'आप्नो त प्राविधिक पक्षमै कमजोरी छ ।' त्यसले उनलाई अझ राम्रो खेल्न प्रेरित गरेको थियो । संयोगले ती कोरियाली च्याम्पियन खेलाडी उनीविरुद्धको खेलपछि पराजित पनि भए । वीरबहादुरलाई फेरि के लाग्यो भने जस्तै प्रतिद्वन्द्वी भएपछि राम्रो खेल्यो भने त जित्दो रहेछ ।

अब त्योभन्दा पनि अगाडिको समयमा फर्कौं न । कञ्चनपुरको एउटा सामान्य परिवारका कान्छो छोरा हुन्, उनी । भनिरहनु पर्दैन, उनी गाउँले परिवेशमा हुर्के । बढे । कुनै एक राम्रो दिन उनको परिचय भयो, तेक्वान्दो खेलसँग । उनी भर्खर १२ वर्ष जत्तिका मात्र थिए, तेक्वान्दो खेल्न सुरु गरे । त्यो त खालि रमाइलोका लागि मात्र थिए । उनकै गाउँका हुन्, दीपक विष्ट । त्यति बेलासम्म दीपक नाम चलेका खेलाडी भइसकेका थिए, ओलम्पिकमा भर्खर छनोट भएका थिए ।

सानो उमेरका वीरबहादुरले उनलाई प्रेरणा मानिहाले । त्यसयता भने वीरबहादुर तेक्वान्दोप्रति गम्भीर हुन थाले । यसैक्रममा पहिलो ठूलो प्रतियोगिताका रूपमा पाँचौं राष्ट्रिय खेलकुद खेले । पछि छैटौं पनि । यसैक्रममा उनी ०७० सालमा नेपाली प्रहरीसँग जोडिए । खेलाडी भएको हुनाले सजिलो थियो, पुलिसको जागिर पनि । यसैक्रममा उनले कोरियाली राजदूतकप खेले र स्वर्ण जिते । यहींबाट सुरु भयो, उनको अन्तर्राष्ट्रिय खेलयात्रा, त्यो भनेको १२ औं साग ।

यी सबै यात्राको गन्तव्य बनेको छ, अहिलेको १३ औं साग र उनले जितेको त्यो स्वर्ण पदक पनि । प्रतियोगिता सुरु हुनुअगाडि नेपाली टिमले वैदेशिक प्रशिक्षणका लागि चीन रोजेको थियो । चीनको सियान सहरमा बस्ने क्रममा उनले तेक्वान्दोलाई अझ राम्रोसँग बुझे, तेक्वान्दो अझ कसरी राम्रो खेल्ने हो, त्यो पनि सम्झे । विष्टसँग उनको नजिकको सम्बन्ध त हुने नै भयो, यी प्रशिक्षक पनि प्रायः भन्ने गर्छन्, 'यो केटो मेरै गाउँको हो, यसले पनि नाम राख्नेछ, हामी सबैको ।'

अब के त ? वीरबहादुरको सपना हो, ओलम्पिक्स खेल्ने । सन् २०२० मा जापानको टोकियोमा हुँदैछ, ओलम्पिक्स । उनी यसमा छनोट हुन चाहन्छन् । उनलाई पनि थाहा छ, यो काम सजिलो छैन । सागमा जत्ति उनले खेले, त्यत्तिले पनि पुग्दैन । अझ धेरै चाहिन्छ । त्यसैले उनी उत्तिकै कडा मेहनत गर्न पनि तयार छन् । वास्तवमै उनलाई सफलताको भोक छ । यसपल्ट स्वर्ण जितेर उनले एउटा खुड्किलो त पार गरेका छन्, यसै क्रममा थप चुनौती पनि त थपिएका छन् ।



आवरण




तस्बिर : महेश प्रधान





# किर्तिमानी कुस्तीवाज

श्रीमान्ले छोरीमात्रै जन्माइस भनेर छोडेर हिंडेकी महिलाले हुर्काएकी एक किशोरीले मुलुकलाई कुस्तीमा पहिलो अन्तर्राष्ट्रिय स्वर्ण दिलाइन् । कञ्चनपुर तिलकपुरकी १९ वर्षीया किशोरी संगीता धामीले कुस्तीमा प्रतिस्पर्धा गर्न थालेको तीन वर्षमै स्वर्ण पदक जितेकी हुन् ।

**जनक तिमिल्सिना**

छोटो कद । खिरिलो ठिक्कको शारीरिक बनावट । चञ्चल स्वभाव । तीन वर्षअघि खेलमोहले कुस्तीमा होमिएकी १९ वर्षीया संगीता धामी यस्तै देखिन्छिन् । २०५७ सालमा सुदूरपश्चिमको विपन्न परिवारमा जन्मिएकी तिनै संगीताले १३ औं सागमा कुस्तीमा पहिलो अन्तर्राष्ट्रिय स्वर्ण मुलुकलाई दिलाइन् । २१ मंसिरमा जनकपुरमा कुस्तीतर्फ पहिलो अन्तर्राष्ट्रिय स्वर्ण मुलुक भित्र्याउने कीर्तिमान आफ्नो नाममा लेखाउने क्रममा उनले ५५ किलो तौल समूहतर्फ बंगलादेशका रिमी सरकारलाई फाइनलमा पराजित गरेकी थिइन् ।

सम्पत्तिका नाममा केवल एउटा भैंसीमात्रै भएको विपन्न परिवारमा हुर्किएकी उनी अभावका पहाडहरू छिचोल्दै तीन वर्षअघि कुस्तीमा प्रवेश गरेकी हुन् । तर, तीन वर्षको छोटै अवधिमा संगीताले कुस्तीमा पहिलो स्वर्ण जित्ने खेलाडीको कीर्तिमान आफ्नो नाममा लेखाउने महत्वपूर्ण सफलता हात पारिन् । तीन वर्षअघि हेटौंडामा भएको राष्ट्रिय खेलकुद प्रतियोगिताबाट उनले कुस्तीमा स्पर्धा थालेकी हुन् । आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनले आफ्नो खेलजीवनको पहिलो स्वर्ण पदक जितेकी थिइन् ।

तीन वर्ष । २ स्वर्ण । एक राष्ट्रिय, एक अन्तर्राष्ट्रिय । किशोरवयमै संगीताले प्राप्त गरेका मुख्य ठूला उपलब्धि हुन् । सागमा स्वर्ण जितेपछि तिनै संगीताले बुवाको नाम लिनै अस्वीकार गरिदिइन् । किन त ? भन्छिन्, 'जुन मान्छेले हामीलाई छोडेर गए, त्यो मान्छेको किन नाम लिनु ?' जतिबेला उनलाई हिँड्नका लागि सहारा दिने पिताको हात आवश्यक थियो, बुवाको काँधमा चढेर पर गगनको रोमाञ्चकता हेर्न चाहन्थिन् । त्यतिबेला न उनले बुवा काँध पाइन्, न त हात नै । त्यही बेलादेखि हो-बालक संगीताको मनमा भावनात्मक अभावका खतहरू गहिरो डोब बन्न पुगेको । उनका लागि बुवाको काँध र हात दुवै आमा धनादेवी धामीको आचल थियो । त्यही आचलमा उनले आमा र बुवा दुवै पाइन् ।

संगीता सानै थिइन्, उनकी कान्छी







> महेन्द्रनगर तिलकपुरकी संगीता बहिनी र आमा धनादेवीसँग बस्छन् । उनीहरूको आफ्नै घरजग्गा छैन, बस्ने घरको व्यवस्था पनि ठूलाबुवाले गरिदिएका हुन् । संगीताका चार दिदीबहिनीमध्ये दुई जना दिदीको विवाह भइसकेको छ । चारै बहिनीलाई धनादेवीले निकै दुःखजिलो गरेर हुर्काइन् ।

बहिनी भने गर्भमै थिइन् । उनका बुवा धर्तिमा हुर्किइरहेका तीन छोरी र गर्भमै रहेकी अर्की एक छोरीलाई छाडेर हिँडेका थिए । बुवा हिँडेपछि उनकी आमाले चारवटा छोरी हुर्काउन आर्थिक समस्याका ठूला–ठूला पहाडहरूको सामना गर्नुपर्‍यो । 'एकदमै समस्या थियो, घर गृहस्थी थिएन्, अरूको घरमा काम गरे, बाखा, भैंसी पालेर मैले मेरी छोरीहरू हुर्काएकी हुँ,' धनादेवी भन्छिन् ।

छोरीले स्वर्ण जितेपछि उनलाई अहिले छोराछोरी जे भए पनि समान रहेछन् भन्ने लाग्न थालेको छ । 'छोरीमात्रै जन्माइस' भनेर छोडेर हिँडेका पतिले दिएको घाउमा छोरीको सफलताले मलम बन्न पुगेको छ । 'अहिले त्यो दुःखको फल मिलेजस्तो भएको छ, धेरै खुसी लागिरहेको छ,' धनादेवी सुनिइन्, 'हामी गरिबहरूका लागि यो ठूलै सपना हो । छोरीको यस्तो होला भनेर मैले सपनामा पनि सोचेकी थिइन् ।'

महेन्द्रनगर तिलकपुरमा संगीता बहिनी र आमा धनादेवीसँग बस्छन् । उनीहरूको आफ्नै घरजग्गा छैन, बस्ने घरको व्यवस्था पनि ठूलाबुवाले गरिदिएका हुन् । संगीताका चार दिदीबहिनीमध्ये दुई जना दिदीको विवाह भइसकेको छ । चारै बहिनीलाई धनादेवीले निकै दुःखजिलो गरेर हुर्काइन् । 'दूध बेचेर आमाले हाम्रो आवश्यकताहरू पूर्ति गर्नुपर्थ्यो,' संगीता सम्झिन्छिन्, 'धेरै संघर्ष गर्नुभयो, कहिलेकाहीँ मजदुरी गर्न पनि जानुहुन्थ्यो, आमाको संघर्ष निकै ठूलो छ ।' उनकी आमा घरबाट महेन्द्रनगर बजार लगेर दूध बेच्थिन्, त्यसबाट आएको पैसाले छोरीहरूको खानपिन र लुगाफाटोको जोहो गर्थिन् ।

संगीताले प्रारम्भिक पढाइ गाउँकै गौरीशंकर निम्न माविमा पूरा गरेकी हुन् । सानोमा संगीताको रुचि सेनामा भर्ना हुने थियो । जुन रुचि अहिले पनि यथावत रहेको उनी बताउँछिन् । 'मलाई आर्मी बन्ने रहर हुन्थ्यो,' उनी भन्छिन्, 'दुःख परेको मान्छेले जे पनि गर्न सक्छ भन्ने हो रै'छ ।' ८ कक्षासम्म गौरीशंकरमा पढेपछि उनी भृकुटी माध्यमिक विद्यालय गइन् । चञ्चले स्वभावकी संगीता सानैदेखि खेलकुद निकै मन पराउँथिन् । 'गाउँको स्कुल पढ्दा उति धेरै गेमहरू पनि हुँदैन्थे,' उनी भन्छिन्, 'जब बजारको स्कुलमा आए, सर्टफुट, दौडजस्ता खेलहरू हुन्थे । जहिले पनि म फष्ट, सेकेन्ड भइरहेकै हुन्थे ।'

अवसर उनलाई खोज्दै स्कुलमै आइपुग्यो–ठ्याक्कै तीन वर्षअघि । जतिबेला संगीतामा भृकुटी माविमै १० कक्षामा पढ्दै थिइन् । कुस्तीका कोच राजेन्द्र चन्दसहितको टोली खेलाडीहरू खोज्दै संगीताको स्कुलमा पुग्यो । खेलाडी खोज्न आइपुगेका थाहा पाउने बित्तिकै संगीताले कुन खेल भनेर सोध्दै सोधिनन् । उनले आफू पनि कुस्ती खेल्न इच्छुक भएको कुरा बताइन् । अवसर खोजिरहेकी यी फुर्तिली ठिटीलाई त्यही नै जीवनको टर्निङ प्वाइन्ट बन्न पुग्यो । 'हामी स्कुल-स्कुलमा गएर कुस्ती खेल्न इच्छुक खेलाडीहरू खोजिरहेका थियौं,' कुस्तीका प्रशिक्षक चन्द भन्छन्, 'भृकुटी माविमा पुगेका बेला उनले कुन खेल हो भनेर सोध्दै नसोधी कुस्ती खेल्न इच्छा व्यक्त गरिन् ।'

संगीतालगायतका ३० जना खेलाडीहरूलाई लिएर प्रशिक्षण सुरु गरियो । संगीता सुरुकै दिनदेखि आफूहरूले गुरुको राम्रो सहयोग पाएकाले लक्की ठान्छिन् । तर, गुरुको सहयोग एकातिर थियो, अर्कातिर उनको कमजोर आर्थिक अवस्थाका कारण समस्या पनि उत्तिकै थिए । उनलाई डाइट खानका लागि पैसा हुन्थ्यो । 'कुस्तीमा पावर चाहिन्छ, सुरु-सुरुमा डाइट खानलाई पैसा पनि हुँदैन्थ्यो,' संगीता आफ्नो सुरुवाती खेलयात्राबारे भन्छिन्, 'ममीले घरको खर्चबाट केही रकम बचाएर मलाई डाइट खा भनेर पैसा दिनुहुन्थ्यो तर घरको अवस्थाले त्यो लिन मेरो मन मान्दैन्थ्यो । म लिदिन थिएँ ।' छोरीले पैसा नलगे पनि उनकी आमाको चित्त कसरी मानोस् । आफैं बदाम, चनाजस्ता डाइट ल्याएर छोरीलाई दिन्थिन् । आमाले पनि उनको खेल जीवनमा सदैव सपोर्ट गरिन् ।

'भात, दाल र रोटीकै भरमा खेलाडीहरू संघर्ष गर्नुपर्छ । यो संगीताको मात्रै होइन, गाउँ घरमा खेल्ने धेरै नेपाली खेलाडीको कमन समस्या हो,' संगीताका कुरा एकाग्रतासाथ सुनिरहेका उनका गुरु चन्द बोले, 'सामान्य खाना खाएर ट्रेनिङ गर्छन् ।' तर, जति समस्याका बाबजुद पनि संगीताले पढाइ सँगसँगै कुस्तीको प्रशिक्षणमा पनि निरन्तरता दिइन् । बिहानै हिँडेकी उनी राति मात्रै घर फर्किन्थिन् । तीन किलोमिटर साइकलमा यात्रा गर्दै उनी बिहान-बेलुका ट्रेनिङमा सहभागी हुन्थिन्, भने बिहान ट्युसनसँगै दिउँसो स्कुल पनि भ्याइरहेकी हुन्थिन् ।

सागका लागि छनोट भएपछि संगीतासहितका ७ जना युवतीलाई क्लोज क्याम्पमा राखेर तयार पारियो । क्लोज क्याम्पमा भने उनका लागि व्यावहारिक र खानपिनका समस्याहरू कम भए । ६ महिनादेखि क्लोज क्याम्पमा राखेर साँझ-बिहान तीन-तीन घण्टा ट्रेनिङ दिइएको उनी बताउँछिन् । कुस्तीका प्रमुख प्रशिक्षक बहमदेव यादव, प्रशिक्षकहरू मुमताज अली, राजेन्द्र चन्दलगायतका सबै गुरुहरूले उनलाई शारीरिकसँगै मानसिक रूपमा पनि बलियो गरी तयार पारे । 'संगीतामा गोल्ड जित्ने प्रतिभा देखेर बलियोसँग तयार पार्‍यौं,' मुख्य प्रशिक्षक यादव भन्छन्, 'उनी पुसअप, रनिङ मन लगाएर गर्थिन्, टेक्निकमा पनि अब्बल थिइन् । अनुशासन र टेक्निक सबै राम्रो भएपछि हामीलाई स्वर्ण जित्छौं भन्ने लागेको थियो ।' २१ मंसिरमा अन्ततः वर्षौंदेखिको कुस्तीमा रहेको अन्तर्राष्ट्रिय स्वर्णको खडेरीलाई संगीताले तोडेरै छोडिन् ।

'गुरुहरूले तिमीले गोल्ड नै जित्छौं भन्नुभएको थियो,' संगीता भन्छिन्, 'तर, हन्ड्रेड प्रतिशत नै फष्ट हुन्छु भन्ने लागेको थिएन् ।' तर, कता-कता उनको मनमा भने जित्छुजस्तो पनि थियो । गुरुहरूको आत्मविश्वासले उनलाई थप आत्मविश्वासी बनायो । 'जब फाइनलमा म्याटमा गएर मैले प्रतिस्पर्धीलाई पन्छाएं,' उनी स्वर्ण साकार हुँदाको क्षणबारे भन्छिन्, 'आँखाबाट आँसु झरे ।' स्वर्ण जितेपछि उनले सबैभन्दा पहिले सम्झिइन्, ममी र गुरुहरूलाई । अहिले सम्झँदा उनलाई लाग्छ- स्वर्णयात्रा उति सजिलो पक्कै होइन् ।

स्वर्ण विजेता संगीताको भावि सपना खेल र पढाइलाई निरन्तरता दिँदै जागिर गर्ने सोच छ । भृकुटी माविबाटै एसएलसी गरेकी उनले सनराइज बोर्डिङ स्कुलबाट प्लस टु पनि सकिन् । अब उनी स्नातकमा भर्ना हुने योजनामा छिन् । 'घर गएर एडमिसन गर्छु र गेमलाई निरन्तरता दिन्छु,' उनले भनिन् । पुरस्कार रकम के मा खर्चिनेछिन् त ? भन्छिन्, 'मेरो आफ्नो घर छैन, ठूलो ड्याडीको घरमा बसेका छौं, ममीले त्यही भैंसी पालेका छन् । खेत पनि छैन, किनेर खानुपर्छ । हाम्रो धनसम्पत्ति भनेको भैंसी नै हो । सरकारले दिएको पुरस्कार रकमबाट उनले घर बनाउने योजना रहेको सुनाइन् । त्यसबाहेक ८ कक्षामा पढ्ने कान्छी बहिनी र आफ्नो पढाइमा पनि उनले केही रकम खर्चनेछिन् ।

जाँदाजाँदै

# 'मिस वर्ल्डको अदृष्य ताज जित्न सकें'


तस्बिर : शंकर श्रेष्ठ

अनुष्का श्रेष्ठ, मिस नेपाल वर्ल्ड-२०१९

**यो वर्षकी मिस नेपाल अनुष्का श्रेष्ठले गत शनिबार लन्डनमा सम्पन्न मिस वर्ल्ड-२०१९ मा दुई शीर्षक उपाधि जित्न सफल भएकी छिन् । प्रतियोगिताको उत्कृष्ट १२ सम्म पुग्न सफल अनुष्काले ब्युटी विद अ पर्पोज तथा मल्टिमिडिया एवार्ड जितेकी हुन् । दुईवटा शीर्षक उपाधि जितेपछि अनुष्काले खुसी व्यक्त गर्दै विश्वमञ्चमा नेपाली झन्डा फहराउन सफल भएको बताएकी छिन् । ६९ औं संस्करणको मिस वर्ल्ड-२०१९ को उपाधि भने जमैकाकी २३ वर्षीया टोनी एन सिंहले जित्न सफल भइन् । यही मेसोमा उनले प्रतियोगितापछि पहिलो पटक बेलायतको ब्रिस्टोलमा नवीन पोखरेलले गरेको कुराकानीको सम्पादित अंश :**

**मिस वर्ल्डमा दुई एवार्ड जित्दा कस्तो लागिरहेको छ ?**

दुई एवार्ड र हेड टु हेड च्यालेन्ज जित्न सफल भएकोमा एकदम खुसी छु र कृतज्ञ पनि । निकै गर्व पनि महसुस भइरहेको छ कि हाम्रो प्रस्तुति यसपालि पनि राम्रो रह्यो भनेर विश्वले याद गरेको छ ।

**कत्तिको आत्मविश्वास थियो ?**

प्रतिस्पर्धामा जानुअघि मलाई विश्वास के थियो भने आफ्नो मेहनत, टिमको मेहनत र इमान्दारीपूर्वक काम गरेकाले हाम्रो प्रस्तुतिमा कुनै कमी रहनेछैन । र, कमी रहेन जस्तो पनि लाग्छ । विश्वास थियो कि हाम्रो प्रस्तुत निकै राम्रो हुनेछ । नतिजा त निर्णायकको हातमा हुन्छ । तर, आफ्नो तर्फबाट यो ठाउँमा चुक्यौं भन्नेचाहिं हुन दिंदैनौं भन्ने थियो ।

**यो एवार्डपछि मिस वर्ल्ड आयोजकबाट तपाईंलाई कस्तो सहयोग हुन्छ ?**

मिस वर्ल्ड भनेको यस्तो ब्रान्ड हो कि उसले रिकग्नाइज गरेर मान-सम्मान दिइसकेपछि विश्वको आँखा नेपाल पुगेको छ । यसले हाम्रो सोल्सिड प्रोजेक्टलाई अझ ठूलो रूपमा विस्तार गर्न सहयोग पुर्‍याउँछ भन्ने अपेक्षा छ । हाम्रो हेलम्बुको कम्युनिटी प्रोजेक्ट सबलीकरण परियोजना हो । हामीले परियोजनामार्फत आय आर्जनका स्रोतको बाटो खोलेका छौं । गलैंचा मैनबत्तीजस्ता उत्पादन गरेका छौं । अब बजार विस्तार हुनेमा आशावादी छु ।

**अब नेपालले मिस वर्ल्ड जित्ने दिन कहिले आउला ?**

हरेक वर्ष नेपालले उत्कृष्ट पर्फमेन्स दिंदादिंदै किन टप ५ मा पुगेन भनेर प्रश्न आउँछ ? मेरो आफ्नो पनि यही प्रश्न छ । पहिला हामी जजहरूबाट स्कोर सिट पाउँथ्यौं तर अहिले स्कोरसिट दिइन्न वा पारदर्शी देखिन्न । केको आधार र क्राइटेरियाले टप ५ छानिदिनुभयो भन्ने थाहा हुँदो हो त आफ्नो तयारी अझ राम्रोसँग गर्न सक्थ्यौं । साँच्ची भन्ने हो भने आफ्नो देशका रूपमा, व्यक्ति र टिमका रूपमा राम्रो प्रस्तुति दियौं जस्तो लाग्छ । यदि हामीलाई यो विधामा राम्रो गर्नु भनेर टिप्पणी वा फिडब्याक आउने हो भने झन् बढी गर्न सक्थ्यौं । ताज जित्ने दिन आउँछ तर आफ्नोतर्फबाट गर्व हुने गरी प्रस्तुति दिनचाहिं छाड्नु हुन्न । तर मानिसहरूले यसरी पनि भाग लिन जानु राम्रो हो त भन्नुहुन्छ । म भन्छु, हरेक वर्ष जानु नै पर्छ । किनभने ताज त एउटा पाटो हो, तर अदृश्य ताज लिएर हामी बर्सेनि फर्कन्छौं । मिस वर्ल्ड महोत्सव सुरु भएपछि हामीले जातीय कुरा, रूपको कुरा गरेनौं । बरु नेपाल र विश्वभरका सबैले

मध्यपृष्ठमा ब्लोअप

यसलाई सकारात्मक रूपले हेर्‍यौं । त्यसकारण एकता र सकारात्मक सोचवृद्धिका लागि मिस वर्ल्ड एउटा बहाना हुन सक्छ र सधैं जानुपर्छ भन्ने लाग्छ ।

**इभेन्टको अनुभव कस्तो रह्यो ?**

निकै रमाइलो, राम्रो र धेरै कुरा सिक्ने मौका पाएँ । २१ दिनसम्म १ सय २५ देशका प्रतिनिधिसँग बिहान ६ बजेदेखि १२ घण्टासम्म सँगै काम गर्‍यौं । रिहर्सल गर्‍यौं, खान्थ्यौं, हाँस्थ्यौं । एक-अर्काको देश, रहनसहन, संस्कृतिका बारेमा कुरा गर्‍यौं । यसले व्यक्तिगत नाता मात्र गाँसिएन, देशका रूपमा पनि नाता गाँस्न पुग्यौं । सहभागी प्रतिस्पर्धी र आयोजकहरूले फर्कंदा आएको भन्दा धेरै कुरा सिकेर अझ प्रोत्साहित व्यक्ति बनेर फर्कियौं जस्तो लाग्छ । सामाजिक सञ्जालमा हामीले मानसिक स्वास्थ्यबारे १० मिनेटको भिडियो राखेका थियौं, धेरै युवायुवती प्रभावित भए । हामी प्रतिस्पर्धीहरूले मेन्टल हेल्थका बारेमा खुलेर बोल्यौं । मैले आफ्नो कथा सुनाएँ, अरू प्रतिस्पर्धीको पनि कथा सुनें । मलाई घत लागेको कुरा के भने घरेलु र महिला हिंसा हाम्रो समाजमा मात्र हुन्छ कि जस्तो लाग्थ्यो, तर विकसित देशमा पनि हुने रहेछ । के कारणले ती देशमा हुने रहेछ र हाम्रोमा के कारणले भइरहेछ भन्नेबारे धेरै कुरा आदान-प्रदान भयो । सबैभन्दा मनमा लागेको कुरा, यौन हिंसाको । सहभागी कति त आफैं पनि यौन हिंसाका पीडित रहेछन् । नेपालसँग मिल्दोजुल्दो मुद्दामा सहकार्य गर्नेबारे पनि कुराकानी भयो ।

**तपाईंले प्रशिक्षण अवधिभर आफ्ना प्रतिस्पर्धी साथीहरूमाझ नेपाललाई कुन हिसाबले चिनाउनुभयो ?**

नेपाल सुन्दर र विविधताको देश भनेर धेरैले चिन्नुभयो । हामीले परिचय भिडियोमा पनि हिमाल, पहाड, तराई दर्साएका थियौं । साथीहरू नेपाल कता छ भनेर सोध्थे । मैले नेपालको व्याख्या गरिदिंदा सबै जना प्रभावित भए । हाम्रो पृथक् झन्डा छ, कुमारी छन् र भौगोलिक रूपमा सानो भए पनि मौसम, खानेकुरा, संस्कृति र वेशभूषामा विविधता छ भन्ने सुनेर उनीहरू अचम्म मान्थे । एकपटक नेपाल जानैपर्छ भन्ने फिल उनीहरूमा भएको छ । मैले नेपाल भ्रमण वर्षको प्रवर्द्धन मात्र गरिनँ, नेपाल ठाउँ होइन, अनुभव हो । हिमाल हेर्न होइन, महसुस गर्न जाने देश हो नेपाल भनेर व्याख्या पनि गरें ।

**ग्रान्ड फिनालेमा हलभित्र तपाईंका शुभचिन्तक नेपालीहरूको भीड देख्दा कस्तो लाग्यो ?**

एकदम गद्गद् भएँ । हरेक रोमा बसेका नेपालीसँग युनिक झन्डा देखेर आत्मविश्वास बढ्यो । अधिकांशले नेपालको झण्डा हल्लाएर हौसला दिंदा हुटिङ गरेको देखेर थप शक्ति, ऊर्जा आइरहेको महसुस भयो ।

**'स्टेजमा उत्रँदा ...नर्भसनेस' महसुस भएन ?**

देशको आशा बोकेर हिंडेको छु भन्ने सोच्दा डर लाग्दो रहेछ । परिचय राउन्डमा २० सेकेन्डभित्र आफ्नो देशको पहिचान दर्साउनुपर्ने थियो । मैले थारु संगीत र नाच प्रस्तुत गरें । इभेन्ट प्रशिक्षणभर पनि मैले हरेक सेग्मेन्टमा नेपालको विभिन्न भाग र वेशभूषा देखाउने प्रयत्न गरें । पहिरनमा पहिचान भन्ने मूलमन्त्रसहित फिनाले गाउन मैले हातले बुनेको नेपाली ढाकाको लगाएको थिएँ । महिला सबलीकरण कार्यक्रमबाट उत्पादित थियो उक्त ढाका ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **राजाराम गौतम**